# दीनानाथ शर्माको "तरङ्ग" कविता सङ्ग्रहमा प्रगतिवादी चेतना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत
नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्र (५१०-१) को
निर्धारित पाठ्यांश परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी
माधव चापागाईं
क्रमाङ्कः १२/२०७१
त्रि.वि.दर्ता न.: ६-३-४८-२५४४-२०१४
द्वितीय वर्षको परीक्षा क्रमाङ्क : ४८०००८

नेपाली विभाग,
पृथ्वीनारायण क्याम्पस
पोखरा

२०७६


दीनानाथ शर्माको तरङ्ग कविता सङ्ग्रहमा प्रगतिवादी चेतना
माधव चापागाईं
२०७६

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय, पृथ्वीनारायण क्याम्पसअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्र (५१०-१) को प्रयोजनको लागि समूह २०७१/०७२, क्रमाङ्क - १२ का छात्र माधव चापागाईंले **दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना** शीर्षकको शोधपत्र मेरा निर्देशनमा सम्पन्न गर्नुभएको हो । उहाँले तयार पार्नुभएको यस शोधपत्रबाट म सन्तुष्ट भएको हुँदा आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

दिनाङ्क : वि.सं. २०७६/१०/२१

सन् : ०४/०२/ २०२०

....................................

शोध निर्देशक

(सह प्रा.डा.पुण्यप्रसाद शर्मा)

नेपाली विभाग,

पृथ्वीनारायण क्याम्पस,

पोखरा

# कृतज्ञता ज्ञापन

**"दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना"** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, द्वितीय वर्षको दसौं पत्र (५१०-१) को परिपूर्तिका लागि तयार पारेको हुँ ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू सह प्रा. डा. पुण्यप्रसाद शर्माज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यस शोधकार्यका विभिन्न जटिल अवस्थाहरूमा आफ्नो व्यस्तताका बाबजुद पनि अत्यन्त मिहिनेतका साथ निरन्तर रूपमा मार्गनिर्देशन र आवश्यक सहयोग प्रदान गर्नुभएकामा आदरणीय गुरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधपत्र निर्माण एवं यसको उचित व्यवस्थापनमा आवश्यक सहयोग पुऱ्याउनुहुने नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरू सह प्रा. कृष्णप्रसाद पौडेलज्यूप्रति पनि आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा विविध पक्षबाट सहयोग एवं अध्ययनका लागि ऊर्जा थपिदिनुहुने मातापिता र सम्पूर्ण गुरूवर्गप्रति कृतज्ञ छु । त्यस्तै शोधपत्र निर्माणकै सिलसिलामा अत्यन्त उपयोगी पुस्तक, पत्रपत्रिका एवं आवश्यक सन्दर्भ सामग्रीहरू उपलब्ध गराइ सहयोगी भूमिका खेलिदिने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय, पृथ्वीनारायण क्याम्पस पोखराका कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्दछु । त्यसै गरी आफ्नो जीवनकालका महत्त्वपूर्ण जानकारी उपलब्ध गराई यस शोधकार्यलाई मूर्तरूप प्रदान गर्न आवश्यक समय उपलब्ध गराउनुहुने शोधनायक आदरणीय व्यक्तित्व दीनानाथ शर्माप्रति आभारी छु ।

यस शोधपत्रलाई यस रूपमा ल्याइपुऱ्याउन हरतरहबाट उल्लेख्य सहयोग गर्ने मेरी धर्मपत्नी इन्दिरा शर्मा, दाजु कृष्ण चापागाईं, दिदी दिक्षा चापागाईं (पौडेल), सहृदयी मित्रहरू र सप्रेम अध्ययन कार्यमा अभिप्रेरित गरी उत्साह थप्ने प्यारा भाइहरू गोविन्द चापागाई र शिव चापागाईंप्रति चिरऋणी छु ।

अन्त्यमा यस शोधपत्रलाई समुचित मूल्याङ्कनका लागि नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

मिति : वि.सं २०७६/१०/२१
सन् ०४/०२/२०२०

..................................

माधव चापागाईं
क्रमाङ्क : १२/२०७१
त्रि.वि.दर्ता न. : ६-३-४८-२५४४-२०१४
द्वितीय वर्षको परीक्षा क्रमाङ्क : ४८०००८
नेपाली विभाग,
पृथ्वीनारायण क्याम्पस, पोखरा

# विषय सूची


*निर्देशकको सिफारिस*

*स्वीकृति पत्र*

*कृतज्ञता ज्ञापन*


## परिच्छेद-एक

## शोधको परिचय


१.१ शोध शीर्षक १

१.२ शोध प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्या कथन २

१.५ उद्देश्य २

१.६ पूर्वकार्यको विवरण २

१.७ शोधको औचित्य र महत्व ४

१.८ शोध कार्यको सीमा र क्षेत्र ४

१.९ सामग्री सङ्कलन विधि ४

१.१० शोधपत्रको रूपरेखा ५


## परिच्छेद-दुई

## नेपाली कवितामा प्रगतिवादी चिन्तन परम्परा र विकासक्रम


२.१ प्रगतिवादको सैद्धान्तिक अवधारणा ६

२.१.१ प्रगतिवादको परिचय ६

२.१.२ प्रगतिवादको दार्शनिक अवधारणा ८

२.१.२.१ द्वन्द्वात्मक भौतिकवादी चिन्तन १०

२.१.२.२ ऐतिहासिक भौतिकवादी चिन्तन ११

२.१.३ प्रगतिवादका प्रमुख प्रवृत्तिहरू १३

२.१.३.१ यथार्थवादी दृष्टिकोण १३

२.१.३.२ वैचारिक प्रतिबद्धता १४

२.१.३.३ मानवीय मूल्य र सौन्दर्यप्रति आस्था १४
२.१.३.४ इतिहास चेतना र भविष्यप्रति आशा १५
२.१.३.५ वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वास १५
२.१.३.६ सामन्तवाद पुँजीवाद विरोधी स्वर १६
२.१.३.७ धार्मिक अन्धता र ईश्वरीय सत्ताप्रति अविश्वास १७
२.२ प्रगतिवादी साहित्यपरम्परा १७
२.२.१ मार्क्सपूर्वको प्रगतिवादी चिन्तनपरम्परा १८
२.२.२ मार्क्सोत्तर प्रगतिवादी चिन्तनपरम्परा १९
२.२.२.१ साहित्यिक चिन्तनपरम्परा २०
२.२.२.२ साङ्गठनिक चिन्तनपरम्परा २१
२.२.२.३ नेपाली प्रगतिवादी कवितापरम्परा २२

## परिच्छेद तीन

## दीनानाथ शर्माको जीवनी, व्यक्तित्व र काव्ययात्रा

३.१ दीनानाथ शर्माको परिचय २९
३.१.१.जन्म र बाल्यकाल २९
३.१.२. शिक्षा दीक्षा २९
३.१.३. विवाह तथा पारिवारिक जीवन ३०
३.१.४ साहित्यिक प्रेरणा र पृष्ठभूमि ३०
३.१.५ लेखन आरम्भ प्रकाशित रचना/कृति ३२
३.१.६ पेसा ३२
३.१.७. भ्रमण ३३
३.१.८ सेवा पुरस्कार ३४
३.२ व्यक्तित्व ३४
३.२.१ कवि व्यक्तित्व ३५
३.२.२ सामाजिक एवं राजनैतिक व्यक्तित्व ३६
३. ३ काव्ययात्रा ३७

## परिच्छेद चार

## दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना


४.१ तरङ्ग कविता सङ्ग्रहको अध्ययन ४०

४.१.१ परिचय ४०

४.१.२ शीर्षक ४१

४.१.३ संरचना ४१

४.२ प्रगतिवादका मूलभूत सैद्धान्तिक मान्यताका आधारमा 'तरङ्ग' कविता सङ्ग्रहको विश्लेषण ४२

४.२.१ वैचारिक प्रतिबद्धता ४२

४.२.२ वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वास ४५

४.२.३ सामाजिक, आर्थिक, राजनैतिक विषमताको विरोध ४८

४.२.४ मानवीय मूल्य र सौन्दर्यप्रति आस्था ५१

४.२.५ यथार्थवादी दृष्टिकोण ५३

४.२.६ श्रमको सम्मान ५५

४.२.७ सामन्तवाद, पुँजीवाद विरोधी स्वर ५८

४.२.८ परिवर्तनको चाहना ६१

४.२.९ भविष्यप्रति आशा ६६

४.२.१० सर्वहारा वर्गप्रति सहानुभूति ६८

४.२.११ इतिहासचेतना र भविष्यप्रतिको आशा ६८

४.२.१२ शोषणको विरोध ७१


## परिच्छेद-पाँच

## उपसंहार

### सारांश र निष्कर्ष


५.१ सारांश ७४

५.२ निष्कर्ष ७५

**परिशिष्ट**

**सन्दर्भ सूची**

# परिच्छेद-एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "दीनानाथ शर्माको **'तरङ्ग'** कविता सङ्ग्रहमा प्रगतिवादी चेतना" रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

दीनानाथ शर्मा नेपाली साहित्यका क्षेत्रमा परिचित साहित्यकार हुन् । धौलागिरी अञ्चल, बाग्लुङ जिल्ला, बा.न.पा. वडा नं.१२, अमलाचौरमा वि.सं. २००३ साल साउन ४ गते शुक्रबार बाबु शशिधर पाध्या र आमा यशोदा पाध्याका छोराको रूपमा उनको जन्म भएको हो । निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका शर्माले औपचारिक रूपमा कला र शिक्षाशास्त्रबाट स्नातक गरेका छन् । सानै उमेरदेखि साहित्यिक क्षेत्रमा लागेका शर्माले केही राजनीतिक कृतिहरूसहित, कविता, कथा, निबन्ध र नियात्रा विधामा कलम चलाएका छन् ।

विद्यालयकालदेखि साहित्यमा रूचि राखेका शर्माले विद्यार्थी अवस्थादेखि नै नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेको देखिन्छ । सन् १९६६ मा हाइस्कुलको परीक्षा दिन बनारस रहँदा धवलागिरी छात्रमण्डल गठनका लागि पहल गरेका शर्माले साहित्यिक पत्रिका 'सिर्जना' को सम्पादनका साथै 'गुलाबप्रति' कविता प्रकाशित गरेर साहित्य लेखन यात्रा सुरु गरेका हुन् । साहित्यका विविध विधामा कलम चलाउने शर्माका पाँचवटा राजनीतिक कृतिहरू **'सशस्त्र सङ्घर्षबारे विश्वसर्वहारा दृष्टिकोण'**(२०५६), **'संसदीय चुनाव बहिष्कार र उपयोगको प्रश्न'**(२०५६), **'युद्धविराम शान्ति वार्ता र अग्रगामी निकास सम्बन्धी विवादबारे'**(२०६०), **'युद्ध र शान्ति बिचको द्वन्द्वात्मक सम्बन्ध'**(२०६२), **'क्रान्तिकारी विद्रोहका आधारहरू'**(२०६३), जस्ता राजनैतिक चेतना मूलक कृतिहरू प्रकाशित छन् भने **'जीवन**

**यात्रा र जीवन'** (निबन्ध सङ्ग्रह २०६६), **'तरङ्ग'**(कविता सङ्ग्रह २०७०), **'अक्षरको खेती'** (निबन्ध सङ्ग्रह २०७१), **'यात्रा र अनुभूति'**(नियात्रा सङ्ग्रह २०७२), **'हिम फुलेको रात'**(निबन्ध सङ्ग्रह २०७२), **'कुलुङ्गाकी आमा'** (निबन्ध सङ्ग्रह २०७३), **'बाह्रखरीको बोटमुनि'**(निबन्ध सङ्ग्रह २०७४), लगायत कैयन लेख रचनाहरू मधुपर्क, गरिमा, गोरखापत्र आदि पत्रपत्रिकामा प्रकाशित छन् । उनका कृतिमध्ये प्रस्तुत शोधपत्रको मुख्य विषय वि.सं. २०७० सालमा प्रकाशित 'तरङ्ग' कविता सङ्ग्रहमा सीमित भई प्रगतिवादी चिन्तनका आधारमा अध्ययन विश्लेषण गर्नु रहेको छ ।

## १.४ समस्या कथन

"दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्गहमा प्रगतिवादी चेतना" शीर्षकको यस शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

क) प्रगतिवादको सैद्धान्तिक पक्ष के कस्तो छ ?

ख) दीनानाथ शर्माको जीवनी एवं साहित्यिक व्यक्तित्व के कस्तो छ ?

ग) शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना कुन रूपमा व्यक्त भएको छ ?

## १.५ उद्देश्य

शोध समस्याका प्रश्नहरूको समाधान गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य भएकाले प्रस्तुत शोधकार्य निम्न उद्देश्यहरूमा केन्द्रित रहेको छ ।

क) प्रगतिवादको सैद्धान्तिक पक्षको चिनारी दिनु ।

ख) दीनानाथ शर्माको जीवनी एवं साहित्यिक व्यक्तित्वका बारेमा प्रकाश पार्नु ।

ग) दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहलाई प्रगतिवादका आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

दीनानाथ शर्माका 'तरङ्ग' कविता सङ्ग्रहका अतिरिक्त निबन्ध, नियात्रा, र राजनीतिक कृतिहरूका साथै विभिन्न पत्रपत्रिकामा लेखरचनाहरू प्रकाशित छन् भने केही कथा र उपन्यासहरू द्वन्द्वकालमा नष्ट भएको जानकारीमा आउँछ । यिनका कविताहरूको विश्लेषण गरी मूल्य निर्धारण गर्ने कार्य हालसम्म हुन सकेको छैन । तसर्थ यो नवीन कार्य हो । केही पत्रपत्रिका र पुस्तकका भूमिकामा यिनका रचना र राजनैतिक व्यक्तित्वका

सम्बन्धमा सामान्य टिप्पणीहरू भने नभएका होइनन् तर पनि शर्माका कविताहरूको विश्लेषण र साहित्यिक व्यक्तित्वको चर्चामा ती टिप्पणीहरू पर्याप्त छैनन् । उनका विषयमा गरिएका केही समीक्षात्मक विवरणहरू यसप्रकार छन् ।

क) डोलिन्द्र प्रसाद शर्माले 'तरङ्ग' कविता सङ्ग्रहको प्रकाशकीय खण्डमा साहित्य नलेखिएका इतिहासको स्रोत हो, चल्दै गरेको राष्ट्र प्रेमको मुटु हो, परिवर्तन खोज्ने आँखाहरूको भाषा हो अथवा दीनानाथ शर्माले जोगाएर बचाएर ल्याएको तरङ्ग हो भनेर चर्चा गरेका छन् ।

शर्मा, २०७०, तरङ्ग-प्रकाशकीय खण्ड

ख) हरिहर खनालले 'मधुपर्क २०७२' असोजमा दीनानाथ शर्मालाई विशिष्ट श्रेणीका सर्जक र अध्येता हुन् भन्दै निबन्धकार व्यक्तित्व र 'यात्रा र अनुभूति' निबन्ध सङ्ग्रहमा केन्द्रित भई प्रस्तुत निबन्ध सङ्ग्रहको बारेमा समीक्षात्मक टिप्पणी गरेका छन् ।

खनाल, २०७२ मधुपर्क

ग) प्रा.डा.जगदीश भण्डारीले 'तरङ्ग' कविता सङ्ग्रहको विमोचन कार्यक्रममा बोल्दै साहित्यमा मानिसका सङ्घर्षहरूको खोजी गर्दै सर्वहारावर्गका पक्षमा तर पुँजीवादी लोकतन्त्रका विरुद्धमा चलेका बहसहरूको भाव समेटिएका तरङ्गहरूको सङ्ग्रह हो यो, शर्माको 'तरङ्ग' कविता सङ्ग्रह भनेर समीक्षात्मक टिप्पणी गरेका छन् ।

भण्डारी, २०७० चैत्र, विमोचन कार्यक्रम

घ) प्रदीप नेपालले 'तरङ्ग' कविता सङ्ग्रहको विमोचन कार्यक्रममा राजनीति खस्रो हुन्छ । साहित्य सुन्दर हुन्छ । त्यसैले राजनीति साहित्य भित्रै बाँच्छ । राजनीति आवधिक हुन्छ । साहित्य शाश्वत हुन्छ । सङ्घर्षमा खारिएका मान्छेहरूले नै सुन्दर रचना सिर्जना गर्छन् तसर्थ कवि शर्माका खारिएका र परिपक्व सिर्जनाहरूको सङ्ग्रह हो, 'तरङ्ग' कविता सङ्ग्रह । राजनीति र राष्ट्र बचाउन यो कवि चाहिन्छ, भनेर समीक्षा गरेका छन् ।

नेपाल, २०७० चैत्र, विमोचन कार्यक्रम

ङ) डा.बाबुराम भट्टराई'तरङ्ग' कविता सङ्ग्रहको विमोचन कार्यक्रममा कविता सुन्दर अभिव्यक्तिको माध्यम हो, कवि र कविता समाज परिवर्तनका साधन हुन् । कविता विचार, भावना र शैलीको एउटा सुन्दर शिल्प पनि हो भन्दै समीक्षा गरेका छन् ।

भट्टराई, २०७० चैत्र, विमोचन कार्यक्रम

समग्रमा हेर्दा शर्माका कविताहरूको बारेमा यी उल्लिखित छिटपुट समीक्षात्मक टिप्पणी र व्यक्तिगत मन्तव्य बाहेक गहन एवं विस्तृत रूपमा अध्ययन एवं विश्लेषण भएको पाइँदैन । तसर्थ यस कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा प्रगतिवादी चेतना के कसरी रहेको छ भन्ने कुरालाई प्रगतिवादी मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

## १.७ शोधको औचित्य र महत्त्व

दीनानाथ शर्माको नेपाली साहित्यका विविध विधामा महत्त्वपूर्ण योगदान रहेको छ । शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा सङ्कलित कवितालाई प्रगतिवादी मान्यताका आधारमा विश्लेषण गर्दा अनुसन्धानको नयाँ क्षेत्र अघि आउने हुदाँ यस शोधपत्रको पहिलो औचित्य पुष्टि हुन्छ, भने उनको जीवनी एवं साहित्यिक व्यक्तित्व स्पष्ट पार्दा नयाँ प्रतिभाको पहिचान हुनेहुदाँ यस शोधपत्रको दोस्रो औचित्य पुष्टि हुन्छ, साथै शर्माका बारेमा जिज्ञासा राख्ने जिज्ञासुहरूलाई जिज्ञासा मेटाउन सहयोग गर्ने र शर्माका अन्य विधाहरूको अध्ययनका लागि पनि जानकारी मिल्न सक्ने भएकाले यो शोधपत्रको औचित्य पुष्टि हुन्छ ।

## १.८ शोधकार्यको सीमा र क्षेत्र

शर्मा कविताका अतिरिक्त निबन्ध, नियात्रा, कथा आदि विधामा कलम चलाउने व्यक्तित्व हुन् । उनले साहित्यिक, राजनीतिक एवं सामाजिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । प्रस्तुत शोधपत्र दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा रहेको प्रगतिवादी चेतनाको विश्लेषण गरी तीनमा प्रकट भएको प्रगतिवादी चिन्तनलाई प्रगतिवादी मूलभूत मान्यताका आधारमा प्रष्ट पारिएको छ । शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूको विश्लेषण प्रगतिवादी मान्यताका आधारमा गर्नु यस शोधपत्रको सीमा भएकाले शर्माका अन्य साहित्यिक कृति र राजनैतिक कृतिहरू कृतिगत सीमा हुन् भने प्रगतिवादी मान्यता बाहेकका सैद्धान्तिक मान्यता पनि यस शोधपत्रका सीमा हुन् ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलन र विश्लेषण पुस्तकालयीय विधिबाट गरिएको छ । शर्माको जीवनी पक्षको अध्ययन भने शोधनायकसँग लिखित एवं मौलिक

प्रश्नावली मार्फत गरिएको छ । यस शोधपत्रमा शोधनायकको जीवनी एवं व्यक्तित्व जस्ता पक्षहरू वर्णनात्मक पद्धतिमा आधारित रहेका छन् भने 'तरङ्ग' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूको विश्लेषण प्रगतिवादी मान्यतामा आधारित भई विश्लेषणात्मक पद्धतिद्वारा गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

"दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना" शीर्षक रहेको यस शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

**परिच्छेद एक** : शोधको परिचय (यस परिच्छेदमा शोध कार्यका लागि प्रस्तुत शोध कार्यको परिचय प्रस्तुत गरिएको छ) ।

**परिच्छेद दुई** : नेपाली कवितामा प्रगतिवादी चिन्तन परम्परा र विकासक्रम (यस परिच्छेदमा प्रगतिवादको परिचय, दार्शनिक आधार, प्रमुख प्रवृत्तिहरू, प्रगतिवादी साहित्यिक परम्परा र प्रगतिवादी नेपाली कविता परम्परा एवं विकासक्रमका बारेमा अध्ययन विश्लेषण गरिएको छ) ।

**परिच्छेद तीन** : दीनानाथ शर्माको जीवनी, व्यक्तित्व र काव्ययात्रा (यस परिच्छेदमा दीनानाथ शर्माको संक्षिप्त परिचय प्रस्तुत गर्दै उनको काव्ययात्राको बारेमा चर्चा गरिएको छ) ।

**परिच्छेद चार** : "दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना" (यस परिच्छेदमा दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा रहेको प्रगतिवादी चेतना प्रगतिवादका मूलभूत मान्यताका आधारमा विश्लेषण गरिएको छ) ।

**परिच्छेद पाँच** : उपसंहार (यस परिच्छेदमा प्रत्येक परिच्छेदको सारांश समेटी समग्र शोध कार्यको निष्कर्ष प्रस्तुत गरिएको छ) भने त्यसपछि क्रमशः परिशिष्ट र सन्दर्भ सूची राखिएको छ ।

यसप्रकार प्रस्तुत परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उप-शीर्षकहरूमा विभाजन गरिएको छ । सन्दर्भ सूची अन्तर्गत यस शोधपत्र तयार पार्दा उपयोग गरिएका पुस्तकाकार कृति, पत्रपत्रिका र लेख-रचनाहरूको विवरण उल्लेख गरिएको छ ।

# परिच्छेद-दुई

## नेपाली कवितामा प्रगतिवादी चिन्तन परम्परा र विकासक्रम

### २.१ प्रगतिवादको सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययन दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा पाइने प्रगतिवादी चेतनामा केन्द्रित छ । प्रगतिवादी चिन्तनका आधारमा कृतिको विश्लेषण गरिने हुँदा प्रगतिवादको सैद्धान्तिक पक्षको प्रारूप ढाँचा तयार गर्नु आवश्यक छ । तसर्थ प्रगतिवादको परिचय प्रस्तुत गर्दै यसका प्रचलित सैद्धान्तिक मान्यताका आधारहरू तथा परम्परालाई यहाँ प्रस्तुत गरिएको छ ।

### २.१.१ प्रगतिवादको परिचय

शाब्दिक अर्थमा प्रगति शब्दले राम्रोसँग अगाडि बढ्ने प्रक्रियालाई बुझाउँछ, भने वाद भन्नाले तत्त्वदर्शीहरूले निश्चित गरेको कुनै मत वा सिद्धान्तलाई बुझिन्छ । अंग्रेजी भाषामा प्रोग्रेसिज्म भनेर चिनिने प्रगतिवादले उन्नति, अग्रगति वा विकास भन्ने बुझाए पनि यसको सामान्य अर्थ समाज वा साहित्यलाई उत्तरोत्तर प्रगतितर्फ अगाडि बढाउँदै लैजानमा नै हित मान्ने सिद्धान्त हो (प्रधान, २०६२:३२८) ।  साहित्यमा प्रगतिवाद भन्नाले वस्तुतः कार्लमार्क्स र फ्रेडेरिक एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भैतिकवादी विश्वदृष्टिकोणको द्योतक हो यो निश्चित दार्शनिक र सैद्धान्तिक मान्यतासित सम्बन्धित वाद भन्ने बोध हुन्छ ( बराल, २०४९:१) । समाज र जीवनको  यथार्थलाई स्वीकार गरेर त्यसलाई यथावत् प्रस्तुत गर्नु सामाजिक यथार्थवाद हो भने त्यस यथार्थलाई क्रान्तिकारी विकासका सन्दर्भमा चित्रण गर्नु समाजवादी यथार्थवाद हो र यही समाजवादी यथार्थवादलाई नै साहित्यमा प्रगतिवाद भनिन्छ (जोशी, २०६६:५७) । यसरी हेर्दा प्रगतिवाद भन्नाले समाज र जीवनको यथार्थलाई प्रस्तुत गर्दै त्यस समाजलाई उत्तरोत्तर प्रगतिको मार्गमा डोऱ्याउने मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित एउटा सैद्धान्तिक मान्यता भन्ने बुझिन्छ ।

प्रगतिवादलाई राम्ररी बुझ्न मार्क्सवादी दर्शनलाई बुझ्न जरुरी छ यो देश, कालअनुसार विभिन्न नामले चिनिन्छ । यसलाई मार्क्सवादी साहित्य, समाजवादी यथार्थवाद, क्रान्तिकारी साहित्य, सर्वहारावादी साहित्य समेत भनेको पाइन्छ । नेपाली साहित्य जगतमा भने मार्क्सवादका मौलिक सिद्धान्तलाई आधार मानेर सिर्जना गरिने साहित्यलाई मार्क्सवादी

साहित्य भनिन्छ र यसैको समानार्थी शब्दका रूपमा प्रगतिवादी साहित्यलाई लिइन्छ ( अधिकारी, २०५६:१) । वास्तवमा प्रगतिवादी साहित्य र प्रगतिशील साहित्यमा फरक छ । प्रगतिवाद सधै मार्क्सवादी विश्वदृष्टिकोणमा आधारित हुन्छ तर प्रगतिशीलतामा यथास्थितिको सामान्य विरोधमा देखा पर्छ र यो समयक्रमसंगै प्रतिक्रियावादी र प्रतिगामी पनि हुन सक्छ । प्रगतिशील साहित्य पुँजीवादको विरोधी नहुन पनि सक्छ । यस साहित्यमा यथास्थितिको सामान्य विरोध देखिए पनि यसमा निश्चित दार्शनिक प्रतिबद्धता रहँदैन ( प्रभात, २०६३:१५) भने प्रगतिवादले अन्धविश्वास र ईश्वर भन्दा इतर मानवीय चेतनामा विश्वास, धार्मिक आडम्बर, पाखण्डी भाग्यवादको विरोध, श्रम र भौतिक संसारप्रति विश्वास राख्छ । मान्छेले मान्छेद्वारा मान्छेमाथि गरिने शोषण, दमन र थिचोमिचोको विरोध गर्दै स्वच्छ, स्वस्थ र सुन्दर समाज निर्माणमा लागि जुट्न आह्वान गर्दछ ।

प्रगतिवादी साहित्य सामन्तवाद, पुँजीवाद र साम्राज्यवाद जस्ता शोषणमूलक व्यवस्थाको विरोधमा उत्रन्छ र द्वन्द्वात्मक भौतिकवादी जीवन दर्शनमा पूर्णतः आश्रित हुन्छ । यो आशामुखी हुन्छ । यसले युद्ध र हिंसाको अन्त्य चाहान्छ, समाजवादी राज्य व्यवस्थाको पक्ष लिदैं शोषणविहीन, वर्गविहीन सामाजिक संरचना निर्माणका लागि सुस्पष्ट दार्शनिक सोच जनप्रतिबद्धता र मानव कल्याणको केन्द्रमा प्रगतिवाद रहन्छ (प्रभात, २०६३:१६) । पाश्चात्य साहित्यमा परिष्कारवाद स्वच्छन्दतावाद, यथार्थवाद, हुँदै प्रगतिवादको प्रादुर्भाव भएको हो । परिष्कारवादको विरुद्ध यथार्थवाद आए जस्तै यथार्थवादका विरुद्ध प्रगतिवाद आएको भने होइन । प्रगतिवाद त यथार्थवादलाई आफै भित्र समेटेर त्यस भन्दापनि गहिरो रूपमा यथार्थको व्याख्या गर्ने प्रामाणिक र वस्तुगत सिद्धान्त बनेर सर्वहारा वर्गको पक्ष लिँदै अगाडि बढेको छ (गौतम, २०४९:६) । यथार्थवाद कै उच्चतम उत्पादन प्रगतिवाद हो । यो श्रमजीवी जनताका आडमा हुर्किएको छ । दर्शन, साहित्य, कला, भाषा र विज्ञानका नयाँ-नयाँ चिन्तन र आविष्कारहरूले गर्दा प्रगतिवाद जनजागरणका लागि हतियार बनेको छ ।

यस किसिमको साहित्यले जनतालाई सचेत र सङ्गठित पार्न, कुसंस्कारका विरुद्ध लड्न, श्रमप्रतिको आस्था जगाउन, न्याय र समानताका लागि जुट्न लिङ्ग, जाति, वर्ग, र वर्णको भेदभाव विरुद्धमा समानताको विगुल फुक्न सहयोग गरेको छ (प्रभात, २०६३:१८) । कार्ल मार्क्स र फ्रेडेरिक एङ्गेल्सद्वारा प्रतिपादित यो मान्यता लेनिन स्टालिन, माओत्सेतुङ् जस्ता राजनीतिक विचारक, रुसी गेओर्गी, प्लेखानोभ, आनातोली, लुनाचार्स्की, म्याक्सिम गोर्की, हङ्गेरियन जर्ज लुकास, ब्रिटिस राल्फ फक्स, क्रिस्टोफर कड्वेल, जर्ज थमसन,

अमेरिकी हावर्ड फास्ट, चिनिँया लुस्युन र भारतीय डा. मैनेजर पाण्डे जस्ता साहित्यिक स्रष्टा एवं दृष्टाबाट स्वीकृत एवं सम्बन्धित हुँदै आएको हो (बराल, २०४९:३) । त्यसैले प्रगतिवादी साहित्यिक मान्यता वामपन्थी राजनैतिक विचारबाट प्रभावित देखिन्छ ।

साहित्य र कलामा समाजको प्रतिबिम्व देखिने गर्दछ । ठुला जाति र साना जाति, गोरा वर्ण र काला वर्ण, धनी र गरिब आदि विभिन्न तह र तप्काका मानिसहरूको सम्मिश्रणबाट हाम्रो समाजको निर्माण भएको छ । सामन्तवादमा मुठीभर जमिनदार र कुलीन वर्ग व्यापक किसानहरूमाथि अन्याय गर्छन् । पुँजीवादमा मुठीभर पुँजीपतिहरू व्यापक रूपमा श्रमजीवी जनतालाई नाफा र पुँजी थुपार्नका लागि अन्यायपूर्ण तरिकाले शोषण गर्दछन् । प्रगतिवादीहरू यी दुवै किसिमका व्यवस्थालाई नङ्ग्याउने, निन्दा गर्ने र निर्मूल पार्ने किसिमको साहित्य सिर्जना तथा प्रचारप्रचार गर्न चाहन्छन् । त्यसैले सामन्तवाद र पुँजीवादको विरोधी साहित्य तथा विचार धारा नै प्रगतिवादी विचारधारा हो । र यही जनकल्याणकारी एवं प्रगतिवादी विचार धाराको मर्म अनुसार साहित्य रचना गर्ने वा व्याख्या विश्लेषण गर्ने वाद नै प्रगतिवाद हो (अधिकारी, २०५५:२९) । धर्तीको तिर्खा मेट्न आकाशमा कुलो खन्ने सम्पूर्ण दर्शनहरूको विरोधी दर्शनका रूपमा मार्क्सवादी दर्शन उभिएको छ । यही मार्क्सवादी दृष्टिकोण नै दर्शनको क्षेत्रमा द्वन्द्वात्मक भौतिकवाद, राजनीतिको क्षेत्रमा साम्यवाद र साहित्यको क्षेत्रमा प्रगतिवाद हो (पोखेल, २०४०:७८) । साहित्यको काम सम्पूर्ण समाज र मानवको चित्र उतार्नु हो, तर पनि अनेकौँ वर्गमा विभक्त यस समाजमा ती सबैको चित्रण सम्भव नहुँदा प्रगतिवादी साहित्यले सर्वहारावादी मानवतालाई मात्र प्रस्तुत गर्दछ (गौतम, २०४९:१९९) । यति हुँदाहुँदै पनि कतिपय विद्वानहरूले प्रगतिशीलता र प्रगतिवादलाई एउटै विन्दुमा राखेर हेर्ने गर्छन् । यो उनीहरूको दृष्टि दोष मात्र हो । प्रगतिशीलता र प्रगतिवाद पर्यायवाची शब्द होइनन् । नेपाली साहित्यमा मार्क्सवादी दर्शन ग्रहण गरेर लेखिएका कला-सृजनाका सन्दर्भमा प्रगतिवाद शब्दकै व्यापक प्रयोग गरेको पाइन्छ (तिमल्सेना, २०६४:०५) त्यसैले सैद्धान्तिक रूपमा प्रगतिवाद शब्द प्रचलित र लोकप्रिय देखिन्छ ।

### २.१.२ प्रगतिवादको दार्शनिक अवधारणा

मार्क्सवादी विश्वदृष्टिकोणलाई प्रगतिवादको दार्शनिक अवधारणा भनिन्छ । तसर्थ मार्क्सवादी दृष्टिकोणलाई सर्वप्रथम बुझ्न जरुरी हुन्छ । मार्क्सवाद भनेको जीवन र जगतको

अध्ययन गर्ने वैज्ञानिक पद्धति हो । यस अन्तर्गत संसारलाई चिन्न र अध्ययन, विश्लेषण गर्न आवश्यक पर्ने समाजको अध्ययन गरिन्छ । जीवन र जगत्को अध्ययन गर्दा दर्शन राजनीति र अर्थशास्त्र जस्ता समाजसँग सम्बन्धित महत्त्वपूर्ण तीन पक्षबारे वैज्ञानिक धारणाको ज्ञान लिनु आवश्यक छ । यिनै तीन पक्षमा आजसम्म विकास भएका वैज्ञानिक धारणाहरूको योग नै मार्क्सवाद हो । यसले हामीलाई प्राकृतिक जगत् र मानव एवं समाजको स्तरोन्नतिपूर्ण कार्य सञ्चालन सम्बन्धी नियमको ज्ञान गराउँछ (अर्याल, २०४५:१) । प्रकृति र मानव समाजका यावत् घटना परिघटना या विकास प्रक्रियालाई बुझ्ने र विश्लेषण गर्ने चिन्तन पद्धति नै विश्वदृष्टिकोण हो (तिमल्सेना, २०६४:३०) । यसरी हेर्दा मार्क्सवादी विश्वदृष्टिकोण भन्नाले प्रकृति र मानव जगत् एवं समाजको विकास प्रक्रियालाई वैज्ञानिक तरिकाबाट बुझ्ने र विश्लेषण गर्ने पद्धति हो भन्ने स्पष्ट हुन्छ ।

यस चराचर विश्वब्रह्माण्ड सञ्चालनार्थ आवश्यक दुई तत्त्वहरू चेतना र भौतिक तत्त्वमा कुन बढी महत्त्वपूर्ण र अपरिहार्य छन् भन्ने बारेमा धेरै पहिलेदेखि नै चिन्तन मनन् भएको पाइन्छ । यी दुई तत्त्वहरूमा आ-आफ्ना धारणाहरू राख्दै अध्यात्मवादीहरू र भौतिवादीहरूका बिचमा सत्रौं र अठारौं शताब्दीमा ठुलो विरोध र सङ्घर्ष देखा पऱ्यो । अध्यात्मवादीहरूले चेतना तत्त्वद्वारा चराचर विश्वब्रह्माण्ड सञ्चालन भएको तथ्य अगाडि सार्छन् भने भौतिकवादीहरू भौतिक तत्त्वद्वारा सञ्चालन भएको मान्दछन् । उन्नाइसौं शताब्दीको पूर्वार्धमा मार्क्स र एङ्गेल्सले भौतिकवादको व्याख्या गरेबाट यी दुईमा स्पष्ट अन्तर देखियो (तिमल्सेना, २०६४:३०), भन्ने कुराले पनि प्रगतिवाद भौतिकवादसँग सम्बन्धित रहेको स्पष्ट हुन्छ ।

भौतिकवादी दृष्टिकोणका आधारमा मार्क्सवादलाई बुझ्न सकिन्छ । तसर्थ मार्क्सवादलाई भौतिकवादी दर्शनकै पर्यायका रूपमा लिइन्छ । भौतिकवादी भएकै कारण मार्क्सवादले अध्यात्मवादलाई नहेरी जीवन र जगत्को विकासलाई द्वन्द्वात्मक तरिकाले हेर्छ र समाजको विकास पक्रियालाई ऐतिहासिक रूपबाट हेर्छ । त्यसैले मार्क्सवादका दार्शनिक आधार पद्धतिका रूपमा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद देखिन्छन । यी दुवैलाई मिलाएर मार्क्सवादको दार्शनिक आधार द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद हो भन्न सकिन्छ त्यसैले मार्क्सवादलाई द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद पनि भन्ने गरेको पाइन्छ ( अधिकारी, २०५६:२) । मूलतः मार्क्सवाद जीवन र जगत्को व्याख्या गर्ने दर्शन हो । त्यसैले यसको कला साहित्यसँग सोझो सम्बन्ध हुदैंन तर मार्क्सवादले जीवन जगत्को व्याख्या गर्ने

र जीवन जगत्बाट नै कला साहित्यले पनि विषयवस्तु समेट्ने भएकाले यी दुई बिच सम्बन्ध रहेको छ । प्रगतिवाद मार्क्सवादी चिन्तनबाट कला साहित्यलाई चिन्तन गर्ने वाद हो र मार्क्सवादको दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । तसर्थ यिनीहरूका बिचको आन्तरिक सम्बन्धका कारणले गर्दा मार्क्सवादको सैद्धान्तिक आधार द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई प्रगतिवादी कला साहित्यको पनि दार्शनिक आधार मान्नुपर्ने देखिन्छ ।

### २.१.२.१ द्वन्द्वात्मक भौतिकवादी चिन्तन

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादको मुटु हो । यस दृष्टिकोण अनुसार हरेक घटनालाई द्वन्द्वात्मक तरिकाले हेर्ने र अध्ययन विश्लेषण गर्दछ भने भौतिकवादले भौतिक पद्धतिद्वारा घटनाको व्याख्या विश्लेषण गर्दछ (बराल, २०४९:४) । मार्क्सले जीवन र जगतको व्याख्या विश्लेषण गर्ने क्रममा यान्त्रिक भौतिकवादलाई आदर्श कै अर्को स्वरूप मान्दै भौतिक संसारको विश्लेषण गर्ने भौतिकवादको नै आवश्यकता पर्छ भनि द्वन्द्वात्मक भौतिकवादी दर्शनको प्रतिपादन गरेका हुन् र यो आजसम्म विकास भएका सवै दर्शनहरू मध्ये सबै भन्दा वैज्ञानिक दर्शन पनि हो (अर्याल, २०४७:१२) । द्वन्द्ववादले प्रकृतिका घटनामा निरन्तर परिवर्तन हुने र त्यो परिवर्तन हुनु भन्दा अगाडि त्यसमा रहेका आन्तरिक विरोधी शक्तिहरूका विरोधी तत्त्वहरूको सङ्घर्षले गर्दा नै प्रकृतिमा परिवर्तन वा विकास हुन द्वन्द्वात्मक प्रक्रियालाई बुझाउँछ (भण्डारी, २०५५:१२) । मार्क्सले हेगेलको यही द्वन्द्वात्मकता र द्वन्द्ववाद बिमुख तर चेतनाको अस्तित्वलाई अस्वीकार गर्ने जर्मन दार्शनिक फायरवाखको भौतिकवादी सिद्धान्तलाई स्वीकार गरी मार्क्सवादमा द्वन्द्वात्मक भौतिकवादलाई एक प्रमुख सिद्धान्त बनाए (अधिकारी, २०५६:२) । यसरी हेगेलको द्वन्द्ववाद र फायरवाखको भौतिकवादमा रहेका आदर्शवादी नैतिक र धार्मिक आवरण हटाएर त्यसमा एउटा सुसङ्गत र वैज्ञानिक रूप दिई मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादको स्थापना गरेका हुन् ( बराल, २०४९:४) । जुन मार्क्सवाद र यससँग सम्बन्धित कला साहित्यको पनि आधारभूत दृष्टिकोण बन्न पुगेको छ ।

द्वन्द्वात्मक भौतिकवादले चेतनालाई वस्तुको एक प्रकारको गुणका रूपमा लिन्छ तर अध्यात्मवादले वस्तुलाई चेतनाको उपज मान्दछ । भौतिकवादले अध्यात्मवादले झैं जगत्लाई मिथ्या र परम् तत्त्वलाई सत्य मान्दैन । यसले त वस्तुलाई नै अनादि अनन्त र

अविनाशी तत्त्वका रूपमा स्वीकार्छ । यसरी  द्वन्द्वात्मक भौतिकवाद अध्यात्मवादको ठिक विपरीत हुन्छ (गौतम, २०४९:२९) । अध्यात्मवादीहरू पहिले चेनताको प्रादुर्भाव भएको, त्यही चेतनाबाट नै जगत्को सृष्टि भएको र चेतनाबाट नै यो ब्रह्माण्ड सञ्चालित भएको मान्दछन् तर भौतिकवादीहरू भने यस ब्रह्माण्डलाई नै प्रमुख रूपमा लिन्छन् र अदृश्य चेतनाको अस्तित्व स्वीकार्दैनन् । भौतिकवादीहरू चेतनाद्वारा मानव अस्तित्व निर्धारण नभई सामाजिक भौतिक अवस्थाद्वारा चेतना निर्माण हुने कुरामा जोड दिन्छन् । यसरी हेर्दा द्वन्द्वात्मक भौतिकवादले प्रकृतिमा हुने परिवर्तनलाई मात्र नभई प्रकृति समाज, चेतना, उत्पत्ति र सौन्दर्य सन्बन्धी सम्पूर्ण धारणाहरूलाई वस्तुगत एवं वैज्ञानिक किसिमले अध्ययन गर्नु पर्नेमा जोड दिन्छ ।

द्वन्द्व र गतिशीलताकै कारण पदार्थमा परिवर्तन आइरहन्छ भन्ने मान्यता द्वन्द्वात्मक भौतिकवादको रहेको छ । 'विरोधीहरूको समागम' 'गुणात्मक  परिवर्तन' र 'निषेधको निषेध' गरी तीन ओटा परिवर्तनका नियम पदार्थमा आउने परिवर्तनका क्रममा देखा पर्छन् । द्वन्द्ववादको प्रमुख पक्षका रूपमा रहेको परिवर्तनका नियम अन्तर्गतका 'विरोधीहरूको समागम' नियगमले दुई विरोधी वस्तुहरूका विचमा सङ्घर्ष भएर एकता पनि हुन्छ र यसबाट नयाँ परिस्थिति, नयाँ स्वभाव र गुणको विकास हुन्छ भन्ने मान्यता राख्छ, भने 'गुणात्मक परिवर्तनको नियम' ले पदार्थमा परिवर्तनको आवश्यक मात्रा पुगेपछि मात्रात्मक परिवर्तन मात्र नआई गुणात्मक परिवर्तन पनि आउँछ भन्ने मान्यता राख्छ । यसैगरी 'निषेधको निषेध' नियमले प्रत्येक नयाँ पुस्तालाई नकारिरहेको हुन्छ भन्ने देखाउँछ ।

द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण भने कला-साहित्यका क्षेत्रमा समेत लागु हुने दृष्टिकोण हो । यसलाई 'निषेधको निषेध सम्बन्धी' दृष्टिकोण भनिन्छ । यसकै कारण नयाँ कला र साहित्यले पुरानोलाई निषेध गर्दै अगाडि बढेको छ र कला तथा साहित्यमा नयाँ-नयाँ प्रयोग र मान्यताहरूको विकास भएको छ ।

### २.१.२.२ ऐतिहासिक भौतिकवादी चिन्तन

अध्यात्मवादले भन्ने गरेको ईश्वरको चाहना बिना केही पनि हुन सक्दैन र ईश्वरको चाहनामा नै नयाँ इतिहास जन्मिन्छ भन्ने भनाइका विपरीत ऐतिहासिक भौतिकवादले इतिहास विकासको आफ्नै निश्चित पद्धति एवं प्रक्रिया छ भन्दछ । द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट सामाजिक जीवन र इतिहासको भौतिकवादी अध्ययन गर्ने सिद्धान्त नै

ऐतिहासिक भौतिकवाद हो । यस सिद्धान्तको सुरूवातले इतिहासको क्षेत्रमा क्रान्तिकारी फड्को मारेको छ (भण्डारी, २०५५:६) । समाज परिवर्तन र अग्रगामी प्रक्रिया कुनै अदृश्य शक्ति वा परम् चेतनाको नभई उत्पादन सम्बन्ध र उत्पादन शक्तिबीच श्रमसङ्घर्ष चल्दै त्यसबाट वर्गसङ्घर्षको बाटो हुँदै समाज विकसित हुन्छ भन्ने धारणा ऐतिहासिक भौतिकवादी सिद्धान्तको रहेको छ (बराल, २०४९:१०) । यही भौतिकवादी सिद्धान्तले नै वर्तमान समाजले उन्नयनको बाटो अवलम्बन गरेको पाइन्छ ।

कुनै पनि समाजमा रहेको उत्पादन-व्यवस्था, उत्पादन-प्रणाली र उत्पादन-शक्ति बीचको सम्बन्धले त्यो समाजको विकासमा प्रभाव पारेको हुन्छ । मानव जीवनको अस्तित्वका लागि अत्यावश्यक साधनहरूको उत्पादन र वितरण प्रक्रियाले त्यहाँको सामाजिक व्यवस्थाको निर्माण गर्दछ (तिमल्सेना, २०६४:२२) । हाम्रो समाजमा शोषण-शोषित, शासक-शासित, पुँजीपति-सर्वहारा आदि अनेकौँ वर्गहरू छन् । यी वर्गहरूबीच कहिल्यै पनि मेलमिलाप हुनै सक्दैन । यिनै दुई वर्गहरूबीच वर्गीय अन्तर्विरोध चर्किँदै जाँदा वर्गसङ्घर्ष सुरू हुन्छ (अर्याल, २०४७:३२) । अन्ततः त्यस युद्धमा सर्वहारा-निम्नवर्गको नै विजय हुन्छ । यही दृष्टिकोणलाई आत्मसात् गर्दै इतिहासको विश्लेषण गर्ने परिपाटीलाई नै ऐतिहासिक भौतिकवाद भनिन्छ । यो समाज विज्ञानको क्षेत्रमा मार्क्सवादको योगदान हो ।

निम्नवर्गको विजय हुने दुई वर्गबीचको सङ्घर्ष पूर्ण प्रक्रियासँगै हाम्रो समाजमा पनि परिवर्तत हुँदै आएको छ । यसरी विभिन्न समयमा परिवर्तित हुँदै वर्तमानसम्म आइपुगेको हालको समाजलाई मार्क्स र एङ्गेल्सले ऐतिहासिक भौतिकवादी अवधारणाबाट हेर्दै आदिम साम्यवादी युग, दास युग, सामन्ती युग, पुँजीवादी युग र साम्यवादी युग (बराल, २०४९:११) गरी पाँच ओटा चरणमा विभाजन गरेका छन् । हाम्रो समाज प्रारम्भमा साम्यवादी समाज थियो । यहाँको व्यवस्था पनि साम्यवादी थियो । यस युगलाई आदिम साम्यवादी युग भनियो । त्यसपछि क्रमशः दास युगको सुरुवात भयो । आफ्नो स्वार्थपूर्तिका लागि कमजोरहरूलाई दास बनाउने प्रचलनले हाम्रो समाजमा निकै जरा गाड्यो । त्यस युगको अन्त्यसँगै सामन्ती युगको सुरुवात भयो । यस युगमा मुठीभरका सामन्ती, जमिनदार र कुलीन वर्गले किसानहरूमाथि व्यापकरूपमा अन्याय गरे । पुँजीवादी युगमा आइपुग्दा मुठीभरका पुँजीपतिहरूले व्यापक रूपमा नाफा र पुँजी थुपार्नका लागि श्रमजीवी जनताको पसिना कुकुरले हाड चुसेझैँ चुसे (अधिकारी, २०५५:२९) । त्यसपछि शोषित वर्गमा भएको

चेतनाको उदयले पुँजीवादी युगको अन्त्य गरेसँगै साम्यवादी युगको सुरुवात हुन्छ । यसमा फेरी कोही कसैमा भेदभाव हुँदैन ।

यसरी देखाइएका समाजका पाँच ओटा चरणहरू समाजमा अन्तर्निहित वर्गसङ्घर्ष कै कारण परिवर्तित हुन्छन् । समाज विकासका यस्ता चरणहरू हुने हुनाले साहित्यमा पनि यसको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको हुन्छ । समाज विकासको यही मान्यतामा अडिँदै साहित्यमा पनि तदनुकूल व्याख्या र विश्लेषण गरिनुपर्छ भन्ने मान्यता प्रगतिवादले राख्दछ । यही परिवर्तित समाजलाई नै आधार मानेर समाजको अध्ययन र विश्लेषण गरिने पद्धति ऐतिहासिक भौतिकवाद हो र यो मार्क्सवाद वा प्रगतिवादको सैद्धान्तिक आधार हो । यो समाजका साथसाथै साहित्यका क्षेत्रमा पनि लागु हुन्छ किनभने साहित्यमा पनि समाजको प्रभाव परिरहेको हुन्छ ।

### २.१.३ प्रगतिवादका प्रमुख प्रवृत्तिहरू

प्रगतिवादी साहित्य मार्क्सवादी दर्शनलाई नै केन्द्रमा राखेर लेखिने हुँदा मार्क्सवादी लेखनका प्रवृत्तिहरू नै यसका पनि प्रवृत्ति बनेर आउने हुनाले यिनको साहित्य सिर्जनामा महत्त्वपूर्ण भूमिका हुन्छ । प्रगतिवादका प्रमुख प्रवत्तिहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

#### २.१.३.१ यथार्थवादी दृष्टिकोण

मार्क्सवादले अपनाएको वस्तुवादी भौतिकवादी दृष्टिकोणलाई प्रगतिवादी कविहरूले स्वीकार गरी कविता सिर्जना गर्ने हुँदा प्रगतिवादी कवितामा यथार्थ दृष्टिकोण देखिन्छ । मार्क्सवादले कला साहित्यलाई समाजको आर्थिक संरचनामा आधारित रहने मानेका छन् । समाजको संरचनासँगै कला साहित्य पनि परिवर्तित हुने हुँदा प्रगतिवादी साहित्यमा समाजको यथार्थ चित्र उतारिएको हुन्छ । यथार्थवाद पनि सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवाद गरी तीन किसिमको हुन्छ । सामाजिक यथार्थवादले समाज जस्तो छ त्यस्तै यथार्थ प्रस्तुत गर्ने गर्छ भने आलोचनात्मक यथार्थवादले विद्यमान समाजका कुरूपताप्रति आलोचना गर्दछ तर पनि यसमा भविष्यप्रतिको योजना नहुनु, पुँजीवादी समाजमा रहेको विकृतिको विकल्पको खोजी नहुनु, विश्वलाई हेर्ने वैज्ञानिक दृष्टि नहुनु, कलात्मक सृजना विधि नहुनु, नयाँ संसारका नवीन यथार्थलाई स्वीकार्न नसक्नु, वर्तमानलाई मात्र समेट्नु, परन्तु इतिहास र भविष्यलाई जोड्न नसक्नु आदि कमजोरीहरूले गर्दा आलोचनात्मक यथार्थवाद समाजवादी यथार्थवादसम्म पुग्न सकेन (तिमल्सेना,

२०६४:५८) । यति हुँदाहुँदै पनि समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादबाटै विकसित भएको वाद हो ।

समाजवादी यथार्थवादले जीवन र जीवन यापनका लागि सङ्घर्ष गर्ने शोषित पीडित जनताका भावनाहरूको यथार्थ प्रस्तुत गर्दै समाज परिवर्तनका लागि कलात्मक रूपमा आफ्ना विचारहरूलाई प्रस्तुत गर्दछ । यसले मानव मनमा उत्साह, आशा, उमङ्ग र इच्छाहरूलाई बलियो पार्दै केही गर्ने भावना र कल्पना र सौन्दर्यभाव पैदा गराएर मानिसका मनमा क्रान्तिकारी चेतना, शोषण, दमन, अन्याय र अत्याचारप्रति विद्रोह गर्न सक्ने विद्रोही भावनाको प्रष्फुटन गराउँछ । समाजवादी यथार्थवादले मार्क्सवादको द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादलाई पूर्णतः अङ्गीकार गर्दछ । यसले यथार्थको सरल वर्णन र फोटोकपि प्रस्तुत गर्दैन । समाजवादी यथार्थवाद र प्रगतिवाद पर्यायवाची शब्दका रूपमा पनि रहेकोबाट प्रष्ट हुन्छ कि प्रगतिवादी कवितामा समाजलाई प्रगतिवादी दृष्टिकोण अनुसार प्रस्तुत गरिएको हुन्छ । समाजवादी यथार्थवादी दृष्टिकोण यसमा मूल रूपमा रहेको हुन्छ ।

### २.१.३.२ वैचारिक प्रतिबद्धता

सङ्घर्षशील जनताप्रति सधैँ प्रतिबद्ध रहने प्रगतिवादको कला साहित्य सम्बन्धी प्रवृत्ति हो वैचारिक प्रतिबद्धता, प्रगतिवादीहरूले उपल्ला वर्गका मानिसहरूको सेवा गर्ने नभएर करोडौं श्रमिक मजदुर जनताको हितमा सङ्गठित र प्रतिबद्ध भएर काम गर्नु पर्छ भन्दै सीमित मानिसमा कोही पनि स्वतन्त्र रहन नसकेको भन्दै यस्ता पुँजीपतिहरूका मुनाफाखोरी, अराजक, वैयक्तिकता, पदलोलुपता र अभिजात्यमुखी चिन्तन भन्दा भिन्न विचार लिएर साहित्य सृजनामा प्रतिबद्ध हुनुपर्छ भन्ने कुरा लेनिनले अघि सारेका छन् । लेखकहरूले स्वतन्त्र विचार प्रदान गर्नुपर्ने भए पनि यस विभेदकारी समाजमा त्यो सम्भव छैन । यहाँ सबै लेखक स्रष्टाहरू एक न एक विचारका अनुयायी र एक न एक वर्गका पछि लागेकै हुन्छन् । यसरी वर्ग पक्षधर हुने क्रममा प्रगतिवादी लेखकहरू निमुखा, पीडित, उपेक्षित, सर्वहारा जनताको पक्षमा प्रतिबद्ध हुनुपर्छ भन्ने यसको मान्यता देखिन्छ ।

### २.१.३.३ मानवीय मूल्य र सौन्दर्यप्रति आस्था

जुन युगमा नाफा कमाउनका लागि समाजका व्यक्तिहरू मरिमेट्ने हुन्छन् त्यहाँ मानवीय मूल्य पाउन सकिँदैन भन्ने विचार सामन्तवादी र पुँजीवादी युगमा सार्थक रहेको

हुन्छ । यसमा आफ्नो स्वार्थका लागि अर्कालाई शोषण र दमन गर्ने परिपाटी हुन्छ । यस्तो अवस्थामा मानवतावादको लेस पनि देख्न पाइन्न । वर्गीय समाजमा मानवीय मूल्य पनि वर्गीय रूपमा नै हुनुपर्छ र मुठीभरका सामन्त, शोषण र पुँजीपतिहरूका काल्पनिक र भ्रामक कर्तुतहरूको भण्डाफोर गरिनुपर्छ भन्ने मान्यता प्रगतिवादी लेखकहरूले राख्दछन् । मार्क्सवादले समतायुक्त समाजमा नै जातजाति, रङ, वर्ण र वर्ग आदिमा रहेको भेदभाव हट्न गई सामाजिक एकरूपता देखिन्छ अनि त्यहाँ मात्र मानवीय मूल्यको प्रादुर्भाव हुन्छ । प्रगतिवादी कवितामा पनि जातजाति, वर्ग, वर्ण, रङको विभेद हटाएर समतामा आधारित समाज निर्माणका लागि आवाज उठाइएको हुन्छ । त्यसैले प्रगतिवादी कविताको प्रवृत्तिमा मानवीय मूल्यप्रतिको आस्था पनि पर्दछ । सौन्दर्य तत्त्वका बारेमा कलावादी, नीतिवादी र वस्तुगत यथार्थवादीका बिचमा फरक चिन्तकहरू देखिए पनि प्रगतिवादीहरू वस्तुगत यथार्थवादी दृष्टिकोणलाई अगाडि सार्दै सौन्दर्य यथार्थ भन्दा परको कुनै दिव्य वस्तु होइन भन्ने मान्दछन् । सामाजिक जीवनमा सामूहिक भावना जेले उत्पन्न गर्न सक्छ त्यही नै सौन्दर्यमूलक सिर्जना हो भन्ने मान्यता कड्वेलको रहेको छ (तिमल्सेना, २०६४:७९) । सामन्तवादी, पुँजीवादीहरू नारीका नखशिख, गाला, ओठ र आँखालाई सौन्दर्य मान्दछन् तर प्रगतिवादीहरू रुग्ण, दीनहीन गरिब नारीका कलेटी परेका ओठ र उदास मुहारलाई सौन्दर्य मान्दछन् । यसरी प्रगतिवादी कविताको एक प्रमुख प्रवृत्ति भनेको समतामूलक समाजको निर्माण गरी मानवीय मूल्यको खोजी गर्नु तथा यही मानवीय मूल्यमा विकसित श्रमपूर्ण श्रम सौन्दर्यप्रति आस्था प्रकट गर्नु पनि हो ।

### २.१.३.४ इतिहास चेतना र भविष्यप्रति आशा

मार्क्स र एङ्गेल्सले आफूभन्दा अगाडिका कला, संस्कृति र काव्य कृतिहरूको गहन अध्ययन गरेर तिनमा रहेका तत्त्वहरूको विश्लेषण गरेर त्यसका माध्यमवाट समाज विकासको ऐतिहासिक विश्लेषण गरेका थिए । ऐतिहासिक भौतिकवादले समाजको विकास प्रक्रियालाई आदिम साम्यवादी युग, दास युग, पुँजीवादी युग र साम्यवादी युग गरी पाँच चरणमा विभाजन गरेको छ । पुरानोको ठाउँमा नयाँ परिस्थितिको जन्म हुँदा पुरानोका मरणशील तत्त्वहरू ध्वस्त हुन्छन् भने जीवनशील तत्त्वहरू नयाँ परिवेशमा विकसित हुन्छन् । मार्क्सवादीहरू पुरानो र नयाँको अन्तर्विरोध र द्वन्द्वबाट नै समाज, वस्तु या सत्ताको परिवर्तन हुने कुरामा विश्वास गर्छन् र यो कला साहित्यमा पनि लागु हुन्छ भन्दछन् । सच्चा

स्रष्टाले पूर्वकृतिको गहन अध्ययन गरी तिनका राम्रा-नराम्रा, सत्य-असत्य, यथार्थ-काल्पनिक आदि पक्षको पहिचान गरी नयाँ कृति रच्नुपर्छ भन्ने मान्यता प्रगतिवादले अघि सार्दछ ( तिमल्सेना, २०६४:६२) यसरी अगाडि बढेको विकासक्रममा नवीन शैलीले विस्तारै अधिकार जमाउन थाल्छ ।

पुरानो हराउने र नयाँ देखिने प्रवृत्ति विकासक्रममा भए पनि पुरानो भन्दैमा त्यसलाई त्यागि हाल्नु राम्रो होइन । यसका असल कुराहरूलाई समातेर त्यसबाट नयाँ सृजना गर्नुपर्छ । जसरी समाज विकासमा पछिल्लो युगमा पनि अघिल्लो युगका केही छाप हुन्छन् र त्यही युगबाट नै पछिल्लो युग जन्मन्छ, त्यस्तै कला साहित्यमा पनि अघिल्लो प्रवृत्तिबाट क्रमशः नवीन प्रवृत्ति र विचारको विकास हुन्छ । समाजको वर्तमान यथार्थको वर्णन गर्ने क्रममा अतीतलाई स्मरण गर्नुपर्ने हुन्छ र जसरी अतीतबाट वर्तमानमा समाज रूपान्तरित भयो । त्यसरी नै भविष्यमा पनि समाज यस्तो रूपमा रुपान्तरण हुन्छ भन्ने आशा प्रगतिवादी स्रष्टामा सृष्टिमा हुनुपर्छ । भूतबाट पाठ सिकेर वर्तमानमा भविष्यको गोरेटो खन्ने काम प्रगतिवादी लेखकहरूले अपनाउने एउटा प्रवृत्ति हो ।

### २.१.३.५ वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वास

वर्गीय समाजमा कोही पनि स्वतन्त्र हुदैनन् । सबै मानिसहरू सामाजिक आर्थिक संरचनामा प्रभावित हुन्छन् । त्यसैले वर्गीय रूपमा रहने साहित्यकारहरूमा पनि वर्गीय दृष्टिकोण नै आउने गर्दछ । समाजमा रहेका विभिन्न वर्ग जस्तै शासक र शासित वर्ग, शोषक र शोषित वर्ग, पुँजीपति र सर्वहारा वर्ग आदि वर्गका बिचमा निरन्तर वर्गसङ्घर्ष चलिरहन्छ र त्यो सङ्घर्ष अन्तिम अवस्थामा पुगेपछि त्यसले क्रान्तिको रूप लिन्छ अनि पुरानोलाई नयाँले विस्थापित गरी आफ्नो रूप देखाउँछ । यस्तो वर्गसङ्घर्षको मूल कारण उत्पादक शक्तिहरूले उत्पादन साधनलाई आफ्नो नियन्त्रणमा राख्नु हो । यस्तो अवस्थामा श्रमजीवी मजदुरहरू चुप लागेर बस्न सक्दैनन् र उनीहरूले आफ्नो वर्गमा श्रमजीवीहरूलाई सङ्गठित पार्दछन् अनि पीडकहरूमाथि जाइलाग्छन् । यस्तो वर्गसङ्घर्षमा समाजका कोही पनि सदस्य तटस्थ रहन सक्दैनन् । ढिलोचाँडो उनीहरू आ-आफ्नो वर्गसँग सम्बद्ध भइहाल्छन् । यसपछि वर्ग-वर्गका बीचमा वर्गीय सङ्घर्ष छेडिन्छ । यस सङ्घर्षमा प्रगतिवादी साहित्यकारहरूले उत्पीडित, दलित, श्रमजीवी सर्वहाराको पक्ष लिनुपर्छ भन्ने मान्यता प्रगतिवादीहरू राख्दछन् ।

उच्च र निम्न दुई वर्गका बिचमा वर्गसङ्घर्ष चर्किनका लागि वर्गीय घृणाका रूपहरू आवश्यकता पर्दछन् । उच्च वर्ग र निम्न वर्गले सधैँ स्ववर्गलाई प्रेम पर्दछन् भने इतर वर्गलाई घृणा गर्दछन् । यो नै वर्गीय प्रेम हो । यस्तो वर्गीय प्रेममा प्रगतिवादी साहित्यकारहरू पुँजीपति-सामन्त जस्ता शोषक वर्गप्रति घृणा जगाउँदै सङ्घर्षशील निमुखा वर्गलाई प्रेम गर्न पुग्छन् । प्रेम शब्द युगौंदेखि चर्चामा रहे पनि स्वच्छन्दतावादीहरू व्यक्ति-व्यक्तिमा प्रेम देख्छन् भने प्रगतिवादीहरू वर्ग-वर्गका बिचमा प्रेम हुनेमा विश्वास राख्दछन् । रूपाकृतिले जतिसुकै राम्रो भए पनि शोषक वर्ग र शोषित वर्गका बिचमा कहिल्यै प्रेम हुँदैन । यदि ती दुई वर्गका पात्र बिच परस्पर प्रेम भएमा त्यो प्रगतिवादी विचारधारा अनुरूपको प्रेम होइन भन्ने मान्यता प्रगतिवादीहरूको छ ।

प्रगतिवादीहरू स्वत्त्व अपहरणको प्रेम रुचाउँदैनन् । उनीहरू त मुक्तिका लागि लडिरहेकाहरूलाई प्रेम गर्छन् । उनीहरूप्रति विश्वास गर्छन् र क्रान्तिलाई सफलताको शिखरमा पुऱ्याउँछन । यसरी प्रगतिवादी कवितामा अर्को प्रमुख प्रवृत्ति भनेको वर्गीय समाजमा निरन्तर वर्गसङ्घर्ष हुन्छ, भन्दै यसलाई प्रस्तुत गर्नु र यो वर्गसङ्घर्षमा स्ववर्गप्रति प्रेमभाव व्यक्त गर्नु पनि पर्दछ ।

### २.१.३.६ सामन्तवाद पुँजीवाद विरोधी स्वर

सामन्तवादी युगमा आफ्नो स्वार्थपूर्तिका लागि स्वर्ग र नर्कको कल्पना गर्दै पुराणहरूको रचना गर्ने र राजालाई ईश्वरको अवतार मान्दै सम्मान व्यक्त गर्ने काम हुन्थ्यो । राजा महाराजाहरूले आफ्नो रक्षाका लागि गुरू पुरोहित तथा अन्य विशिष्ट व्यक्तिहरूलाई जग्गा तथा इनाम बाँड्ने काम भयो । यसबाट सोझा सिधा जनताहरू सधैँ अन्यायमा परिरहे । सामन्तवादको विरोध गर्दै पुँजीवादी युगको प्रारम्भ भए पनि यस युगमा समेत समाजका मुठीभरका व्यक्तिमा पुँजी नियन्त्रित भएको र सर्वहारा मजदुर वर्ग सधैँ उपेक्षित भएकाले यस अवस्थामा प्रादुर्भाव भएको प्रगतिवादले यी दुवैको खुलेर विरोध गर्दछ । समाजलाई धर्मका नाममा बन्धक बनाउने र पुँजी मुठीमा लिएर आफ्नो अधिपत्य जमाउने, गरिबलाई ठग्ने, चुस्ने सामन्तवादी पुँजीवादी व्यवस्थाप्रति विरोधका स्वर निकाल्नु प्रगतिवादी कलासाहित्यको एक प्रवृत्ति हो ।

### २.१.३.७ धार्मिक अन्धता र ईश्वरीय सत्ताप्रति अविश्वास

समाजको परिवर्तनसँगै मानिसमा रहेका धार्मिक मान्यता र ईश्वरीय सत्ताप्रति विश्वासमा पनि निरन्तर परिवर्तन भइरहन्छ । जो जन्मजात रूपमा नभई सामाजिक संरचना र समाज विकासमा आधारित हुन्छ । यसमा मार्क्सपूर्व हेगेल र फायरबाखले द्वन्द्वावाद र भौतिकवादको प्रतिपादन गरे पनि उनीहरू ईश्वरीय मोहबाट मुक्त भएका थिएनन् । फलस्वरूप मार्क्स र एङ्गेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्र तथा द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको अवधारणा ल्याएपछि नै धर्म र ईश्वरप्रति मानिसको धारणामा परिवर्तन आएको हो । अझै डार्विनले विकासवादी अवधारणा ल्याएपछि त ईश्वर, धर्म र आत्मगत संसारको अस्तित्व मान्ने परम्परावादी दृष्टिकोणमा व्यापक परिवर्तन आएको हो ( तिमल्सेना, २०६४:८९) । मार्क्सले त धर्मलाई अफिम मानेका छन् र यसको खुलेर विरोध नै गरेका छन् । उनीद्वारा प्रतिपादित मार्क्सवादलाई विश्वास गर्ने प्रगतिवादीहरू धर्म, संस्कृति र ईश्वरलाई पनि द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी नियमका आधारमा विश्लेषण गर्नुपर्ने मान्दछन् । यस आधारमा विश्लेषण गर्दा धर्म र ईश्वरप्रतिको आस्था पुरोहित र शोषकवर्गको मिलेमोतोमा सर्वसाधारण जनतालाई शोषण गर्ने हतियार हो भन्दै प्रगतिवादी साहित्यमा यस्ता प्रतिक्रियावादीहरूको शोषण प्रक्रिया र षड्यन्त्र विरुद्ध आवाज उठाउँदै यस्ता प्रवृत्तिको विरोध गर्नुपर्ने धारणा प्रगतिवादीहरू राख्दछन् ।

## २.२ प्रगतिवादी साहित्यपरम्परा

प्रगतिवाद मार्क्स र एङ्गेल्सद्वारा निर्देशित साहित्य सिद्धान्त हो । यति हुँदाहुँदै पनि यो सिद्धान्त यथार्थ विरोधी सिद्धान्त नभएको र यथार्थमा नै क्रान्तिचेत थप्ने सिद्धान्त भएको हुँदा मार्क्सपूर्व नै यथार्थवादी चिन्तनपरम्पराले प्रगतिवादी चिन्तनपरम्पराको पृष्ठभूमि निर्माण गर्ने काम गरेको छ । तसर्थ प्रगतिवादी साहित्यपरम्पराको चर्चा गर्दा मार्क्सपूर्वको यथार्थवादी चिन्तनपरम्परालाई पनि थोरै कोट्याउनुपर्ने हुन्छ । त्यसैले प्रगतिवादी साहित्यपरम्परालाई मार्क्सपूर्व र मार्क्सोत्तर गरी दुई खण्डमा राखेर चर्चा गरिन्छ ।

### २.२.१ माक्सपूर्वको प्रगतिवादी चिन्तनपरम्परा

कला साहित्यमा परेको समाज र जगत्को प्रभावलाई मात्र यथार्थले जनाउँछ, भने यथार्थवादले त्यस प्रभावलाई यथार्थपरक ढङ्गबाट चिन्तन गर्ने परम्परालाई बुझाउँछ । यो

यथार्थवाद सत्रौं शताब्दीमा देखापऱ्यो र यसले यही शताब्दीको अन्त्यतिर आफ्नो खास स्वरूप प्राप्त गऱ्यो । यस समयमा कला र साहित्यमा यथार्थ र यथार्थ चित्रणको परिवेशमा क्रमशः वृद्धि हुँदै गयो । त्यस कालको यथार्थवादले सामाजिक अस्तित्वका निम्ति बाहिरी परिवेशको अन्तः सङ्घर्षलाई उपस्थित गराउन नसके पनि स्वअस्तित्वको लागि सङ्घर्ष गरेको कुरालाई चित्रण गर्दै अगाडि बढिरह्यो (गौतम, २०४९:१०) यसरी प्रगतिवादी कला साहित्यमा यथार्थवादी दृष्टिकोणले स्वअस्तित्व प्राप्तीको स्वरूप प्राप्त गऱ्यो ।

यथार्थवादी चिन्तनले अठारौं शताब्दीमा आइपुग्दा व्यक्ति र उसको क्रियाकलापलाई सामाजिक परिवेशसँग जोड्दै आफ्नो खास रूपको प्रस्फुटन गऱ्यो । साहित्यमा यथार्थवादको प्रारम्भिक प्रयोग बेलायती उपन्यासकार ड्युनिअल डिफोका उपन्यास **रबिन्सन क्रुसो** (Rabinson Crusoe –1719) र **मोल फ्लान्डर्स** (Moll Flanders – 1722) तथा **हेनरी फिल्डिङ**को **दि हिस्टोरी अफ टम जोन्स** The History of Tom Jones - 1749 मा भएको पाइन्छ (शर्मा र लुइँटेल, २०६१:२९६) । यस समयमा सन् १९८९ को फ्रान्सेली राज्यक्रान्तिले समाजमा आमूल परिवर्तन गऱ्यो, जसको प्रत्यक्ष प्रभाव कलासाहित्यमा पनि देखियो । यसरी अठारौं शताब्दीमा उपन्यासका माध्यमबाट आदर्शवादसँग पौंठेजोरी खेल्दै तत्कालीन सामन्तवादी समाज व्यवस्थाका भ्रष्ट आदर्श र पतनशील स्वरूपको यथार्थ बिम्ब उतार्ने काम भयो ।

उन्नाइसौं शताब्दीमा आइपुग्दा कलासाहित्यमा स्वच्छन्दतावादको निकै विकास भए पनि यसको विरोध गर्दै यसै शताब्दीको अन्त्यतिर यथार्थवादी लेखकहरू अझै अगाडि बढे । यसरी कलासाहित्यमा यथार्थलाई चित्रण गर्दै अगाडि बढ्नेहरूमा सेन्ट ब्यूब टेन, मैथ्यु आर्नोल्ड, जान रस्किन आदि विचारकहरू पर्दछन् । उन्नाइसौं शताब्दीको अन्त्यतिर आइपुग्दा द्वन्द्ववादलाई स्वीकार गरेर पनि आदर्शवादलाई छोड्न नसक्ने हेगेल र भौतिकवादलाई स्वीकार गरेर पनि द्वन्द्ववादलाई पक्रन नसक्ने फायरबाख जस्ता विचारकहरू हुँदाहुँदै पनि यथार्थवादी चिन्तन परम्परामा धेरै परिवर्तन, मौलिकता र नवीनता देखिन थाल्यो (गौतम, २०४९:१३) । यसरी माक्सपूर्वको प्रगतिवादी चिन्तन परम्परामा कला साहित्यले स्थान लिएको पाइन्छ ।

हेगेल र फायरबाख बाहेक बेलिन्स्की, चर्निसेब्स्की, हर्जन र दोब्रोल्युबोब जस्ता चिन्तकहरूले पनि मार्क्सपूर्व नै प्रगतिवादको चर्चा गरेका थिए । बेलिन्स्की घृणास्पद

वास्तविकताप्रति विद्रोहात्मक देखिन्छन् । लेनिनले हर्जनलाई क्रान्तिकारी विचारधाराको बिउ रोप्ने र जनआन्दोलनलाई अघि बढाउन आफ्नो समग्र प्रतिभा खर्चने एक वरिष्ठ विचारकका रूपमा सम्झेका छन् भने सन् १८५० देखि आफ्नो मृत्युपर्यन्त दार्शनिक भौतिकवादप्रति अटुट निष्ठा अभिव्यक्त गर्ने दार्शनिक भनि चर्निसेब्स्कीलाई चिनाएका छन् (गौतम, २०४९:१७) । त्यस्तै दोब्रोल्युबोब पनि पुँजीवादी उदारतावादको कटु आलोचना गर्ने प्रगतिवादी चिन्तकहरू मध्येका एक चिन्तकका रूपमा देखिन्छन् । यसरी प्रगतिवादी साहित्य चिन्तनपरम्पराको स्थापनाका लागि सत्रौं शताब्दीबाट उन्नाइसौं शताब्दीको अन्त्यसम्म निरन्तर प्रयासहरू भए । यी सम्पूर्ण प्रयासहरूले प्रगतिवादको पृष्ठभूमि वा पृष्ठपोषकका रूपमा यथार्थवादी चिन्तन परम्परा बनेर उत्तरवर्ती मार्क्सवादी चिन्तकहरूलाई वैज्ञानिकता या वस्तुवादी चिन्तनका लागि उपयुक्त दिशाबोध समेत गरेका छन् ।

### २.२.२ मार्क्सोत्तर प्रगतिवादी चिन्तनपरम्परा

प्रगतिवादी चिन्तनको पृष्ठभूमि बनिरहेको बेला मार्क्सवादी प्रगतिवादका सर्वोच्च चिन्तक मार्क्स र एङ्गेल्स देखापर्छन् । हुन त मार्क्स र एङ्गेल्सका कुनै पनि साहित्यिक कृति र रचनाहरू पाउन सकिँदैन तर उनीहरूका वक्तव्य, भाषण र थोरै भूमिका लेखनबाट नै प्रगतिवादको सुरुवात भएको पाइन्छ । राजनीतिक चिन्तकको रूपमा रहेर प्रगतिवादको सूत्रपात गर्ने मार्क्स र एङ्गेल्सका दर्शन र चिन्तन कै अनुकूलतामा उनी पछिका विभिन्न राजनीतिक चिन्तक र साहित्यिक चिन्तकहरूले प्रगतिवादलाई निरन्तर अगाडि बढाइरहे । यस क्रममा लेनिन, स्टालिन, ट्राटस्की, खृस्चेभ, माओ जस्ता राजनीतिक दार्शनिक र प्लेखानोव, गोर्की, लुनाचार्स्की जस्ता साहित्यिक समीक्षक तथा रचनाकारहरूको आडमा रहेर प्रगतिवाद अगाडि फस्टाउँदै आयो (गौतम, २०४९:५३) । निरन्तर अगाडि बढिरहने क्रममा राजनीतिक र साहित्यिक चिन्तनको अतिरिक्त साङ्गठनिक रूपमा पनि प्रगतिवादको विकास भइरह्यो । यसरी हेर्दा मार्क्सोत्तर प्रगतिवाद राजनीतिक, साहित्यिक र साङ्गठनिक गरी तीन धारमा अगाडि बढिरहेको छ । राजनीतिक चिन्तन परम्परा साम्यवादी लक्ष्य लिएर अगाडि बढेको हुँदा यहाँ साहित्यिक रूपमा रहेका साहित्यिक र साङ्गठनिक चिन्तन परम्पराको उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

### २.२.२.१ साहित्यिक चिन्तनपरम्परा

कला र साहित्य सम्बन्धी मार्क्स र एङ्गेल्सका धारणाहरूपछि यसपछिका कैयौँ स्रष्टाहरूले कला र साहित्यलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हेर्न थाले । यसरी कला र साहित्यलाई मार्क्सवादी अवधारणाहरूबाट अगाडि बढाउने प्रमुख स्रष्टाहरू रुस, इङल्यान्ड, अमेरिका, फ्रान्स, हङ्गेरी, अस्ट्रिया र चीनमा देखिन्छन् (गौतम, २०४९:५९) । जारशाही शासकहरूद्वारा निर्वासित बनेका रुसी साहित्य समीक्षक प्लेखानोवले क्रान्तिपछिको आफ्नो छोटो जीवनमा नै धैरै विचारहरूलाई समेटी धेरै लेखरचनाहरू लेखेका छन् । प्लेखानोवपछि अर्का साहित्य चिन्तक लुनाचास्र्की देखिन्छन् भने त्यसपछि कथाकार तथा उपन्यासकार म्याक्सिम गोर्की स्रष्टा र द्रष्टा दुवै रूपमा देखिन्छन् । उनी प्रगतिवादी साहित्य परम्परामा कुशल प्रगतिवादी लेखकका साथै कुशल कला चिन्तकका रूपमा पनि देखिन्छन् । रुसबाट जस्तै इङ्ल्यान्डबाट क्रिस्टोफर कडवेल, राल्फ फक्स, जर्ज थम्पसनले पनि प्रगतिवादी साहित्य र त्यसमा पनि फक्सले उपन्यास र थम्पसनले कविता क्षेत्रमा ठुलो योगदान गरेका छन् ।

अमेरिकामा 'युनाइटेड कम्युनिस्ट पार्टी' (सन् १८२०), 'कम्युनिस्ट पार्टी अफ अमेरिका' (सन् १९२८) मा परिवर्तित भएपछि त्यहाँ मार्क्सवादी विचारधाराको तीव्र विकास भएको हो । अमेरिकामा रहेर मार्क्सवादी चिन्तनलाई अगाडि बढाउने चिन्तकहरूमा फ्लाइल डेल, मैक्स इस्टम्यान, वि.एफ. कावरटेन, फिलिप राव, ग्रेनवाइन हिक्स, न्युट्रन अर्बिन, केमेथ वर्क, एडमन्ड विल्सन, वि.जे. जेरोम, हावर्ट फास्ट आदि उल्लेखनीय छन (गौतम, २०४९:७०) । यसैगरी फ्रान्सबाट आनातोले फ्रान्स, पाल इलुअर, लुई अराङ्गा, सेनेटर रोजर आदि विचारकहरूले प्रगतिवादी विचारधारालाई अगाडि बढाए । हङ्गेरीबाट जर्ज लुकासले प्रगतिवादी विचारधारालाई अगाडि बढाए । मार्क्सद्वारा स्थापित द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दृष्टिमा कला साहित्यको विश्लेषण गर्ने चिनियाँ प्रगतिवादी साहित्य विचारकहरूमा लुस्युन, चुक्याङ् चिइङग, फिङ, टिङ्ग लिङ्ग, ह्यु, फेङ्, चाऊयाङ, आयो वैन युआन आदि उल्लेखनीय छन् (गौतम, २०४९:७०) यसरी मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित कला र साहित्य सम्बन्धी चिन्तनपरम्परालाई पाश्चात्य साहित्यका साहित्यकार एवं विचारकहरूले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणका रूपमा हेर्दै मार्क्सवादी अवधारणालाई अगाडि बढाएको पाइन्छ ।

भारतीय भूखण्डमा रहेर प्रगतिवाद एवं मार्क्सवादी चिन्तनलाई अगाडि बढाउने चिन्तकहरूमा प्रेमचन्द, डी.डी. कोसम्बी र रामचन्द्र शुक्ल प्रारम्भिक रूपमा देखिन्छन् भने प्रमुख विचारकका रूपमा रामविलाश शर्मा, शिवकुमार मिश्र, गजानन माधव, मुक्तिबोध, रामवरसिंह, विश्वम्भरनाथ उपाध्याय, रमेश कुन्तल मेघ आदि देखिन्छन (त्रिपाठी, २०५८:४७) । नेपाली साहित्यमा विक्रमको विसौं शताब्दीको अन्तिम दशकमा आदर्शवाद, प्रकृतवाद, तथा मनोविश्लेषणसँग निकटस्थ रहेर समाजपरक यथार्थवादले प्रवेश गर्दछ । यसलाई नेपाली साहित्यमा भित्र्याउन प्रयास गर्ने साहित्यकारहरूमा कथातर्फ गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला र पुष्कर शमशेर, उपन्यासतर्फ लैनसिंह वाङ्देल नाटकतर्फ भीमनिधि तिवारी तथा कवितातर्फ लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल आदि पर्दछन (त्रिपाठी, २०५८:४७) । अन्ततः स्वच्छन्दतावादको उत्तरार्धमा गोपालप्रसाद रिमालको आमाको सपना (२०००) बाट नेपाली साहित्यमा प्रगतिवादी यथार्थवादको सुरूवात हुन्छ ।

### २.२.२.२ साङ्गठनिक चिन्तनपरम्परा

जसरी साहित्यिक विचारकहरूले प्रगतिवादी विचारधारालाई अगाडि बढाए, त्यसरी नै विभिन्न संघसंस्थाहरूको स्थापना गरी यस विचारधारालाई अगाडि बढाउने काम पनि भएको छ । कुनै पनि काम गर्न संघसंस्था वा सङ्गठनमा आवद्ध भएपछि निकै सजिलो हुन्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै प्रगतिवादी चिन्तनलाई अगाडि बढाउने लक्ष्यसहित सर्वप्रथम रुसमा 'सर्वहारा संस्कृति' का रूपमा 'प्रोलेटकल्ट' नामको सङ्गठन स्थापना भयो । हुन त कैयौं विचारकहरूले र स्वयम् लेनिनले पनि यस सङ्गठनलाई 'बिना छेउटुप्पाको कुरा' भनी आलोचना गरे (गौतम, २०४९:७३) तर पनि यो सङ्गठन प्रगतिवादी विचारधाराको थोरै सहयोगी बनेको कुरा नकार्न सकिँदैन ।

प्रगतिवादी चिन्तनलाई 'सावधान' नामक संस्थाले रुसी क्रान्तिपछि घोषित रूपमा नै अगाडि बढायो भने 'काव्यभाषा विद्यापीठ, 'सेपेरियन बन्धु' जस्ता संस्थामा आबद्ध भई गैरमार्क्सवादी लेखकहरू पनि प्रगतिवादी लेखनतर्फ उन्मुख भए । रसियाबाट 'सर्वहारा लेखकहरूको रसियाली संघ' स्थापना भएर छिट्टै सन् १९३२ मा विघटन भयो सन् १९३४ मा रुसी कम्युनिस्ट पार्टीको तत्त्वावधानमा पुनः यो संस्था म्याक्सिम गोर्कीको अध्यक्षतामा गठन गरियो । विभिन्न संघसंस्था गठन गरेर प्रगतिवादी विचारलाई अगाडि बढाउने क्रममा

पेरिसमा सन् १९३४ मा 'प्रगतिशील लेखक सङ्घ' को अन्तर्राष्ट्रिय संस्था गठन भयो भने यसको एक वर्षपछि नै लन्डनमा अध्ययनरत भारतीय विद्यार्थीहरूले 'भारतीय प्रगतिशील लेखक सङ्घ' को स्थापना गरे (गौतम, २०४९:७५) । यसरी विभिन्न आरोह-अवरोह पार गर्दै प्रगतिवादको साङ्गठनिक चिन्तनपरम्परा अगाडि बढेको पाइन्छ ।

नेपालमा प्रगतिवादको साङ्गठनिक चिन्तनपरम्पराको चर्चा गर्दा वि.सं. २००७ सालमा पुग्नुपर्ने हुन्छ । वि.सं. २००७ सालमा नख्खु जेलमा साहित्यकार श्यामप्रसाद शर्माको सक्रियतामा 'जनसाहित्य मण्डल' गठन भएको थियो । यसलाई वि.सं. २००९ मा गठन भएको 'प्रगतिशील लेखक सङ्घ' को पूर्व तयारी मान्न सकिन्छ । यसलाई वि.सं. २००९ मा श्यामप्रसाद शर्माको अध्यक्षतामा 'प्रगतिशील लेखक सङ्घ' गठन भएर अनेक आरोह-अवरोह पार गर्दै वि.सं. २०१६ मा काठमाडौँमा धर्मराज थापाको अध्यक्षतामा र सन् १९६२ मा कृष्णचन्द्र सिंहको अध्यक्षतामा पुनर्गठन भएर दर्ता भए पनि जानकारी नपाउनाले वि.सं. २०३६ मा पुनः यस संस्थालाई दर्ता गरियो । यसै क्रममा 'राष्ट्रिय जनसाँस्कृतिक मञ्च' पनि गठन भयो र प्रगतिवादी साहित्य सिर्जनामा थप बल पुग्यो (अधिकारी, २०५६:२८) र यसले साङ्गठनिक रूपमा अघि बढ्ने वातावरण तयार भयो ।

### २.२.२.३ नेपाली प्रगतिवादी कवितापरम्परा

विक्रमको एघारौँ शताब्दीमा नेपाली भाषामा लेखिएको प्रथम शिलालेख राजा दामुपालको लेख (शर्मा र बराल, २०५९:२३) । प्राप्त भएपछि नेपाली भाषाको लेखनकार्य शुरु हुन्छ । यसपछि निरन्तर रूपमा नेपाली भाषाले स्तरीयता प्राप्त गर्दै आजको स्थितिसम्म आइपुगेको छ । मौखिक र कथ्य रूपमा नै रहेका नेपाली उखान टुक्का, गाउँखाने कथा, बालुन, भजन, भ्याउरे, असारे गीत आदिजस्ता प्रारम्भिक नेपाली कविताहरू पनि क्रमिक रूपमा लेख्य रूपमा देखिन थाल्छन् । यसै क्रममा पाश्चात्य साहित्यबाट थालनी भएको मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित प्रगतिवादी विचारधाराले पनि नेपाली साहित्यमा प्रवेश गर्दछ । नेपाली साहित्यमा प्रगतिवादी विचारधाराको प्रवेश हुनुमा थुप्रै कारणहरू छन् । ती मध्ये राजनीतिक, आर्थिक र सामाजिक कारणहरू प्रमुख रूपमा रहेका छन् ।

लिच्छवी, मल्ल, खस, सेन आदि वंश हुँदै अगाडि बढेको नेपालमा श्री बडामहाराजाधिराज पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणसँगै नेपाली साहित्यको लेख्यरूपको पनि सुरूवात हुन्छ । पृथ्वीनारायण शाहको राज्यविस्तार, अङ्ग्रेज-नेपाल युद्ध र

वि.सं. १८७२ को सुगौली सन्धि, वि.सं. १९०३ को कोतपर्व र भण्डारखाल पर्व हुँदै नेपालमा सामन्तवादी व्यवस्थाको सुरूवात हुन्छ । प्रथम तथा द्वितीय विश्वयुद्धमा वीर नेपाली गार्खालीलाई पठाएर साम्राज्यवाद विरोधी राष्ट्रियताको भावनामा चोट पुऱ्याइन्छ र यहीबाट साम्राज्यवादी-सामन्तवादी शासनको उदय हुन्छ । यसकै प्रतिरोध स्वरूप नेपालमा धेरै घटनाक्रमको शृङ्खला चल्न थाल्छ । सैद्धान्तिक रूपमा प्रगतिवादलाई बुझेर नभए पनि आफ्ना भावनाहरू अभिव्यक्त गर्ने क्रममा नै शोषक, सामन्त, पुँजीपति वर्गप्रति स्वाभाविक घृणाभाव निस्कन थाल्छ । यस्तैमा सुब्बा कृष्णलाल अधिकारी 'मकैको खेती' कृति लेखे बापत नौ वर्ष जेल चलान हुन्छन् (भण्डारी, २०५५:३१) । सन् १९१७ को रुसको 'अक्टोवर क्रान्ति', सन् १९२१ को 'चिनियाँ कम्युनिस्ट पार्टी' को स्थापना, सन् १९२८ को 'भारतीय कम्युनिस्ट पार्टी' को स्थापना आदिबाट नेपालीहरू पनि प्रभावित भए र सन् १९३५ तिर वनारसमा 'नेपाली छात्र सङ्घ' तथा सन् १९४५ मा 'हिमाञ्चल विद्यार्थी सङ्गठन' गठन हुन्छन् र राणा विरोधी अभियानमा लाग्दछन् । वि.सं. १९८८ मा 'प्रचण्ड गोर्खा', वि.सं. १९९३ मा 'नेपाल प्रजापरिषद्' वि.सं. २००२ मा 'अखिल भारतीय काङ्ग्रेस' वि.सं. २००५ मा 'नेपाल प्रजातन्त्र काङ्ग्रेस' वि.सं. २००६ मा 'नेपाल कम्युनिस्ट पार्टी' को स्थापना हुनु नेपाली प्रगतिवादी विचारधाराको राजनीतिक पृष्ठभूमि हो ।

'नेपाल कम्युनिस्ट पार्टी' को स्थापना पछि राणा शासकहरूले राणाहरूलाई नै क, ख, ग श्रेणीमा विभाजन गर्नु, नेपाली युवालाई विदेशमा भर्ती गराएर प्राप्त रकममा आफूले ऐश आराम गर्नु, विभिन्न बिर्ता र गुठीका नाममा उब्जाउ भूमि जति राणा र समाजका ठुलाठालुले आफ्ना बनाउनु, जनताको तिरोबाट द्वारे, मुखिया र ठालुहरूले चयन गर्नु आदि प्रगतिवाद निर्माणका आर्थिक पृष्ठभूमि हुन् । यस्तै सामाजिक पृष्ठभूमिमा सयौँ नेपालीहरू भारतमा कुल्ली र गोठाला अनि दर्वानी, भान्से र चपरासी बनाइनु, हिन्दु धार्मिक आडम्बर देखाई सोझा जनतालाई पण्डितहरूले हेप्नु, ठग्नु आदि हुन् ।

नेपाली कविताको प्राथमिक कालमा स्तुतिवादी धर्मका नाममा शोषण गर्ने प्रवृत्ति भए पनि निर्गुण भक्ति धारामा सन्त ज्ञानदिल दासको 'उदयलहरी' मा यस्ता प्रवृत्तिको चित्रण गरी विरोध गर्न खोजिएको छ । प्राथमिक कालमा सशक्त कविका रूपमा जोसमनि सन्त सम्प्रदायका सन्त ज्ञानदिल दास देखा परेका छन् । उनका रचनामा सामन्तवादी निरङ्कुश शासन व्यवस्थाद्वारा सिर्जीत आर्थिक दुरावस्था तथा परम्परागत रूपमा आएको धार्मिक व्यवस्था एवं रूढिवाद, मूर्तिपूजा, जातिवाद, हिंसावाद आदिका विरुद्धमा आक्रमण

गर्दै समाज सुधारका भावना व्यक्त गरिएका छन् । यसै गरी भानुभक्त आचार्यका केही कविताले राणाकालीन प्रशासनिक व्यवस्थाप्रति व्यङ्ग्य गरेको भेटिन्छ भने उनको जग्गा सम्बन्धी मुद्दामा भाटले झुटा बोलेको कुराको भण्डाफोर गर्दै आचार्यले कवितामा नै भाट जस्ता शोषकलाई लुच्चा हुन् भनी खुलेर विरोध गरेका छन् ।

"लुच्चा हुन् यस भाटमा सब कुरा आँफै कुला मूनिकै
खैतैलाई त टापु भन्दछ भन्या यस् भाटको क्या सही" (आचार्य, २०५८:२५१) ।

नेपाली कविताको माध्यमिक काल राणा शासकहरूको अझै बर्बर शोषण र दमनका बीच गुज्रियो । छापाको युगमा प्रवेश गरेको र साहित्यिक संस्थाहरूको समेत स्थापना भएको यस कालखण्डमा सबै कविहरू स्तुति र शृङ्गारिकतामा नै भुल्न पुगे । भारतीय साहित्यकार भारतेन्दुसँगको सम्पर्क भए पनि मोतीरामले कुनै पनि जनपक्षीय कविता रचना गर्न सकेनन् । यता होमनाथ खतिवडा, लक्ष्मीदत्त पन्त, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, तीर्थराज पाण्डे, कुलचन्द्र गौतम लगायतका कविहरू नारीको नखशिख र पुरुषको कामुक प्रवृत्तिको वर्णन गर्नमा नै व्यस्त भए भने आफ्नै बाबुको जागिर शासक वर्गले खोसिदिँदा पनि शम्भुप्रसाद ढुङगेलले उल्टै 'श्री चन्द्रप्रतापवर्णन' जस्तो चाकरीवादी कृति लेख्न पुगे ( भण्डारी, २०५५:४२) । यसरी प्राथमिक कालमा नै ज्ञानदिलदास र भानुभक्तमा टुसाएका सामन्त विरोधी भावना पनि माध्यमिक कालमा आउँदा हराउन पुगे र उल्टो तिनै सामन्तवर्गलाई रिझाउने र चाकरी गर्ने शृङ्गारिक कविताहरूका रचना हुनपुगे ।

त्यति बेला नेपाली जनता राणाहरूको शोषण दमन र थिचोमिचोबाट उकुसमुकुस भइसकेका थिए । फलस्वरूप मोतीरामको अन्त्यसँगै क्रमिक रूपमा शृङ्गारिक धाराको पनि अन्त्य भयो । कविताको आधुनिक धारामा विक्रमको १९८० को दशकमा लेखनाथ पौडेल देखा परे भने क्रमशः धरणीधर कोइराला, महानन्द सापकोटा, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र आदि कविहरू देखा पर्न थाले । माध्यमिककालीन उच्च शृङ्गारिकतालाई चिर्दै वैदिक र पौराणिक एवम् संस्कृत काव्यचेतनामा डुब्दै भाषिक शुद्धता र परिष्कृत शैलीमा कविता लेख्ने लेखनाथ पौड्यालको 'पिँजडाको सुगा' कविताले नेपाली जनताको पराधीनतालाई ध्वन्यार्थक रूपमा देखाएको भए पनि मुक्तिको बाटो देखाउन सकेको छैन । सुतेका नेपालीलाई जगाउने एवम् क्रान्ति र सुधारको बाटोमा लाग्न सन्देश दिने खालका सुधारवादी कविता लेख्ने धरणीधर कोइराला र महानन्द सापकोटालाई प्रगतिवादी नेपाली कविताका पृष्ठभूमि निर्माताका रूपमा राख्न सकिन्छ (भण्डारी,

२०५५:४५) । यसरी नेपाली कवितामा जातीय उन्नति, प्रगति र स्वतन्त्रताका पक्षमा समाज सापेक्ष युगध्वनि घन्काउन उनिहरू सफल भएको देखिन्छ ।

नेपाली कविताको स्वच्छन्दतावादी काव्यधाराका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र युद्धप्रसाद मिश्रका प्रारम्भिक कविताले नै विद्रोहात्मकता प्रकट गरेकाले प्रगतिवादी नेपाली कविताको उद्भवमा उनीहरूको अहम् भूमिका रहेको छ । वि.सं. १९९७ अघि नै समाजवादको सिद्धान्तसँग परिचित भइसकेका सिद्धिचरणले वि.सं. २००३ पछि साम्यवादसँग परिचय बढाउन थालेका कुरा उनका कविताबाट प्रकट हुन्छ । वि.सं. २००७ सालअघि नै प्रगतिशील कविता लेखेका श्रेष्ठ वि.सं. २००८ सालमा "बरू बिलाई जान्छु" भन्ने किरिया खाएपछि त उनी आर्थिक र सामाजिक परिवर्तनका बाटामा सशक्त बनेर लागेका हुन् । वि.सं. १९९७ को विजयादशमीको दिन 'विजया' शीर्षकको कविता लेखेपछि श्रेष्ठ तुरून्तै पक्राउ परे । यसपछि पाँच वर्षसम्म जेल जीवन बिताएर वि.सं. २००३ सालमा लेखेको 'तर्पण' कविताले उनको क्रान्तिकारी चेतनालाई प्रष्ट पारेको छ (प्रसाई, २०४८: ९५) । क्रान्तिकारी र विद्रोही कविका रूपमा आफ्नो नाम लेखिसकेपछि दुर्भाग्यवश कवि श्रेष्ठको जीवनमा वि.सं. २००७ र २०१७ पछि अपत्यारिलो परिवर्तन आयो र प्रथम दर्जाको राजभक्त बन्न जिउज्यान लगाएर लागिपरेको भेटियो, जसबाट उनको प्रगतिवादी कवि बन्ने अवसर गुम्न पुग्यो (प्रसाई, २०४८:१२६) तर उनको निरन्तरको लगाव, क्रान्तिकारी चेतना र राष्ट्रवादी चिन्तनका कारण अन्ततः श्रेष्ठलाई प्रगतिवादी कवि कै रूपमा उभ्याएको पाइन्छ ।

स्वच्छन्दतावादी धारामा नै प्रगतिवादको सूत्रपात गर्न कम्मर कसी लागिपरेका देवकोटा, श्रेष्ठ र मिश्रले स्वच्छन्दतावादलाई पूर्णतः त्यागेर क्रान्तिकारी धारामा लाग्न नभ्याउँदै गोपाल प्रसाद रिमालले वि.सं. २००० सालमा 'आमाको सपना' मार्फत् प्रगतिवादी कविता यात्राको औपचारिक शङ्खघोष गरे । वि.सं. १९९७ को सहिद हत्याकाण्डले कवि रिमालभित्रको विद्रोही आत्मा झन् स्वतन्त्र भयो । उनले नेपालगञ्जमा पाएको अमिनको लप्टनी पदवी त्यागे र क्रमिक रूपमा मनभित्रका पीडा, व्यथा, वेदना, मर्म र क्रान्तिलाई आफ्ना रचनामा भर्न थाले । फलस्वरूप नेपाली कविता साहित्यमा क्रान्ति र रिमाल एक अर्काका पूरक बने । रिमालले क्रान्तिलाई स्वर दिए, क्रान्तिले रिमाललाई मोड दियो ( पराजुली, २०५६:२०९) । गोपालप्रसाद रिमालपछि प्रगतिवादलाई अनुशरण गर्दै कविता लेख्ने स्रष्टाहरू ह्वात्तै बढे । जसमा श्यामप्रसाद शर्मा, केवलपुरे किसान, कृष्णचन्द्र सिंह प्रधान,

गोकुल जोशी, भूपि शेरचन, जनकप्रसाद हुमागाईं, आनन्ददेव भट्ट, टी.आर. विश्वकर्मा आदि पर्दछन् । रिमालका भन्दा पहिले नै प्रगतिवादलाई अनुसरण गरेका युद्धप्रसाद मिश्र भने 'मसानको आवाज' (२०१०) बाट मात्र स्वच्छन्दतावादलाई पूर्णतः त्यागी प्रगतिवादलाई अँगाल्दछन् (भण्डारी, २०५५:४८) । उनका कवितामा मानवतावाद, जनवाद र आशावादपूर्ण मार्क्सवादी चिन्तनका स्वरहरू स्पष्ट देखिन्छन् ।

केवलपुरे किसानका 'बाघ आयो' (२००९) 'नेपाल नछो' (२०१०), 'समातेर पछार'( २०१२), 'बोको खस्यो' (२०५०), 'छि :छि' (२०१५) कृष्णचन्द्र प्रधानको 'भञ्ज्याङनिरै' ( २००८), कविता सङ्ग्रह प्रगतिवादी सिद्धान्तभित्रका कविता हुन् । केवलपुरे किसान त सामन्ती अन्याय-अत्याचारको खोइरो खन्ने वैरी हुन् र साम्राज्यवाद एवम् विदेशी प्रभुत्वको उछितो काढ्ने जोधाहा कवि नै हुन् । उनी त निर्धा, गरिब, सुकुम्वासी, दलित, विधवा, टुहुराटुहुरी, सामन्तहरूबाट लेखिएका प्रदेशी र शोषित-पीडित जनताका वाणी हुन् (प्रश्रित, २०६१:३१) । यसैगरी गोकुल जोशीको 'नेपालको भविष्य' (२०११) भूपि शेरचनका 'नयाँ झ्याउरे' (२०१४), 'घुम्ने मेञ्चमाथि अन्धो मान्छे' (२०२६) आदि कविता सङ्ग्रहबाट नेपाली प्रगतिवादी कविताको बाटो फस्टाएको छ । यस्तै प्रगतिवादी धारालाई नै आत्मसात् गर्ने कवि आनन्ददेव भट्टका 'अब हिमालय बोल्छ' (२०१५), 'आमा बोलाउँछिन्' (२०१७), जनकप्रसाद हुमागाईका 'किसानको गीत' (२०१६), 'एउटै नारा लगाउनु छ अब' (२०१६) 'नेपाल आमाको सत्यवचन' (२०१६), टी.आर. विश्वकर्माको 'बाँच्ने ठूलो' (२०१६), हृदयचन्द्रसिंह प्रधानका 'एउटा गरीब' (२०१२), 'छोरोसित' (२०१६), युद्धप्रसाद मिश्रको 'मसानको आवाज' (२०१०) आदि कृतिहरू उत्कृष्ट रूपमा रहेका छन् (भण्डारी, २०५५:५२) । यसरी प्रगतिवादी विचारलाई समेटेर रचना गरिएका कृतिहरूले नेपाली समाज र साहित्यको विकास क्रमलाई अघि बढाउन सहयोग गरेको पाइन्छ ।

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि स्वतन्त्र धाराका रूपमा प्रगतिवादले अस्तित्व जमाएको हो । २०१७ सालको शाहीकाण्डपछि कम्युनिस्ट आन्दोलनमा विभिन्न गुट उपगुट देखिए पनि प्रगतिवादी कवितामा भने मार्क्सवादी चिन्तन नै हुनुपर्छ भन्ने मतैक्यता रहिरह्यो । फलस्वरूप नै २०३६, २०४६ र २०६२-६३ को आन्दोलनमा समेत यस प्रकारका कविताले महत्त्वपूर्ण भूमिका खेले । अहिले पनि लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि प्रगतिवादी कविता र प्रगतिवादी कविको महत्त्वपूर्ण स्थान छ र समसामयिक नेपाली प्रगतिवादी कविताको केन्द्रीय प्रवृत्ति गणतन्त्रात्मक नेपालको

स्थापनामा सहयोगी भूमिका खेल्नु पनि रहेको छ (तिमल्सेना, २०६५:११-१२) । यसरी प्रगतिवादी कविता परम्पराले समय सापेक्ष समाजवादी, सुधारवादी र क्रन्तिकारी उन्नतीका बाटाहरू अबलम्वन गरेको छ ।

प्रगतिवादी नेपाली कविताको चर्चा गर्ने क्रममा सम्भिनै पर्ने अन्य कवि र कृतिहरूमा केवलपुरे किसानका फुटकर कविता र गीतका साथै ' केवलपुरे किसानका गीत र कविताहरू' शीर्षकसङ्गालो, युद्धप्रसाद मिश्रको 'बाढी' कवितासङ्गालो, 'मुक्तसुदामा' काव्य, रामचन्द्र भट्टराई, शारदारमण नेपाल, बोधराज काफ्लेका फुटकर कविताहरू, राजीवको 'कमिनी आमा' कवितासङ्गालो र 'लू शुन' खण्डकाव्य, मोदनाथ प्रश्रितको 'देवासुर सङ्ग्राम' काव्य, गोविन्द भट्टको 'शान्ति सन्देश' काव्य, वासुदेव अधिकारीको 'समयका स्वरहरू' कवितासङ्गालो, मित्रलाल पंज्ञानीका 'उम्रन्छन् आँसुका वृक्ष' कवितासङ्गालो र 'गतिमान गण्डकी' काव्य, नुमराज बरालको 'यस्तो लाग्छ' कविता सङ्गालो, मुख्यमुख्य हुन् (अधिकारी, २०५४:४७) । नेपाली प्रगतिवादी कविता लेखनको यसै परम्परामा समाहित भएर कवि दीनानाथ शर्मा पनि कविताका माध्यमबाट अगाडि बढेको पाइन्छ ।

मार्क्सवादी विश्वदृष्टिकोणमा प्रगतिवाद आधारित छ । मार्क्सवादी विश्वदृष्टिकोणका दुई मूलभूत दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हुन् । त्यसैले प्रगतिवादका दार्शनिक आधार भनेका पनि द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद नै हुन् । प्रकृतिका घटनाहरूमा अविराम परिवर्तन आइरहने र परिवर्तन आउनुभन्दा पहिले आन्तरिक रूपमा विरोधी तत्त्वहरू बीच सङ्घर्ष हुने प्रक्रियालाई द्वन्द्वात्मक भौतिकवाद भनिन्छ भने समाज विकासको इतिहासलाई विश्लेषण गर्ने भौतिकवादी चिन्तनलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । मार्क्सवादकै साहित्यिक अवतरणका रूपमा प्रगतिवाद रहेको हुँदा यही मार्क्सवादी दर्शनलाई मूल आधार मानेर रचना गरिएका कला साहित्यलाई प्रगतिवादी कला साहित्य भनिन्छ । मार्क्सवादी दर्शनलाई केन्द्रमा राखेर रचना गरिएका कविताहरू नै प्रगतिवादी कविता हुन् । प्रगतिवादी कविताका विभिन्न प्रवृत्तिहरू रहेका छन् । यथार्थवादी दृष्टिकोण, इतिहास चेतना र भविष्यप्रतिको आशा, वैचारिक प्रतिबद्धता र सामन्तवाद पुँजीवाद विरोधी स्वर प्रगतिवादी कविताका प्रवृत्तिहरू हुन् । यसै गरी मानवीय मूल्य र सौन्दर्यप्रति आस्था, वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वास, धार्मिक अन्धता र ईश्वरीय सत्ताप्रति अविश्वास यी पनि प्रगतिवादी कविताका प्रवृत्तिहरू नै हुन् ।

यिनै प्रवृत्तिहरूलाई अङ्गीकार गरेर लेखिएको प्रगतिवादी साहित्यको विकास परम्परा विशिष्ट प्रकारको छ । मार्क्सपूर्व यथार्थवादका रूपमा अगाडि बढेको यो चिन्तन परम्परा मार्क्स र एङ्गेल्समा आइपुग्दा प्रगतिवादका रूपमा विकसित हुन पुग्यो । यसपछि साहित्यिक, साङ्गठनिक र राजनीतिक गरी तिन धारबाट प्रगतिवाद अगाडि बढ्न पुग्यो । यसपछि साहित्यिक रूपमा अगाडि बढेको प्रगतिवादी चिन्तन नेपाली साहित्यमा पनि प्रवेश गऱ्यो । नेपाली कविताको स्वच्छन्दतावादी धारामा नै प्रगतिवादको सूत्रपात भयो भने गोपालप्रसाद रिमालको 'आमाको सपना'(२०००) कृतिबाट नेपाली कविताका क्षेत्रमा प्रगतिवादले औपचारिक प्रवेश पायो । यस चिन्तन परम्परालाई पछ्याउँदै कविताकाव्य लेख्ने विभिन्न साहित्यकारहरूको समूहमा दीनानाथ शर्मा पनि देखिए । वि.सं. २०२३ सालबाट औपचारिक रूपमा कविता यात्रा सुरू गरेका शर्माले वि.सं. २०५६ सालबाट प्रगतिवादी विचारधाराका कृति प्रकाशन गर्दै निरन्तर रूपमा प्रगतिवादी प्रवृत्ति अनुरूपका रचना सिर्जना गर्दै आएका छन् । उनै शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा रहेको प्रगतिवादी चेतना प्रगतिवादी मान्यता कै आधारमा विश्लेषण गर्ने कार्य यस शोधपत्रमा गरिएको छ ।

# परिच्छेद तीन

## दीनानाथ शर्माको जीवनी, व्यक्तित्व र काव्ययात्रा

### ३.१ दीनानाथ शर्माको परिचय

#### ३.१.१.जन्म र बाल्यकाल

प्राकृतिक रमणीयताले भरिपूर्ण पश्चिम नेपालको मध्यपहाडी जिल्ला बाग्लुङको दक्षिण पूर्वी सुन्दर गाँउ बा.न.पा. वडा नं. १२ अमलाचौरमा अवस्थित गहतेरा भन्ने ठाउँमा पिता शशिधर पाध्या र माता यशोदा पाध्याका प्रथम सन्तानका रूपमा वि.सं. २००३ साल साउन ४ गते शुक्रबारका दिन दीनानाथ शर्माको जन्म भएको हो । उनी दुई छोरा र तीन छोरी मध्ये जेठा छोरा हुन, उनी पछिका बहिनीहरू टेकनदेवी, मनरूपा र राधिकाले दुःख, सुख आफ्नो पारिवारिक जीवन बिताइरहेका छन् भने भाइ सानै उमेरमा खसेको कुरा अवगत हुन्छ । सामान्य किसान परिवारमा जन्मे हुर्केका शर्माको लालनपालन सामान्य ढङ्गबाट नै भएको पाइन्छ । घर परिवारमा रोजगारीका नाममा कृषकको काम भएको हुनाले केही आर्थिक विपन्नता भएता पनि प्रशस्त जग्गा जमिन भएका कारण समय र परिवेश अनुसार बाल्यकाल सुखमय नै बित्यो । रमणीय एवं ऐतिहासिक स्थान बलेवा भैरवस्थानको कोटसँगै रहेको अमलाचौरमा शर्माको बाल्यकाल विस्तारै अघि बढ्दै गएको पाइन्छ । (शोधनायकसँगको अर्न्तवार्ता, २०७६/६/२३) ।

#### ३.१.२. शिक्षा दीक्षा

शिक्षाको पहिलो खुड्किलो आफ्नो घर भएकाले सामान्य अक्षर घरमै सिके पनि मध्यम वर्गीय कृषक परिवारमा जन्मिएका उनले गाँउमा पठनपाठनका लागि उपयुक्त वातावरण नभएको हुदाँ निकै चुनौती बेहोर्नु परेको थियो । आमाको निर्देशनमा वसन्त पञ्चमीको अवसर पारी गुल्मीबाट आएका वेदान्ती वैष्णव गुरूबाट अक्षरारम्भ गरेका शर्माले डाँडाँखेते पण्डित भनेर चिनिने पण्डित छविलालसँग वैदिक ज्ञान प्राप्त गर्ने अवसर मिलेको थियो (शोधनायकसँगको अर्न्तवार्ता २०७६/०६/२३) । शर्माले प्रारम्भिक औपचारिक शिक्षाको सुरुवात बाबाको आग्रह र छिमेकी दाजु डिल्ली प्र. पौडेलको सहयोगमा १३ वर्षको उमेरबाट प्रारम्भ गरेका हुन । उनले वि.सं. २०१७ साल भदौबाट छिमेकी गा.वि.स. पैयूँपाटामा स्थापना भएको त्रिभुवन मिडियम स्कुलमा कक्षा ५ मा भर्ना भई अंग्रेजी शिक्षाको अध्ययन प्रारम्भ गरेका थिए । उनले प्रारम्भिक चरणको अध्ययनमै आफ्नो तीक्ष्ण बुद्धिका

कारण प्रथम स्थान प्राप्त गरी पारिवारिक खुशी तुल्याएका थिए । त्यसपछि राष्ट्रिय बहुद्देश्यीय माध्यामिक विद्यालय पोखरामा अध्ययन सुरु गरेका शर्माको बालमस्तिष्कमा तत्कालीन शासन व्यवस्थामा राजा महेन्द्रले 'कु' गरेर पञ्चायतको घोषणा गरे लगत्तै नेपाली काङ्ग्रेस समर्थक आफ्ना गुरू घनश्याम मर्स्यानीको गिरफ्तारीले उनको राजनीतिक चेतनालाई तरङ्गीत् पार्नुका साथै अध्ययन कार्यलाई पनि प्रभाव पार्‍यो । तत् पश्चात पुनः पैयूँपाटा मै पढाइलाई निरन्तरता दिन पुगेका शर्माले कक्षा १० सम्म अध्ययन गरि परिस्थितिबस वि.सं. २०२३ सालमा हाइस्कुलको परीक्षा दिन बनारस गए र त्यहीँबाट प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण गरे, लगनशील र परिश्रमी भएकै कारण बनारसबाटै इन्टरमिडियट उत्तीर्ण गरेका शर्माले त्रि.वि. बाट वी.ए. प्राइभेट र वी.एड. नियमित इनसर्भिस उत्तीर्ण गरेपछि वि.एल गर्दै गर्दा राजनैतिक कारणले जेल जीवन बिताउन विवश भए । शर्माको स्नातक गर्ने चाहना पूर्ण हुन सकेन (शोधनायकसँगको अर्न्तवार्ता २०७६/०६/२३) ।

### ३.१.३. विवाह तथा पारिवारिक जीवन

मानिस सामाजिक प्राणी हो । सामाजिक जीवनका विभिन्न अपरिहार्य तत्त्व मध्ये विवाहलाई पनि महत्त्वपूर्ण मानिन्छ । दीनानाथ शर्माको विवाह वि.सं. २०२६ साल मंसिर २६ गते बा.न.पा. ४ कुडुले निवासी दण्डपाणी आचार्यकी छोरी चन्द्रकला आचार्य (सरला शर्मा) सँग भयो । शर्मा वामपन्थी राजनीतिमा लागेका व्यक्ति भएका कारण अन्तर जातीय विवाह गर्ने चाहना भएता पनि कुल परम्परा र वैदिक विधान अनुसार गरिएको यस विवाह पछि राजनीतिक झण्डा बोकेर पञ्चायत विरोधी नेता, सामाजिक अगुवा तथा शिक्षक भएर हिडेको लोग्नेलाई सहयोग गर्दै सरलाले आफ्नो कृषक जीवनलाई सार्थक तुल्याएकी थिइन् । श्रीमान्का सम्पूर्ण बाधाअड्चनको सामना गर्ने अर्धाङ्गिनी सरला र शर्माबाट तीन छोरी र दुइ छोरा क्रमशः शान्ता, शारदा, कल्पना, राजन र साजनको जन्म भएको छ ( शोधनायकसँगको अर्न्तवार्ता २०७६/०६/२३) ।

### ३.१.४ साहित्यिक प्रेरणा र पृष्ठभूमि

बालबालिकाको पहिलो पाठशाला घर हो । हरेक मानिसले घर पछि समाज, वातावरण आदिबाट धेरै कुरा सिक्ने अवसर पाउँछ । साहित्य लेखनमा शर्मा निश्चित व्यक्तिका निश्चित कृतिबाट मात्रै प्रभावित नभई जीवनका कटु यथार्थपरक भोगाइ,

सामाजिक र राजनीतिक पक्षहरूबाट पनि लेखनमा आकृष्ट भएको पाइन्छ । यसै गरी प्राकृतिक सौन्दर्यता, जीवन भोगाई, शासक वर्गको जीवन चरित्र, शासन पद्धति, निम्न मध्यमवर्गीय एवं मजदुर वर्गका साथमा सर्वहारा वर्गका पीडा तथा वेदनाका मार्मिक अभिव्यक्तिहरू उनका साहित्यिक लेखनका केन्द्रबिन्दु मानिन्छन् । साहित्यिक क्षेत्रलाई उत्तर आधुनिकताले नराम्रोसँग गाँजेको परिवेशमा सामाजिक रूपमा देखिएका यथार्थपरक घटनाक्रम, राजनैतिक परिस्थितिका साथै वर्गीयद्वन्द्व पनि कवि मनमा साहित्य सिर्जनाको धरातलका रूपमा प्रस्फुटन भएको बुझिन्छ । यिनै परिवेशबाट शर्मालाई साहित्य लेखनको प्रेरणा मिलेको पाइन्छ ।

प्रारम्भिक साहित्य लेखनको प्रेरणा भने शर्माले भोजपुरे गुरू भनेर परिचित शिक्षक पूर्णप्रकाश नेपालबाट विद्यालयकालमा पाएका थिए । औपचारिक रूपमा बनारसमा रहँदा वि.सं. २०२३ सालमा 'सिर्जना' पत्रिका सम्पादन गरी सोही पत्रिकामा 'गुलाबप्रति' र 'इच्छा' कविता प्रकाशन गरे, उनी साहित्य लेखनको सुरूदेखि नै लक्ष्मी प्र. देवकोटाबाट बढी नै प्रभावित भए भने पूर्वीय साहित्यका आदिकवि भानुभक्त, वी.पी. कोइराला, बालकृष्ण समका विभिन्न साहित्यिक कृतिबाट जीवनका आरोह-अवरोह पार गर्न धेरै प्रेरणा मिलेको शर्मा बताउँछन् । अन्तर्राष्ट्रिय साहित्यकार तर्फ राहुलको साहित्य, प्रेमचन्द, लुसुन, गोर्की र टाल्सटाय जस्ता साहित्यकारलाई प्रेरणाका स्रोत बनाएका शर्मालाई चिन्तन धाराका हिसाबले मार्क्स, लेनिन र माओको सिद्धान्त अनुशरण योग्य लागेको छ (शोधनायकसँगको अर्न्तवार्ता २०७६/०६/२४) ।

मानव चेतनाभित्र र मानव चेतना बाहिरको वस्तुगत यथार्थप्रति अगाध प्रेम गर्ने शर्माले आफ्ना कृति मार्फत सामाजिक विभेद र उत्पीडनमा पारिएका गरिखाने वर्गको पक्षमा उभिएर आफ्ना अभिव्यक्तिहरू बुलन्द पार्न यस क्षेत्रमा अग्रसर गराउनका लागि सदैव मलाई अन्तर आत्मबाट प्रेरणा र उपयुक्त वातावरण दिएर छरिएर रहेका विचार शैली र कलालाई शब्दहरूमा सुरक्षित राख्न र राजनैतिक परिवेशबाट अपमानित र तिरस्कृत समाजमा निडर भएर लड्न सहयोग पुऱ्याउने मेरी जीवन सङ्गिनी एवं पथप्रदर्शक सरला छिन भन्छन् (जनमत २०७५, साउन, साहित्यिक मासिक पत्रिका) ।

### ३.१.५ लेखन आरम्भ प्रकाशित रचना/कृति

सानै उमेरदेखि साहित्यिक क्षेत्रमा लागेका शर्माका थुपै कविता, निबन्ध, नियात्रा र फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनको सिर्जनाको संसार कविता र निबन्धमा मात्र सीमित छैन । सैद्धान्तिक वैचारिक र दार्शनिक चिन्तन विवेचन गरी पस्किएका पाँचवटा राजनीतिक कृतिहरू समेत छन् तसर्थ उनको क्षेत्र व्यापक छ । हाइस्कुलको परीक्षा दिन बनारस रहदाँ बस्दा धवलागिरी छात्रमण्डल गठन गर्न पहल गरेका शर्माले साहित्यिक पत्रिका 'सिर्जना' को सम्पादन गरी सोही पत्रिकामा वि.सं. २०२३ सालमा 'गुलाबप्रति' र 'इच्छा' कविता प्रकाशन गरी साहित्यिक एवं कवि व्यक्तित्वका रूपमा उभिएका थिए । शर्मा राजनीतिक यात्राको क्रममा राजनैतिक वैचारिक लेख **'सशस्त्र सङ्घर्षबारे विश्व सर्वहारा दृष्टिकोण'**(२०५६) पुस्तक प्रकाशन गरेकै कारण पार्टी कार्वाहीमा परेका थिए । राजनैतिक परिवेशका कारण प्रकाशनार्थ पठाएको पहिलो **कथा सङ्ग्रह** प्रेसबाटै जफत भएको सहित उनका प्रशस्त कथा, कविता र सिर्जनाहरू द्वन्द्वकालमा नष्ट भएको जानकारीमा आउँछ । कवि शर्माका हालसम्मका कृतिहरूमा **'संसदीय चुनाव बहिष्कार र उपयोगको प्रश्न'**(२०५६), **'युद्धविराम शान्तिवार्ता र अग्रगामी निकास सम्बन्धी विवादबारे'**( २०६०), **'युद्ध र वार्ता बिचको द्वन्द्वात्मक सम्बन्ध'**(२०६३), **'क्रान्तिकारी विद्रोहका आधारहरू'** (२०६३) राजनीतिक लेखहरू प्रकाशित छन भने **'जीवन यात्रा र जीवन'**(निबन्ध सङ्ग्रह २०६६), **'तरङ्ग'**(कविता सङ्ग्रह २०७०) **'अक्षरको खेती'**(निबन्ध सङ्ग्रह २०७१) **'यात्रा र अनुभुति'**(नियात्रा सङ्ग्रह २०७३), **'बाह्रखरीको बोटमुनि'** (निबन्ध सङ्ग्रह २०७४), लगायत कैयन लेख रचनाहरू मधुपर्क, गरिमा, गोरखापत्र, जनमत साप्ताहिक आदि पत्रपत्रिका मा प्रकाशित छन् ।

### ३.१.६ पेसा

साहित्यिक क्षेत्रमा अग्रस्थानका कवि एवं निबन्धकारको छवि बनाउन सक्षम दीनानाथ शर्मा राजनीतिक रूपमा नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा) का सक्रिय एवं बौद्धिक व्यक्तित्व हुन् । वर्तमान राजनैतिक परिवेशमा राष्ट्रिय सभाका सदस्य रहेका कवि शर्माले वि.सं. २०२२ साल चैत्रमा त्रिभुवन मा.वि. पैंयूपाटामा मासिक ९० रुपैंया तलब पाउने गरी शिक्षण पेसा सुरु गरेका थिए । त्यसपछि क्रमशः पृथ्वी प्रा.वि. अमालाचौर, बिजुवा प्रा.वि पैंयूथन्थाप, अमर नि.मा.वि बिहुँ, जनता मा.वि. सर्कुवा, बाग्लुङमा अध्यापन गराएका

शर्मालाई वि.सं. २०२९ सालमा नयाँ शिक्षा नीति लागु भए लगत्तै जिल्ला शिक्षा कार्यालयले लक्ष्मी नारायण नि.मा.वि अमलाचौरमा प्रधानाध्यापकका रूपमा नियुक्ति गऱ्यो । त्यसै समयमा दुईवर्षे इनसर्भिस डिप्लोमा गरेपछि वि.सं. २०३३ सालबाट पुनः त्रिभुवन मा.वि पैंयूपाटामा अंग्रेजी शिक्षक बनेर वि.सं. २०४० सालसम्म पढाएका थिए ।

शिक्षण पेसालाई गौण बनाएर वामपन्थी राजनीतिमा सक्रिय रहेका शर्मा वि.सं. २०३६ सालमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको संस्थापक सदस्य बनेर शिक्षक हकहितको पक्षमा सक्रिय भूमिका खेलेका थिए । वि.सं. २०३६ साल मै जेलजीवन बिताउन बाध्य भएका शर्मालाई वामपन्थी राजनीति गरेको आरोपमा त्रिभुवन मा.वि सञ्चालक समितिको सिफारिसमा जिल्ला शिक्षा समितिले १८ बर्षे स्थायी जागिरबाट बर्खास्त गऱ्यो । वि.सं. २०४० साल माघमा आफ्नै गाउँ अमलाचौरमा रहेको पृथ्वी प्रा.वि. लाई पृथ्वी मा.वि. मा रूपान्तरण गरे, त्यसपछि अस्थायी अनुमतिको लडाइमा सघाएको भन्दै पञ्चायती शासकले डिल्ली प्रसाद शर्मालाई जिल्ला शिक्षा अधिकारीबाट बर्खास्त गरेको थियो । लगत्तै पृथ्वी मा.वि. अमालाचौरमा पढाउन पुगेका शर्माले वि.सं. २०४२ साल वैशाख २ गतेसम्म पढाएका थिए । त्यसपछि वामपन्थी राजनीति गरेको भनेर राज्यले देशव्यापी वारेन्ट जारी गरिसकाले वि.सं. २०४२ देखि वि.सं. २०४६ सालसम्म शर्माले भूमिगत जीवन बिताएका थिए ।

शिक्षक विद्यार्थी र अभिभावक बीचमा इज्जत र सम्मान कमाउन सफल शर्मा पेशागत जीवनमा शिक्षक, समाजसेवी र वामपन्थी राजनीतिका सक्रिय नेता रहेका थिए । शर्मा जीवनका विभिन्न आरोह-अवरोहको सामना गर्दै सङ्घर्षशील जीवनलाई सार्थक तुल्याउन सफल व्यक्तित्व हुन् । उनी नेता मात्र नभएर साहित्यले अगुवाई गर्छ युगको, साहित्य रसिक हराभरा छ, कला र सौन्दर्य यसको आत्मा हो, राजनीति चैते धुप हो, वसन्तको बहार साहित्य हो, भनेर परिभाषित गर्ने कवि, निबन्धकार एवं सामाजिक व्यक्तित्व हुन् (शोधनायकसँगको अन्तर्वार्ता २०७६/०६/२४) ।

### ३.१.७. भ्रमण

समयको परिवर्तनसँगै आफूलाई परिचालित गरी देश, काल, परिस्थिति अनुसार चारैतिर घुम्न र ती ठाँउबाट ज्ञान हासिल गरी जीवनलाई व्यवहारोपयोगी र सार्थक बनाउन उद्दत हुनु मानवीय स्वभाव हो । बाग्लुङ जिल्लाको दक्षिण भेगमा अवस्थित रमणीय

स्थल अमलाचौरमा जन्मिएका शर्माले भारत, भुटान, श्रीलङ्का, थाइल्याण्ड, अष्ट्रेलिया, जापान, चीन, इटाली, स्पेन, पोर्चुगल बेलायत, फ्रान्स, जर्मनी, स्वीजरल्याण्ड, नेदरल्याण्ड, बेल्जियम, डेनमार्क, स्वीडेन, अमेरिका, कतार लगायत विभिन्न देशहरूको भ्रमण गरेका छन् ( शोधनायकसँगको अन्तर्वार्ता २०७६/०६/२४) ।

### ३.१.८ सेवा पुरस्कार

साहित्य रसिक हराभरा छ । कला र सौन्दर्य यसको आत्मा हो भन्ने शर्मा उमेरले ७२ वसन्त पार गरिसकेका छन् । समय अनुसार उनले विभिन्न किसिमका सेवामा आफूलाई सरिक तुल्याउदै आएका छन् । वि.सं. २०२२ सालदेखि अनवरत रूपमा शिक्षण पेसामा लागि परेका उनले शिक्षाको क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण छ । बाल्यकालदेखि नै साहित्यिक क्षेत्रमा रूचि राख्दै आएका शर्माले १८ वर्ष शिक्षण पेसा अँगाली वाम राजनीति, सामाजिक अगुवा एवं सफल साहित्यकारका रूपमा सुपरिचित छन् र शर्मा विभिन्न संघ संस्थाहरूमा संलग्न रहेका छन् । दीनानाथ शर्मा साहित्य विज्ञान प्रतिष्ठान नेपालद्वारा प्रदान गरिने 'राष्ट्रिय निबन्ध तारा पुरस्कार' तथा सम्मान २०७३, 'नीलकण्ठ पौडेल स्मृति प्रतिष्ठान'द्वारा स्रष्टा सम्मान-२०७४ 'उत्तमशान्ति पुरस्कार' २०७४ ढोरपाटन राष्ट्रिय दैनिकद्वारा प्रदान गरिने-'नेपाली भाषा साहित्य सिर्जना पुरस्कार'-२०७३, 'सत्यमोहन जोशी शताब्दी पदक'-२०७४ 'रत्नश्रेष्ठ पुरस्कार तथा सम्मान' २०७५, 'देशभक्त गणतान्त्रिक मञ्चद्वारा साहित्य सम्मान', 'संविधान सभा पदक'-२०७६ आदि पुरस्कार तथा सम्मानपत्रले सम्मानित भएको पाइन्छ (शोधनायकसँगको अन्तर्वार्ता २०७६/०६/२४) ।

## ३.२ व्यक्तित्व

बाग्लुङ जिल्लाको दक्षिण भेगमा अवस्थित सुन्दर गाँउ अमलाचौरमा जन्मे हुर्केका शर्माको शारीरिक बनावट हृष्टपुष्ट देखिन्छ । करिब ५ फीट उचाइ भएका गहुँगोरो वर्ण र बाटुलो अनुहार भएका शर्माको उचाइ र मोटाइको अनुपात समान देखिन्छ । सधैं सफा सुग्घर र हसिँलो अनुहार देखिने शर्मालाई कोमल हृदय भएका मिलनसार र मृदुभाषी व्यक्तित्वका रूपमा चिनिन्छ ।

सामान्य नेपाली पहिरन दौरा सुरुवाल, कोट पाइन्ट र ट्र्याक सुट लगाउन मन पराउने शर्माको मन पर्ने रङ हरियो हो । आफ्नै स्वदेशी उत्पादनलाई विशेष ग्राह्यता

दिनुपर्छ भन्ने शर्माले स्वस्थ, सादा र सात्विक खाना मन पराउँछन् । जीवनमा अनेकौं हण्डर र ठक्कर खाएका शर्माले आफ्नो सङ्घर्षशील जीवनचर्याबाट कहिल्यै हरेस् खाएनन् । **“दुश्मनका अगाडि कायर बनेर कायलनामा कहिल्यै नगर्नु बरू मरेर जानु”** भन्ने आमाको महान् भनाइले उनलाई सधै डटिरहन साहास मिल्यो । शर्माले जीवनलाई दुःख, सुखको संगम, आँशु र हाँसोको दोभान र सङ्घर्षको पर्याय मान्दछन् । उनी भन्छन् आफू अलि उदार र खुला प्रकृतिको भएकाले जीवनमा धेरै शत्रु कमाउनु परेको छैन । बाल्यकालदेखि नै निरन्तरको अभ्यासले साहित्य लेखनमा बढी केन्द्रित बनेका शर्माको रूचि सर्वहारावर्गको मुक्ति र सामाजिक उत्पीडनका विरुद्ध खरो उत्रने भएकोले निरन्तर राजनीतिक काम कार्यमा व्यस्त छन् भने पछिल्लो समय साहित्य लेखन मै आकृष्ट भएको पाइन्छ ।

### ३.२.१ कवि व्यक्तित्व

स्रष्टा जन्मेको देश, बाचेको समय र खाइखेली हुर्केको परिवेशबाट उसको सिर्जना अनुप्राणित हुन्छ । ऊ आफ्नो देश, काल र व्यक्तित्व भन्दा पर गएर सिर्जना र कल्पना गर्न सक्दैन, यसको तात्पर्य सर्जकले आफूले जे भोग्छ र जस्तो अनुभव गर्छ त्यसैबाट पैदा हुने अनुभूतिलाई कल्पनाको रसायनबाट कलात्मक अभिव्यक्ति दिएपछि मात्र एउटा सुन्दर रचना तयार हुन्छ । जीवनलाई सुख, दुःखको सङ्गम, आँशु र हाँसोको दोभान तथा सङ्घर्षको पर्याय मान्ने शर्माले भौतिकवादी दर्शनको पक्षपाति भएर मानवचेतना भित्र र बाहिरको यथार्थप्रति विश्वास राख्दै सामाजिक विभेद र उत्पीडनमा पारिएका सर्वहारा गरिखाने वर्गको कित्तामा उभिएर लेखिने कलात्मक अभिव्यक्ति, अनुभूतिको सुन्दर र शिष्ट प्रस्तुति नै साहित्य हो, साहित्य जीवन दर्शक र सौन्दर्य हो भन्दछन् (शोधनायकसँगको अन्तर्वार्ता २०७६/६/२४) ।

सामाजिक एवं राजनीतिक सिलसिलामा विभिन्न स्थानको दौडाहाका क्रममा आँखै अगाडि देखिएका भाव र रहस्यका साथै सामाजिक परिस्थिति विसङ्गति सामाजिक एवं वर्गीय विषमता, शोषणको विरोध, सर्वहारावर्गप्रति सहानुभूति र मानवीय जीवनका यथार्थपरक घटनाक्रममा केन्द्रित रहेर कविता लेख्ने शर्माको कविता यात्राको प्रस्थानबिन्दुका रूपमा आफै सम्पादक रहेको धवलागिरी छात्र मण्डल वनारसको साहित्यिक पत्रिका ‘सिर्जना’ मा वि.सं. २०२३ वर्ष १-अंक १ ‘गुलाबप्रति’ कविता प्रकाशन भएको हो । शर्माले राष्ट्रिय तथा स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा फुटकर लेख रचनाहरू प्रकाशन गरेको पाइन्छ ।

हालसम्म उनका सैद्धान्तिक, वैचारिक र दार्शनिक चिन्तन विवेचन गरी पस्किएका पाँचवटा राजनैतिक कृतिहरू सहित पाँच निबन्ध सङ्ग्रह, १ नियात्रा सङ्ग्रहका साथमा १ कविता सङ्ग्रह गरी एक दर्जनको संख्यामा प्रकाशित कृतिहरू छन् भने केही कथा र कविता सङ्ग्रहहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यसरी हेर्दा शर्मालाई एक सशक्त कवि एवं साहित्यिक व्यक्तित्वको रूपमा हेर्न सकिन्छ ।

### ३.२.२ सामाजिक एवं राजनैतिक व्यक्तित्व

दीनानाथ शर्मा कवि, निबन्धकार तथा नेपाली राजनैतिक एवं सामाजिक व्यक्तित्वका रूपमा समेत परिचित नाम हो । उनले विभिन्न साहित्यिक, सामाजिक र राजनीतिक पदीय जिम्मेवारीमा रहेर नेपाल र नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । पूर्णतः राजनैतिक क्षेत्रमै आफ्नो जीवनलाई व्यस्त बनाएका शर्मामा वि.सं. २०१५ सालबाटै राजतैतिक चेतना जागृत भएको पाइन्छ । वि.सं. २०२३ सालमा प्रकाशित कविता 'गुलाबप्रति' बाट सार्वजनिक रूपमा साहित्यिक क्षेत्रमा देखा परेका शर्मा १८ वर्ष शिक्षण पेसामा कार्यरत रहि सामाजिक अगुवा भई शिक्षा क्षेत्रको उन्नतिका लागि वि.सं. २०३६ सालमा नेतृत्वदायी शिक्षक आन्दोलन गरे ।

बाग्लुङ जिल्लाको कम्युनिस्ट आन्दोलन स्थापना र सङ्घर्षमा अग्रपंक्तिका सक्रिय नेता समेत रहेका शिक्षक शर्मा तत्कालीन समयमा मसालका सक्रिय र जुझारू नेता थिए । सामन्तीका किर्ते तमसुक च्यात्ने, रक्सी विरोधी अभियान चलाउने, स्थानीय सामन्ती शासकहरूलाई कार्वाही गर्ने, जनतालाई सङ्गठित गर्ने, राजनीतिक प्रशिक्षण सञ्चालन गर्ने, मार्क्सवादी अध्ययन सामग्री प्रचार गर्ने, प्रेम विवाह गराउने जस्ता कार्यमा लाग्दै पार्टी भित्र र बाहिर सङ्घर्ष गर्दै आएका शर्मा सन् १९८७ मा मुम्बैमा भएको रीमको दक्षिण एशियाली क्षेत्रीय सम्मेलनमा भाग लिएँ । ने.क.पा. (माओवादी) मा प्रवेश गरेपछि कम्पोसाको संयोजक भएका शर्मा रीमको दक्षिण एशिया क्षेत्रीय सङ्गठनको इन्चार्ज समेत बनेका थिए । त्यस लगत्तै वि.सं २०४३ मा काठमाण्डौमा पार्टी इन्चार्ज बनेका उनी वि.सं. २०४६ सालमा पञ्चायत विरोधी आन्दोलनमा सक्रिय रहेका थिए । वि.सं. २०५० सालमा मसाल समूहबाट विद्रोह गरी ने.क.पा. मसाल विद्रोही समूह गठन गरे । वि.सं. २०५७ पुस ११ गते माओ जयन्तीका दिन ने.क.पा. (माओवादी) सित पार्टी एकता भएपछि पोलिट्ब्यूरो सदस्य भएका नेता शर्मा वर्तमान राजनैतिक परिवेशमा ने.क.पा.बाट राष्ट्रिय सभाका सदस्य भएर

कार्यभार सम्हालेका छन् । अहिले जीवनको ७३ औं वसन्तमा दौडिरहेका शर्मा कम्युनिस्ट पार्टीमा लागेर सामाजिक एवं राजनीतिक क्षेत्रमा काम गर्न थालेको ५३ वर्ष भएको बताउँछन् । क्रान्ति निरन्तर चल्ने प्रक्रिया हो र चलिरहेको छ । म मेरो यात्रा अविराम दौडाइरहेको छु उनी भन्छन् नेपालमा क्रान्ति पूरा हुन अझै बाँकी छ । त्यसका लागि विगतमा भन्दा झनै सक्रिय बन्नु पर्ने आवश्यकता महशुस हुन्छ (शोधनायकसँगको अन्तर्वार्ता २०७६/०६/२४) ।

## ३.३ काव्ययात्रा

आधुनिक नेपाली साहित्यका कविता, निबन्ध र नियात्रा उप-विधामा सुपरिचित नाम हो दीनानाथ शर्मा । उनले प्रारम्भिक चरणको अध्ययनका क्रममा भोजपुरे गुरूले परिचित पूर्णप्रकाश नेपालद्वारा साहित्यिक प्रेरणा प्राप्त गरे, माध्यमिक तहसम्मको अध्ययनका सिलसिलामा विभिन्न विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरूमा मिठा-मिठा रचना वाचन गर्ने शर्माको प्रारम्भिक काव्य यात्राका रूपमा लिन सकिन्छ ।

वि.सं. २०१७ साल पुस १ गते राजा महेन्द्रले 'कु' गरेर पञ्चायतको घोषणा गरे लगत्तै आफ्ना कक्षा शिक्षक घनश्याम मर्स्यानीलाई प्रहरीले गिरफ्तार गऱ्यो । उनी नेपाली काङ्ग्रेस समर्थक रहेछन् भन्ने कुरा थाहा भयो । यस काण्डले उनको जीवनमा राजनीतिक तरङ्ग ल्याएको पाइन्छ । आफ्ना बाजे बराजुको पालामा गाउँका शोषक सामन्ती केही व्यक्तिको मिलेमोतोमा जग्गा गुमाउनु परेको परिवेशका कारणले उनको परिवार तत्कालीन शासक वर्गप्रति असन्तुष्ट थियो । यी र यस्तै परिस्थितिका बिच सामाजिक असमानता, विकृति, विसङ्गतिका विरुद्ध लड्नु पर्छ भन्दै शर्मा सन् १९७९ मा कम्प्युनिस्ट पाटीको सदस्यता लिएर अगाडि बढे । अध्ययनशील भैकन पनि राजनीतिक चेतनाको गहिरो छाप परेका शर्माले वि.सं. २०१७ सालदेखि सानै उमेरमा लेखेका प्रशस्त साहित्यिक कृतिहरू राजनीतिक व्यक्ति भएकै कारण द्वन्द्वकालमा सेनाद्वारा घरबाट झिकी नष्ट गरेको पाइन्छ । तत्पश्चात् वि.सं. २०५८ साल सम्ममा लेखिएका कथाहरूको सङ्ग्रह टेकबहादुर थापाको भरतपुरको प्रेसमा प्रकाशनार्थ पुऱ्याए पनि सेनाले उक्त कथा सङ्ग्रहलाई आफ्नो कब्जामा लिए पछि प्रकाशनको क्रममा रहेको उक्त सङ्ग्रह गर्भ मै तुहिएको थियो । एकातर्फ साहित्यिक चेतना र अर्को तर्फ कम्युनिस्ट आन्दोलनका अभियन्ता शर्माले आफ्नो जीवनमा आई पर्ने विविध बाधा-अवरोधका बिच साहित्य लेखनलाई पुनः निरन्तरता दिएको पाइन्छ ।

विद्यार्थी कालदेखिबाट नै साहित्यिक एवं राजनीतिक यात्रा प्रारम्भ गरेका शर्मा वि.सं. २०२८ सालमा केन्द्रीय न्युक्लियस चौममा सक्रिय भए वि.सं. २०२६ सालमा गठन भएको नेपाल राष्ट्रिय शिक्षक संगठनको संस्थापक सदस्य बने, शिक्षक आन्दोलनमा सक्रिय शर्मालाई पञ्चायती शासकले वि.सं. २०४१ सालमा स्थायी शिक्षकबाट बर्खास्त गरी देशव्यापी वारेन्ट जारी गरेपछि वि.सं. २०४२ वैशाखबाट भूमिगत जीवन बिताए । त्यसै समयदेखि ने.क.पा. (मसाल) को केन्द्रीय नेतृत्वमा क्रियाशील शर्माले वि.सं. २०४६ मा संयुक्त राष्ट्रिय जनआन्दोलन समितिको गठन र चैत्र २४ को कार्यक्रममा भूमिगत नेतृत्व गरेका थिए । वि.सं. २०४७ मा ने.क.पा. (मसाल) को पार्टी प्रवक्ता रहेका शर्मा २०५५ सालमा उक्त पार्टीमा विद्रोह गरी ने.क.पा. (मसाल) विद्रोही समूह गठन गरी महासचिव बने, वि.सं. २०५७ पुस ११ पछि ने.क.पा. (माओवादी) सित पार्टी एकता गरी पोलिट्ब्यूरो सदस्यको जिम्मेवारी सहित जनयुद्धमा सामेल भएका शर्माले वि.सं. २०६० को सरकार र माओवादी वार्ताको आन्तरिक सहजकर्ताका साथै वि.सं. २०६३ पछि शान्ति वार्ताको टोली सदस्य रहेर बृहत् शान्ति सम्झौता र अन्तरिम संविधान निर्माणलाई तार्किक निष्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउँछन् ।

कम्युनिस्ट राजनीति नजिक रहेका शर्माले राजनैतिक दौडाहाकै क्रममा सैद्धान्तिक राजनीतिक र वैचारिक लेख **'सशस्त्र सङ्घर्षबारे विश्वसर्वहारा दृष्टिकोण'**(२०५६) प्रकाशित गरेका कारण पार्टीबाट कार्वाहीमा परेका थिए । यस्तै उनका **'संसदीय चुनाव बहिष्कार र उपयोगको प्रश्न'**(२०५६), **'युद्धविराम शान्ति वार्ता र अग्रगामी निकास सम्बन्धी विवादबारे'** (२०६०) **'युद्ध र शान्ति बिचको द्वन्द्वात्मक सम्बन्ध'**(२०६२) **'क्रान्तिकारी विद्रोहका आधारहरू'**(२०६३), जस्ता राजनैतिक चेतना बुलन्दित भएका कृतिहरू प्रकाशित छन् भने **'जीवन यात्रा र जीवन'**(निबन्ध सङ्ग्रह २०६६) **'अक्षरको खेती'**(निबन्ध सङ्ग्रह २०७१), **'तरङ्ग'**(कविता सङ्ग्रह २०७०), **'यात्रा र अनुभूति'**(नियात्रा सङ्ग्रह २०७२) **'हिम फुलेको रात'**(निबन्ध सङ्ग्रह (२०७२), **'बाह्रखरीको बोटमुनि'**(निबन्ध सङ्ग्रह २०७४), **'कुलुङ्गाकी आमा'**(निबन्ध सङ्ग्रह २०७५), का साथमा विभिन्न गरिमा, मधुपर्क र गोरखापत्र लगायतका पत्रपत्रिकामा कविता, निबन्ध, संस्मरण र फट्कर लेख रचनाहरू प्रकाशित छन् ।

यसरी दीनानाथ शर्माको जीवनीगत काव्ययात्रालाई हेर्दा बाल्यकालमा प्रकृतिको रमणीयता, वसन्त ऋतुको उन्मादित भाव र उमङ्गले आफ्नो लक्ष्यलाई चरम उचाइमा पुऱ्याउने इच्छाका साथ अगाडि बढेको देखिन्छ । उनको लेखन कार्य विद्यार्थी कालबाटै

प्रारम्भ भएको पाइन्छ । कम्युनिस्ट आन्दोलनमा सक्रिय शर्माले सामाजिक विषमता, वर्गीय विषमता, कुरीति, कुप्रथा, विकृति विसङ्गतिलाई आफ्ना रचनामा समाहित गरेका छन् । आत्मपरक निबन्ध लेखनमा बढि सक्रिय शर्माले विश्व राजनीतिक परिवेश चित्रणका साथमा राजनैतिक वैचारिक लेखन कार्यलाई समेत प्राथमिकतामा राखेको पाइन्छ । वि.सं. २०२३ सालबाट औपचारिक लेखन यात्रा सुरु गरेका शर्माका प्रारम्भिक कालका छिटपुट रचना सुरक्षित भए पनि वि.सं. २०२३ साल देखि वि.सं. २०५५ साल सम्मका कथा, कविता र निबन्ध अप्राप्य नै छन् ।

यसर्थ दीनानाथ शर्माको सिङ्गो साहित्यिक यात्रालाई नियाल्दा उनलाई स्वच्छन्दतावादी र प्रगतिवादी धाराका सशक्त प्रतिभा मान्न सकिन्छ । उनका कवितामा स्वच्छन्दतावादी मान्यता देशप्रेम, मानवतावाद, प्रकृतिप्रेम, भावनाको प्रधानता र सामाजिक विषयवस्तु समेटिएको पाइन्छ । यसै गरी परिवर्तनको चाहना, भविष्यप्रति आशावादिता, सामाजिक/आर्थिक र राजनैतिक विषमता, वर्गविहीन समाजको अपेक्षा, शोषणको विरोध, विकृति विसङ्गति र मानवीय आडम्बरीपन, पुँजीपति वर्गको विरोध एवं व्यङ्ग्य प्रहार, सर्वहारा गरिखाने वर्गप्रति सहानुभूति, न्यायपूर्ण र समानतापूर्ण समाजको खोजी बाट प्रगतिवादी र राजनीतिक भ्रष्टता, मानवीय मूल्य र अस्मिताको खोजी आदि विषयवस्तुहरू कवितामा स्पष्ट पाइने हुँदा शर्मालाई प्रगतिवादी धाराका सशक्त कविको रूपमा चिन्न सकिन्छ ।

# परिच्छेद चार

## दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना

### ४.१ 'तरङ्ग' कविता सङ्ग्रहको अध्ययन

### ४.१.१ परिचय

'तरङ्ग' कविता सङ्ग्रह दीनानाथ शर्माको पहिलो कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा उनका वि.सं. २०२३ सालदेखि २०७० सालसम्म लेखिएका लामा छोटा गरि विभिन्न ७९ कविताहरू सङ्गृहीत छन् । यो वि.सं. २०७० सालमा शमी सम प्रकाशन गृह, अनामनगर काठमाण्डौंबाट प्रकाशन भएको हो । परिवर्तनका लागि सहादत प्राप्त गर्ने अमर सहिदहरू प्रति समर्पण गरिएका यस सङ्ग्रहका कविताहरूमा 'गुलाबप्रति', 'इच्छा', 'एकटुक', 'जागौँ दाजुभाई', 'सभ्य समाजको मान्छे', 'माटो' भ्याउरे छन्द एवं गीति लयमा छन् भने अन्य कविताहरू गद्यशैलीमा छन् ।

प्रारम्भिक चरणदेखि नै गद्यशैली अँगालेर लेखन कार्यलाई तीव्रता दिएका शर्माका कवितामा सामाजिक, आर्थिक र राजनैतिक विषमताको चर्को विरोध पाइन्छ । कम्युनिस्ट आन्दोलनका एक सक्रिय योद्धा शर्मा 'सम्पत्तिमाथि कसैको एकलौटी अधिकार हुनु हुन्न र सबै समान हुनुपर्छ' भन्ने विचार प्रस्तुत गर्छन् । उनले आफ्ना कवितामा देशप्रेम, प्रकृति चित्रण, परिवर्तनको चाहना, श्रमको सम्मान, भविष्यप्रति आशावादी, शोषणको विरोध, वर्गीय चेतना, सामाजिक यथार्थता, जातीय भेदभाव एवं छुवाछुतको विरोध, सामाजिक विकृति विसङ्गतिप्रति आक्रोश र सर्वहारा गरिखाने वर्गप्रति सहानुभूति प्रकट गरेका छन् ।

यसरी शर्माले आफूमा रहेको प्रगतिवादी चेतनालाई कवितात्मक रूप दिने सन्दर्भमा धार्मिक आडम्बरीपनको विरोध, पाखण्डी भाग्यवाद र अन्धविश्वासको विरोध, ईश्वरीय सत्ताको भन्दा मानवीय चेतनाको समर्थन, श्रम र भौतिक संसारप्रति विश्वास, मान्छेले मान्छेद्वारा मान्छेमाथि गरिने शोषण, दमन र थिचोमिचोको विरोध गर्दै स्वच्छ स्वस्थ र सुन्दर समाज निर्माणका लागि जुट्न आह्वान गरेका छन् ।

### ४.१.२ शीर्षक

'तरङ्ग' कविता सङ्ग्रहको शीर्षक सङ्ग्रहभित्रका कविताका शीर्षकबाट नराखी कवि शर्माले कविता लेखनका क्रममा मनमा आएका भावनात्मक विचार ज्वार एवं तरङ्गलाई

समेटेर राखिएको छ । यस सङ्ग्रहका कविताहरूको शीर्षकमा एकरूपता पाइदैंन । 'गुलाबप्रति', 'दिन फर्किन्छ', 'माटो', 'युग कवि सिद्धिचरण', 'नयाँ वर्ष', 'फिसटेलको यात्रा', 'बिहानी', 'एकटुक', 'मेरा दिन', 'नाति र बाजे', जस्ता कविताहरूको शीर्षक अभिधात्मक छन् । 'भनिन्छ कवि', 'इच्छा', 'सङ्कल्प किसानको', 'ज्यूँदो आश', 'सपना', 'जागौँ दाजुभाई', 'प्रेतात्मा', 'पहाडी आमा', 'मन छ', 'रेखाचित्र' जस्ता कविताहरू लक्षणात्मक शीर्षकमा समेटिएका छन् त्यसरी नै 'सभ्यता', 'एउटा कवि', 'विश्वास', 'एउटा दलित', 'यात्रा आकाशको', 'म', 'प्रकृति' र 'उही हलो' प्रतिकात्मक शीर्षकका रूपमा साथै 'उपहार', 'हाकिम', 'निशाचर', 'बराजु', 'विचरा', 'नारिएका गोरूहरू', 'पुरानो कोट', 'भग्नावशे त्र', 'पीडा', 'फेरी पनि प्रेतात्मा जागेपछि', 'चार दिवारको कैदी' आदि कविताका शीर्षकहरू व्याङ्ग्यात्मक रूपमा प्रस्तुत भएका छन्, तर सबै किसिमका शीर्षक र भावबीच अर्न्तसङ्गति रहेको पाइन्छ ।

### **४.१.३ संरचना**

दीनानाथ शर्माको यस 'तरङ्ग' कविता सङ्ग्रहमा मूल रचना खण्डका १७८ पृष्ठ र आवरण सहित अन्य ९ पृष्ठ गरी कुल १८७ पृष्ठमा संरचित छ । यस कविता सङ्ग्रहमा ७९ कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कविताहरूमा आकारगत दृष्टिले पनि समानता पाइदैन् । कतिपय कविताहरू साह्रै छोटा मुक्तकाकार र कतिपय कविता लामा छन् । यस सङ्ग्रहको छोटो कवितामा 'एकटुक' ६ पंक्तिको छ, भने यस्तै अन्य छोटा कवितामा 'उपहार' 'के भोत' 'पीडा' र 'गुलाबप्रति' रहेका छन् । यसैगरी सबै भन्दा लामो कविता १३३ पंक्तिको 'भनिन्छ कवि' रहेको छ । यसका अलावा 'कुरै कुराको प्रसङ्गमा' 'युग कवि सिद्धिचरण' 'पुरानो कोट' 'सुनकोशीको किनार' यस सङ्ग्रहका अन्य लामा कविता हुन् । त्यस्तै यस कविता सङ्ग्रहमा एउटै शीर्षक 'पुरानो कोट' राखेर दुई ओटा भिन्नाभन्नै विषयमा कविता लेखिएको छ ।

यस सङ्ग्रहमा कविताका हरफहरू कम्तीमा एक शब्ददेखि नौं शब्दसम्म संयोजन गरिएका छन् । केही भ्याउरे छन्द र अधिकांश गद्य शैलीमा लेखिएका यस सङ्ग्रहका कविताहरूमा भाव संयोजन वा संरचनाका दृष्टिले पूर्ण हरफहरू भए पनि कतिपय हरफहरू अपरिपुष्ट देखिन्छन् । आवश्यकता अनुसार उपयुक्त स्थानहरूमा पूर्ण विराम, अल्पविराम,

योजक चिन्ह, प्रश्नवाचक चिन्ह, उद्गार चिन्ह प्रयोग गरिएका यस सङ्ग्रहका कविताहरूमा केन्द्रीय भावको नै विस्तार गरिएको छ ।

## ४.२ प्रगतिवादका मूलभूत सैद्धान्तिक मान्यताका आधारमा 'तरङ्ग' कविता सङ्ग्रहको विश्लेषण

### ४.२.१ वैचारिक प्रतिबद्धता

प्रगतिवादको कला साहित्यतर्फ नियाल्ने प्रमुख प्रवृत्ति हो वैचारिक प्रतिबद्धता, यस मान्यता अनुरूप साहित्य सधैँ सङ्घर्षशील जनताका पक्षमा प्रतिबद्ध रहन्छ । सारगर्भित विचारहरूले सामन्तवादी सत्ता र सामाजिक कुरीतिप्रति दावानल बनेर आफ्ना विचार प्रवाह गर्दै कविहरूले लेखनीलाई निरन्तरता दिन्छन् । यस्तै परिवेशलाई अवलम्बन गरी 'भनिन्छ कवि' शीर्षक दिइएको कवितामा यसरी कवि विचार प्रकट भएको छ :-

उजागर सत्यको, भण्डाफोर पाप न अपराधको
खाली कागजमा लेखनी कुदाएर
छताछुल्ल पार्छ अन्याय र अत्याचारको
पारख परिवर्तनको, प्रहार यथास्थितिको
कुरीति समाजको, रूढी यान्त्रिकता र जडतामाथि
दावानल बनेर सल्किन्छ कवि । (भनिन्छ कवि, पृ. ५)

यस सङ्ग्रहका कविताहरू मध्ये निकै बृहत् आयाम अँगालेर रचना गरिएको यस कवितामा कवि स्वतन्त्र निष्पक्ष हुन्छ, आफ्नो लेखनीलाई खाली कागजमा दौडाएर विचारको धरातलमा अडिग भएर अराजक गतिविधि, असत्य, अन्याय र अत्याचारको विरोध गर्दै सामाजिक कुरीति, यथास्थितिवादी सोच र रूढीवादी परम्परा विरुद्ध प्रतिबद्ध भएर अगाडि बढ्न आम जनमानसमा अपिल गरिएको छ ।

शासक वर्गका अराजक गतिविधिहरूलाई विचारका कसीमा बाधेर गरिब, निमुखा पीडित, उपेक्षित एवं सर्वहारा जनताले युग परिवर्तन र समयको पावन्दीलाई बुझेर समानताको आवाजलाई यसरी प्रस्तुत गरिएको छ :-

समय भेट्न मानिस
खहरे बनेर झर्नुपर्छ
युग भेट्न मानिस

नदी बनेर बग्नुपर्छ ।     (खोला जीवन, पृ. ९८)

पुरातनवादी, सामन्ती प्रथाका विरुद्ध मानिस चलायमान, गतिशील र तरल बनेर प्रगतिको तीब्र गतिलाई भेट्न मानिसले हरहमेशा तत्पर रहिरहनु पर्छ, तब मात्र पुँजीपतिहरूका मुनाफाखोरी अराजक गति विधिहरूका सीमानाहरू भत्काएर नयाँ युगको सुरुवात गर्न सकिन्छ भन्दै  प्रगतिशील विचार लिएर प्रतिबद्ध भई अगाडि बढ्न यहाँ गरिब जनतालाई प्रेरीत गरिएको छ ।

त्यस्तै गरी वर्तमान समयलाई नियाल्दा श्रमजीवी वर्ग हर घडी, हरपल, हर क्षण संसार बदल्नको लागि अगाडि बड्नु पर्ने, आफ्नो जीवन परिवर्तन गर्नको लागि श्रमिक वर्गहरू एकताबद्ध भएर तिनै सामन्ती शासकका बाँधहरू भत्काउन कर्म गर्नु पर्ने भन्दै कविले यस्ता भावहरूलाई कविताको रूप दिएका छन् :-

पर्याप्त छ वर्तमान कर्मयोगीका लागि

पर्याप्त छ समय संसार बदल्नका लागि

विगत इतिहास हो ।     (वर्तमान इतिहास रच्नका लागि, पृ. १००)

युग परिवर्तन गर्नका लागि विगतका विचारहरू आधार हुन् भन्दै वर्तमानमा ती विचारहरूलाई फुलाएर नयाँ युगको सुरुवात गर्नुपर्छ, संसार बदल्न र पुराना सामन्तवादी प्रथाको जरो उखेल्नका लागि श्रमजीवी जनताहरू वैचारिक रूपमा प्रतिबद्ध र एकताबद्ध भएर कर्मद्वारा संसार बदल्न लाग्नु पर्छ भनिएको छ ।

प्रगतिवादी धरातल र पृष्ठभूमिलाई अँगाली सङ्घर्षशील जीवनको परिचय 'म' शीर्षकको कवितामा यसरी स्थापित गर्न खोजीएको छ :-

म केवल म होइन,

एउटा विचार हुँ

म केवल विगत होइन

वर्तमान र भविष्य पनि हुँ ।     (म, पृ. ११३)

भविष्यको परिणाम म हुँ, वर्तमानको विचार पनि म हुँ भन्दै उच्च वर्गको आडम्बरीपन, थिचोमिचो र निम्न वर्गप्रति गरिने निकृष्ट व्यवहारका विरुद्ध यहाँ श्रमिकहरू वर्तमानका साझेदारी हात हुन, भविष्यका हकदार हुन, समग्रयुगका प्रतिनिधि हुन, समाज परिवर्तन र क्रान्तिका संवाहक हुन् त्यसैले पुँजीपतिवर्गले हतियार मात्र बनाएर गरिब,

निमुखा पीडित, श्रमिक सर्वहारा जनताको जीवन यथार्थलाई मेटाउन सक्ने छैनौ, भन्ने आवाज सामन्तीहरूका सामु 'म' शीर्षकको कविता मार्फत् व्यक्त गरिएको छ ।

समाजमा रहेका भोका, नाङ्गा, निमुखा र पीडित जनताको रगत र पसिना चुस्ने सामन्ती शोषकहरू दमनको भाव होइन विचारको युद्ध लड्न आऊ सङ्घर्षको मैदानमा भन्दै :-

हतियार भिरेर आउ विचारको
दर्शन बनेर आउ सङ्घर्षको
मेरा अक्षरहरू
मेरा शब्दहरू । (मेरा अक्षर र शब्दहरू, पृ. १४१)

कविले यस कवितामा आफ्ना भावनाहरूलाई सामन्तीहरूका जीवन यथार्थतिर लक्षित गर्दै हातहतियार र धाक धम्की होइन । अब यो समाजका सङ्घर्ष हुन्छ भने विचार र दर्शनको हुन्छ । कोही कसैले कुनै पनि गरिब किसानको रगत र पसिनासँग खेलवाड गर्न पाउने छैन् भन्दै सङ्घर्षशील जीवन भोग्नु छ र समाज परिवर्तनका लागि लड्नु छ भने वैचारिक द्वन्द्व गर्नु पर्छ भनेका छन ।

### ४.२.२ वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वास

प्रगतिवादमा समाजमा रहेका मानिसहरू स्वतन्त्र हुँदैनन् । सामाजिक आर्थिक संरचनाबाट प्रभावित हुन्छन् । उच्चवर्ग र निम्नवर्गमा सधैं स्ववर्ग प्रेम हुन्छ भने दुई वर्गका बिच निरन्तर सङ्घर्ष भई नै रहन्छ तर वर्गसङ्घर्ष र वर्गीय प्रेम हुनुपर्ने मान्यता अनुरूप केही कविताहरूले हुने खाने वर्गका विरुद्ध हुदाँ खाने वर्गको सङ्घर्ष देखाउनु साथै श्रमजीवी वर्गको पक्षमा आवाज उठाएका छन :-

वर्ग धरातलमा उभेर, वर्ग वैरीको उछितो काड्न
सम्मान अनेक विचारको
"सयौं फुल फुल्न देऊ, सयौं विचार चलखेल गर्न देऊ"
विकास नयाँ नेपालको,
सभ्यता आधुनिक संसारको । (सभ्यता, पृ. ९)

यस कवितामा समकालीन घटना परिघटनाहरूलाई हृदयतः स्मरण गर्दै समाजमा रहेका वर्गीय प्रेममा विश्वास राख्ने निमुखा, पीडित, श्रमजीवी जनताले शोषक, सामन्ती,

शासकहरूको कुकृत्यको पर्दाफास गर्न लागि पर्नुपर्छ, तब मात्र निम्न वर्गीय गरिखाने वर्गमा नवीन कार्यशैली र विचारहरू सामाजिक उन्नतिका लागि सिर्जना हुन्छन । वर्गीय विषमतालाई अन्त्य गर्न सकिएको खण्डमा नयाँ नेपाल निर्माण हुन्छ भनिएको छ ।

वर्ग सङ्घर्षका क्रममा समाजमा रहेका कोही पनि मानिस अलग्गिन चाहदैनन् आ-आफ्नो वर्गसँग सम्बद्ध भएर अगाडि बढ्छन् । मानव जातिको सम्मान र नयाँ सभ्यताको लागि निरन्तर रूपमा शोषक, सामन्तीहरूका विरुद्धमा लड्न चाहन्छन् । जहाँ आफ्नो वर्गमा सम्मान मर्यादा र विश्वास हुन्छ त्यहाँ वर्गवैरीसँग युद्ध चल्छ भनेर कवितामा यसरी बोलिएको छ :-

यो वर्ग युद्ध हो,
शालीन र सभ्य नहुन सक्छ
वर्ग वैरीसित सधैं,
इज्जत र सम्मान नहुन सक्छ ।          (सभ्यता, पृ. ९)

समाजमा रहेका उच्चवर्ग र निम्नवर्गहरू सधै स्ववर्ग अस्तित्व चाहन्छन् । यही स्ववर्ग प्रेम स्थापना र वर्गविहीन समाज निर्माणका लागि प्रगतिवादी सोच विचार भएका उत्पीडित, दलित, श्रमजीवी सर्वहारा जनताहरू एकजुट भएर वर्ग वैरीको अस्तित्व समाप्त पार्नका लागि वर्गसङ्घर्ष गर्दछन् । हरेक मानिसका रक्तवाहिनी शिराहरूमा तातो रातो रगत बगेको हुन्छ । कोही उच्च र कोही निम्न हुँदैनन, सबै मानिस स्वतन्त्र हुनुपर्छ, कोही फुट्नु हुँदैन, समाजमा सबैको विचारको सम्मान हुनुपर्छ भन्दै यो नयाँ आधुनिक युगमा वर्गविहीन र समानतापूर्ण समाजको अपेक्षा यस कवितामा गरिएको छ ।

हरेक वर्गका बिचमा प्रेम हुनु पर्छ, । वर्गीय द्वन्द्व भएर निकास निस्कनु पर्छ भन्दछ प्रगतिवादले वर्गीय प्रेम र गरिब जनताका पक्षमा उभिएर कविले सहअस्तित्व भाइचारा र एकताको आवाजलाई यसरी प्रस्तुत गर्दछन् :-

गरिबमारा व्यवस्थालाई मिल्काउन हामी
उठौँ-जुटौं कम्मर कसौँ सर्वहारा हामी
आफ्ना काम आफै गर्ने रीति फेर्नुपर्छ
कामको दाम पाउनुपर्छ हक मिल्नुपर्छ ॥          (जागौँ दाजुभाई, पृ. ८७)

समाजमा रहेका बिथितिहरूलाई सुधार गरी नयाँ शैलीमा विकास गर्नुपर्छ । शासक र शासित, शोषक र शोषित, पुँजीपति र सर्वहारा वर्गका बिचमा निरन्तर सङ्घर्ष चल्छ,

चल्नुपर्छ र सङ्घर्षमा शोषित एवं सर्वहारा वर्गको जित हुनुपर्छ यही मान्यता अनुरूप यस कवितामा गरिब वर्गलाई दमन गर्ने व्यवस्था परिवर्तन गर्नुपर्छ, धनी, साहूमहाजनले पनि आफ्नो काम आफैं गर्नुपर्छ गरिबको रगत र पसिनाको मूल्य निश्चित गर्नुपर्छ भन्ने भाव यस कवितामा मुखरित भएको छ

यही प्रगतिवादी मान्यता अनुरूप राणाकालीन विर्ता र ताज प्राप्त गरेका उच्च वर्गीय विष्णुदत्तलाई जुवाको खेलमा कपटपूर्ण तरिकाबाट सुकुम्बासी बनाइएको स्थिति 'कुरै कुराको प्रसङ्गमा' कवितामा जनाइएको छ । बाबुले कमाएको मानपदवी र इज्जत जुवामा बन्दगी राखेर सुकुम्बासी जीवन जीउन बाध्य विष्णुदत्तको छोरालाई सहानुभूति प्रकट गर्ने गङ्गादत्तको संगतले सर्वहारावर्गको नेता घोषित गरिन्छ । सामाजिक क्रान्ति र अगुवाइमा निरीह सुकुम्बासी जीवन त्यागेर सचेत सर्वहारावर्गको पंक्तिमा उभिन बाध्य भएको छोराले बाबु विष्णुदत्तको जस्तो पञ्चायती सान, मान र सम्मान प्राप्त गर्न नसके पनि युद्धको भुमरीमा हजारौं नेपाली युवाको रगत र पसिना खर्चेर आर्जेको सगरमाथाको उचाइ बराबर सम्मानको श्रीपेच लगाउन पुग्छ भन्ने कुरालाई यसरी बताइएको छ :-

तिम्रो आफ्नै आकस्मिक भाग्यले  
बलबुता र चलाकीले आर्जेको  
नेपाल आमाका हजारौं होनहार छोराछोरीको  
रगत र पसिनाले आर्जेको  
सगरमाथा भन्दा पनि अग्लो  
नयाँ जमानाको श्रीपेच छ ।     (कुरैकुराको प्रसङ्गमा, पृ. १२८)

यसरी आफू स्वयं वर्गसङ्घर्षको चपेटामा परेका फटाहा, जाली शोषकहरूले आफ्नो अतीतलाई चटक्कै बिर्सेर गरिबको रगत र पसिना चुस्नेहरू विरुद्ध वर्गीय द्वन्द्व आवश्यक रहेको कुरा यस पंक्तिमा उद्घोष गरिएको छ ।

बाबुले आफ्नो शासकीय प्रवृत्ति र संस्कार जोगाइराखेको परिवेशलाई कवितामा उदृत गर्दै कविले सर्वहारा वर्गको धरातल तय गरिदिन कसरत गर्ने गङ्गादत्त जस्ता इमान्दार व्यक्ति माथि उल्टै जाइलाग्ने, परिवर्तनको नाम दिएर हजारौं जनताको बलि चढाउने कार्यमा उद्दत रहेको छोराको वर्गीय शोषण पूर्ण कार्यलाई यस्तो रूप दिइएको छ :-

वर्गसत्ता जुवाको हार होइन  
बाले हारेको बैभव

इज्जत र श्रीपेच फिर्ता गर्ने खेल होइन
सम्झेर, साथीहरूसित सकुनी चाल चल्ने
महाभारतको कथा पनि होइन । (कुरै कुराको प्रसङ्गमा, पृ. १२९)

सर्वहारावर्गको पक्षमा उभिएर वर्गसङ्घर्षको चाल चल्ने शोषकहरू बाबुबाजेको पालादेखि निरन्तर जागरूक रहेको बताउँदै, वर्गसत्ता स्थापित गर्न पुरातनवादी संस्कार बोकेका मानिसहरू अझै पनि समाजमा व्याप्त रहेका छन । त्यसैले गरिब जनताका लागि आवास उठाउने सहादत सहिदहरूको बलिदानीलाई हृदयगङ्गम गर्दै विष्णुदत्त जस्ता सामन्ती, वर्गीय शोषकका विरुद्ध निरन्तर लाग्नु पर्ने कुरा यस कवितामा जाहेर गरिएको छ ।

### ४.२.३ सामाजिक, आर्थिक, राजनैतिक विषमताको विरोध

प्रगतिवादमा सामाजिक, आर्थिक, राजनैतिक विषमताको अन्त्य गरी सभ्य समाजको निर्माण गर्नुपर्छ भन्ने मान्यता अनुरूप उनका कविताहरूमा सामाजिक यथार्थ अघि सार्दै राजनैतिक विषमताको खुलेर विरोध जनाइएको छ :-

खोइ कहाँ छ तिम्रो निष्पक्ष न्याय
निमुखा गाउँलेहरूका लागि
हत्याको खेती गरेर जनताको
धोको अझै पुगेको छैन तिमीलाई, (कलङ्क कपिलवस्तुको, पृ. २८)

सर्वहारावर्गको पक्षमा उभिन रूचाउने शर्माले सरकार र न्यायालयको राजनैतिक पहारमाथि कटाक्ष गर्दै समुन्नत नेपाल र नेपालीको निष्पक्ष न्याय पाउने अधिकारलाई कुण्ठित गरेर आफ्नो स्वार्थ पूरा गर्ने हाँडीघोप्टे प्रवृत्तिको विरोध गरेका छन् । आफ्नो पद, प्रतिष्ठा र कुर्सीका लागि निमुखा जनताको बलि चढाउन समेत पछि नपर्ने राजनैतिक व्यवस्थाको विरोध गर्दै नागरिक हितको विषयवस्तुलाई यहाँ कवितात्मक रूप दिइएको छ ।

प्रगति र समृद्धिका पथमा लम्किएको तर उन्नतिका नाममा जनतालाई दुःख मात्रै दिएको लोकतान्त्रिक सरकार र अर्थ व्यवस्थाप्रति कटाक्ष गर्दै कविले :-

रोजगारी मिलेको छ लाम बस्ने
पालो डिजेल पेट्रोलको
अभाव महङ्गी र अराजकता
उपहार लोकतान्त्रिक सरकारको । (उपहार, पृ. ३३)

विद्यमान समयमा देशका विभिन्न क्षेत्रमा देखिएका प्रशस्त यथार्थपरक गुनासाहरू समेटिएको यस कवितामा वर्तमान सरकारले लोकतन्त्रको उपहास गरेको कुरालाई महङ्गी, अभाव, बेरोजगारी जस्ता पक्षलाई उदृत गर्दै सरकार र राजनैतिक अर्थव्यवस्था साथै कालो बजारी गर्ने व्यापारी र तिनलाई आड भरोसा एवं संरक्षण दिने व्यक्तिहरूका अराजक गतिविधिहरूको खुलेर विरोध गरिएको छ । यदि जनतालाई उपहारका रूपमा केही दिन सक्छौं भने रोजगारी, स्वतन्त्रता, र बाँच्नका लागि आधारभूत आवश्यकता छाना, माना र नाना देऊ तर भोका, नाङ्गा जनतालाई दुख नदेऊ भन्ने प्रगतिशील भावनाहरू कवितामा बुलन्द पारिएको छ ।

शोषण, दमन निर्मूल पारी सामाजिक सुदृढीकरणको आशा र विश्वास बोक्नु पर्छ, भन्दै कविले वर्तमान समयमा नेपाली जनतामा नैराश्यता मात्रै छाएको आशा र विश्वास हराएको भाव समेटिएका विषयलाई यसरी कवितामा संयोजन गरेका छन् :-

आशा र विश्वासमा असिना परेपछि
अँगार बनेर झर्छ विचार
कोपिला बनेर झर्छ विश्वास । (ज्यूँदो आश, पृ. ५४)

हाम्रो देश नेपालमा नेपाली जनताको आशा र विश्वासको धरातललाई जोगाउन नसकेमा पुरातनवादी सोच 'नैराश्यम् परमम् सुखम्' भन्ने भनाइको विकास हुनेछ । हामी नेपालीका सपना र आकाङ्क्षाहरूले आकार लिन सक्ने छैनन् । त्यसैले हामीमा रहेको वैचारिक भावलाई जोगाएर मात्र मानव जातिले आफ्नो अस्तित्व निर्माण गर्ने छ, केही आशाका मुनाहरू पलाउने छन् । तसर्थ प्रगतिको बाटोमा निरन्तर लागि रहनुपर्छ भनिएको छ ।

गाउँका शोषकवर्गहरूले जनतालाई न्याय दिलाउने आशा देखाएर साम्यवादी युगको प्रारम्भ झोली भन्दै जनताको स्वभिमानलाई भोटमा तौलेर विष्ट बनेर आफ्नो स्वार्थको भकारी भर्न गरिब, दलित र पीडित जनतालाई दयालु स्वरले आफ्नो बसमा पारिरहेछन् :-

भोटको झोली थाप्न आएका विष्टहरू
कति शालीन, कति भद्र दयालु स्वरले
सुन्तली नानी भनेर बोलाउँदा
मोक्ष भएको ठान्ने दलित बस्तीहरू
चुनावको बेला भोटको झोली थाप्न

आएका विष्टहरूले आँगन कुल्चिदा

पवित्र ठानेर बराजुको आज्ञा शिरोपण गर्दछन् । (बराजु, पृ. ४७)

युगौंदेखि सामन्ती शोषकहरूको परम्परागत खेती बनेको गरिब जनतालाई शोषण गर्ने प्रवृत्ति नमेटिएको, जनताले ईश्वर मानेर पूजा गर्ने शोषकहरू मोटाइ रहेका, मानवीय मूल्यसँग खेलवाड गरिएको, विषयलाई समेटेर लेखिएको यस कवितामा राजनीतिको दौडानमा न उचनीच हुन्छ, न धनी गरिबको तुलना हुन्छ, न शिक्षित अशिक्षित बिच प्रतिस्पर्धा हुन्छ, हुन्छ त केवल अभिमतको कदर हुन्छ, औँठा छापको कदर हुन्छ । धनी, गरिब, उचनीच सबै समान हुन्छन् । तँ भन्नेलाई तपाई भनिन्छ, ज्यू ज्यू गरिन्छ तर त्यही चुनावी युग समाप्त भएपछि न समाजमा समानता हुन्छ, न न्याय, न आडभरोसा हुन्छ । गरिब, किसान, दलित र पीडितहरू उँही अँध्यारो, उँही ढुङ्गो माटो, रगत र पसिनामा अनि पीर वेदनामा पिल्सिन थाल्दछन् भन्दै यस कवितामा विष्ट अर्थात् नेताहरू प्रति व्यङ्ग्य एवं राजनैतिक विसङ्गति प्रस्तुत गरिएको छ । जनतालाई रिफाएर परिवर्तन खोज्छौ भनेर राजनैतिक भ्रूण्डा बोकेर ओहोरदोहोर गर्ने नेताहरू नै सत्ता सन्तुष्टिका लागि हानथाप गरिरहेको परिवेशलाई यसरी व्यङ्ग्य गरिएको छ :-

न लाज लोकको, न इज्जत समाजको

न चिन्ता देश र समाजको

न डर नयाँ पुस्ताको, कुर्सीको हानथाप

भोर जुवा लोकतन्त्रको । (आगत भुलेको नेता, पृ. १७७)

कवितामा जनताको राज जनताको अधिकार हाम्रो सरोकार भनी सम्बोधन गर्नु पर्ने नेताहरूले आफ्नो विगतलाई चटक्कै भुली निर्लज्जतापूर्ण अनुहार लिएर समाजमा अन्याय, अत्याचार, घुसघोरी र तस्करीपूर्ण कार्यहरू गरिरहेका छन् । आफ्नो इतिहासलाई चटक्कै भुलेर जनता समाज र नयाँ पुस्ताको कुनै प्रवाह नगरी आफ्नै पाटी सिद्धान्तलाई कुल्चिन थालेका नेता एवं विसङ्गत राजनीतिलाई यहाँ स्पष्ट देखाइएको छ ।

### ४.२.४ मानवीय मूल्य र सौन्दर्यप्रति आस्था

मार्क्सवादी दृष्टिकोण राजनीतिक क्षेत्रमा साम्यवाद, दर्शनका क्षेत्रमा द्वन्द्वात्मक भौतिकवाद र साहित्यका क्षेत्रमा प्रगतिवाद बनेर निस्कन्छ । यही मान्यता अनुरूप कविले "इच्छा" शीर्षक दिएर आफ्ना इच्छाहरू व्यक्त गरेका छन :-

जलिरहूँ या गलीमरूँ
या त निशाको दीप बनूँ
आखिर एउटै इच्छा मेरो
तिमीरताको अन्त गरूँ ।          (इच्छा, पृ. ११)

प्रगतिवाद मानवीय मूल्य र सौन्दर्यप्रति आस्था राख्छ । यस कवितामा कविले आफू मानवीय मूल्य र उज्ज्वल भविष्यको सौन्दर्य खोज्न लागि परिरहूँ भन्दै इच्छा व्यक्त गरेका छन् । विश्व परिवेशमा जन्म लिएर जीवन जीउने मानिसहरूले आफ्नो जीवन सार्थक तुल्याउन विश्व बन्धुत्वको भावना कायम रहि रहोस् भनेर यसरी कवितामा इच्छाहरू समेटेका छन :-

मिली जुली सबले खाँऊ लाँऊ
ईश्वर बस्ने आत्मा एउटै
वारि बसूँ वा पारी जाऊँ
बन्धुत्वको भाव फिजाऊँ ।        (इच्छा, पृ. ११)

मार्क्सवादी दर्शन भित्र रहेको साम्यवादी विचार विरुद्ध मानिसहरूको स्वभाव "म खाऊँ मै लाऊँ अरू सब मरून् दुर्बलहरू" भन्ने कथन अनुरूप विकास भएको छ । यसका कारण कामुक र नारीका नखशिखमा रमाउने मानिसहरूको बोलवाला चल्ने गरेको वर्तमानप्रति कविले खिन्नता प्रकट गर्दछन् । कुनै पनि मानिस वा जीवले यस संसारमा प्राण धारण गरी अस्तित्व लिएपछि विसङ्गत प्रवृत्तिलाई सौन्दर्य नमानी शोषित पीडित वर्गको यथार्थ प्रस्तुतिलाई सौन्दर्य मान्नुपर्दछ, भनि हामी जहाँ जुन देशमा जन्मे हुर्केर आफ्नो जीवन चलाए पनि सबैको आत्मा एउटै हो सबै मिलिजुली बस्नु पर्छ । दाजुभाईको सम्बन्ध स्थापित गर्नुपर्छ, भन्दै यहाँ विश्व बन्धुत्व, भाइचारा, वर्गविहीन समाज एवं स्वतन्त्रता प्रेमी इच्छाहरू व्यक्त भएका छन, फलस्वरूप मानवीय मूल्यमा आस्था जगाइएको छ ।

प्रगतिवादको मानवीय मूल्यको खोजी मान्यता अनुरुप प्रतिकात्मक रूपमा लेखिएको 'चार भञ्याङ्' शीर्षकको कवितामा काठमाण्डौंको परिवेशलाई नजिकबाट नियालिएको छ ।

चारैतिर पहाडै पहाडले घेरिएको काठमाण्डौं खाल्डोमा बनेका भौतिक संरचनाले समग्र नेपालको इतिहास, धर्म, संस्कारलाई अँगाले पनि पूर्णतः इतिहासलाई यथावत् राखी मानवीय अस्तित्व जोगाउन सकेको छैन, मात्रै चुरोटका असरल्ल फिल्टरहरू कैद भए झै एष्ट्रेमा नेपालको इज्जत, इमान, जवान, सत्यता, गौरव, बहादुरी, स्वाभिमान र जवाफदेहिता यही खाल्डोमा उकुसमुकुस भएर जीवन ज्यूँन बाध्य रहेको संज्ञा दिइएको छ :-

रङ उडेको छ इतिहासको
संस्कृति, संस्कार र सभ्यताका सबै पोथीहरू
जलिसके छन् एष्ट्रेभित्र ।        (चार भन्न्याङ, पृ. ६३)

विश्वमानचित्रमा इतिहास रच्न सफल गोर्खाली वीरवीरङ्गनाहरूले संरचित गरेको नेपालको ऐतिहासिक संरचनालाई ध्वस्त बनाउन खोज्ने शासकहरूलाई चिसो एस्ट्रेको संज्ञा दिदैं कविले लाखौं नेपालीहरूले चुरोटका ठुटा जस्तै चिसो छिँडी र परिबन्दको जीवन बिताउन बाध्य छन् भन्दै तिनै अध्याँरो कोठामा भविष्यको सपना साँच्ने नेपालीहरूको मूल्य यस कवितामा खोजिएको छ ।

त्यस्तै अस्तव्यस्त सहर काठमाण्डौंको सभ्यतालाई कवितामा सडक सौन्दर्यको रूपमा व्याख्या गर्दै प्रगतिवादी मान्यता अनुरूप निर्जीव सडकले पनि सजीव तुल्य अपेक्षा राखेको कुरा यसरी प्रस्तुत गरिएको छ :-

उर्वष्ट आकृति, अस्तव्यस्त कपाल
फुङ्ङ अनुहार, षोडशी सडकको
प्रतीक्षा गरिरहेछ सडक
सभ्यता काठमाण्डौंको ।

(सभ्यता काठमाण्डौंको, पृ. १०६)

निर्दोष सडक एवं काठमाण्डौंको जीवन यथार्थलाई संज्ञानात्मक रूप दिइएको यस कवितामा देशमा भएको घुसखोरी, तस्करी र भ्रष्टाचारीपनका कारण सडकको रूप, सौन्दर्य र शोभा विलीन हुने अवस्थामा पुगेको तर सडकले यौवन मागिरहेको यथार्थपरक चित्रण प्रस्तुत गरिएको छ ।

### ४.२.५ यथार्थवादी दृष्टिकोण

मार्क्सवादले अपनाएको वस्तुवादी भौतिकवादी दृष्टिकोणलाई प्रगतिवादी यथार्थ दृष्टिकोणका रूपमा चर्चा गरिन्छ । यसै मान्यता अनुरूप मानिसले जीवन र जीवन यापनमा लागि विविध सङ्घर्ष गर्ने, आफ्ना मनमा उत्पन्न उत्साह, आशा, उमङ्ग र इच्छाहरूलाई बलियो पारी भावना र कल्पनामा सौन्दर्यता थप्दै मनमा शोषण, दमन, अन्याय, अत्याचार र राजनैतिक विसङ्गगति विरुद्ध विद्रोही भाव प्रस्फुटन गराउँदै क्रान्तिचेत पैदा गर्दछ, भन्ने प्रगतिवादी धारणालाई अनुशरण गर्दै "सुनकोशीको किनार" शीर्षकको कवितामा वस्तु यथार्थलाई स्पष्ट देखाइएको छ । नेपालको प्राकृतिक सौन्दर्य र प्रकृतिको पवित्र काखमा रमाएका मानिसहरूको उद्देश्यलाई सामन्तवादी सोँच र पुँजीवादी राज्यव्यवस्थाले तरङ्गित पारी प्रकृतिका पूजक जनताहरूलाई शोषण र दमनको भुमरिमा बिचलित बनाइएको यथार्थता यसरी प्रस्तुत गरिएको छ :-

कतै बायाँ र कतै बिचोबिच भुमरीमा फँस्दै
निरन्तर-निरन्तर तरङ्गित बन्दैछ जीवन
एउटा यात्रीको
एउटा योद्धाको ।        (सुनकोशीको किनार, पृ. ६७)

प्रकृतिको यथार्थपरक प्रस्तुतिसँग क्रान्ति चेतनालाई जोडिएको यस कवितामा गरिखाने वर्गहरू माथि शोषकवर्गले गर्ने गरेको दमन र अत्याचारलाई सामाजिक यथार्थका भावहरू समेटेर समाजमा रहेका उत्पीडित, श्रमिक, गरिखाने वर्गहरू तरङ्गित नभई एकताबद्ध भएर नेपालको गरिमा, सौन्दर्यता र आफ्नो अस्तित्व खोज्नुपर्छ भन्दै वैचारिक समर्थन गरिएको छ । प्रगतिवादीहरू निराश हुँदैनन्, आत्तिदैंनन् राष्ट्रप्रेम र राष्ट्रभक्ति भावनालाई मनमुटुमा सजाउँछन् । हाम्रो प्रकृति पनि प्रगतिशिलता कै खातिर हाम्रा नयनमा बस्न सफल छ भन्दै "फिसटेलको यात्रा" शीर्षकको कवितामा जसरी वायुयानमा सवार मानिसको बाटो बादलले छेक्छ त्यस्तै प्रगतिको पथमा लम्किएका योद्धाहरूका बाटाहरू पुरातनवादी सोच भएका सामन्ती शाषकहरूले छेक्न खोज्छन् तर ती सामन्तीका सिमानाहरू भत्काएर अगाडि बढ्नुपर्छ । नयाँ संसार देख्ने हजारौं आँखाहरू प्रशस्त उत्कण्ठा लिएर प्रगतिको पथमा लम्किरहेका छन् । नयाँ संसारको आगमन एवं प्रगतिका सुनौला किरणहरूलाई कवितामा यसरी बोलिएको छ :-

कर्णालीको किनारमा पुगेपछि

नयाँ उत्साह बोक्दै, घण्टौंदेखि बाटो हेरिरहेका
हजारौँ आँखाहरू, उत्साह र उमङ्गले चञ्चल भए
ढिलै भए पनि ।                    (फिसटेलको यात्रा, पृ. ७५)

प्रगतिवादीहरू निरन्तर यात्रामा आबद्ध भई रहन्छन् र अन्ततः विजयी यात्रा मनाउन सफल हुन्छन् । प्रगतिको पथमा लम्किरहँदा विभिन्न बाधा व्यवधानहरू आइ पर्ने तर मानिसले धैर्यताका साथ ती समस्यासँग पैठेजोरी खेल्न जुझारु हुनुपर्ने यथार्थ यहाँ पाइन्छ । त्यस्तै बेपत्ता आमाबाबुको सम्झनालाई आखाँमा सजाएर शोषकको दमन र निर्दयी व्यवहार सहन विवश असहाय नाबालकको जीवन यथार्थ र भोगाई 'आँसु' कवितामा यसरी व्यक्त भएको छ :-

बेसहारा दुधेबालक
साँझ बिहान साहूको दास्ती गर्दा पनि
कोर्रा खाइ कुना पसेर, आमाको सम्झनामा
बगेको आँसुभित्र, पीडा र प्रताडना छ ।          (आँसु, पृ. ९३)

आमाबाबुको ममताको भोका नाबालक केटाकेटीहरू माथि साहू महाजनहरूले गर्ने व्यवहार यहाँ प्रस्तुत भएको छ । दिनरात परिश्रम गर्ने तर भोकको चितामा जलेर मर्न लागेका टुहुरा बालबालिका र गरिब किसानका छोराछोरीले काम गर्ने तर आफूले हातमुख जोर्न नपाउने, उल्टै साहू महाजन र सामन्ती शोषकको कोर्रा खानु पर्ने बाध्यात्मक यथार्थ प्रस्तुतिलाई विशेष स्थान दिइएको यस कवितामा ती अन्यायी शोषक र कपटी, रक्तपिपासु सामन्ती शोषकका विरुद्धमा विद्रोह गर्न सबैमा अपिल गरिएको छ ।

### ४.२.६ श्रमको सम्मान

शताब्दी औँ देखि नेपालीहरू गरिबीको चपेटामा परेका छन् । साहूको ऋण तिर्न नसकेर नेपाली युवाहरू विदेश भासिएका छन् । नेपाल मै रहेका नेपालीहरूले पनि साहूहरूको शोषण खेपेर आफ्नो परिश्रमलाई पूजा गर्छन्; तर परिश्रमको फल भने पुँजीपतिवर्गले चुस्ने गरेको विवश परिस्थितिलाई यस कवितामा अभिव्यक्त गरिएको छ :-

श्रमको संसारमा
पसिनाको पूजा गरेर साँझ बिहान
ठेला परेका हातलाई चुस्ने गर्छ भावुक बनेर

चरचरी चिरिएका पैताला

फाटेको टोपी, कछाड र ठुटे भोटो भित्र

देख्ने गर्छ साक्षात्कार ईश्वरको अवतार ।  (भनिन्छ कवि, पृ. २)

देहमा एकसरो लुगा लगाउन र साँझ बिहान हातमुख जोर्न समेत कठिनाई बेहोर्नु पर्ने नेपाली श्रमिक जनताहरूले आफ्नो परिश्रमलाई जीवनमा उच्च स्थान दिँदै आत्म सम्मान गर्छन्; तर शोषक वर्गले तिनै निर्दोष मजदुरको रगत र पसिना चुसिरहने परिवेशलाई यस कवितामा यथार्थतः उद्‍त गरिएको छ ।

प्रगतिवादीहरू आफ्नो देश, माटो र श्रमको सम्मान गर्दछन्; वर्गीय प्रेम, विश्व बन्धुत्व, एकता र आत्मरक्षाका लागि निरत्तर लागि रहन्छन्, कर्म गर्नेको उज्वल भविष्य हुनुपर्छ भन्ने धारणा प्रगतिवादी दृष्टिकोणमा व्याप्त छ । यही धारणालाई कवितामा यसरी बोलिएको छ :-

कर्मप्रति शिर झुकाएर

लम्क सगरमाथा चुम्नका लागि

धर्तीका सामु शिर झुकाएर

सङ्कल्प गर राष्ट्रिय स्वाभिमानको

जित तिम्रो हुनेछ ।  (बिहानी सन्देश, पृ. १७)

वर्गीय प्रेम र श्रमजीवी वर्गको जागरण मूलक सन्देश बोकेको यस कवितामा आत्मरक्षाका लागि नवीन विचार र इच्छाहरू बोकेका युवाहरूले सहिदका सपना पूर्ण गर्न, पाखण्डी युगको अन्त गरी धर्ती सामु स्वाभिमानी नेपाली भएर बाच्ने प्रण गर्न, आफ्नो कर्मको सम्मानका लागि क्रान्ति गरी शोषणका जरा काट्नु पर्छ । तब मात्र श्रमजीवी किसानको जित हुन्छ, भन्दै बिहानी सन्देश बुलन्द पारिएको छ ।

त्यस्तै 'सङ्कल्प किसानको' शीर्षक दिइएको कवितामा संसारमा उत्पत्ति भएका सम्पूर्ण प्राणी जगतहरूको सम्मान कर्ममा निहीत हुन्छ, जसले जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ भन्दै कविले प्रगतिको पथमा लम्किन र सत्य, इमान एवं मानवीय चेतनाको बिउँ यही संसारमा रोप्नुपर्छ भनेका छन् :-

सुन्दर भविष्यको सपना रोपेर

श्रमको संसारमा

रगत र पसिनाले सिँचेको

हराभरा फुलबारी संसारको ।  (सङ्कल्प किसानको, पृ. २४)

हामी जन्मेको संसार एउटा सुन्दर बगैचा हो । त्यसमा पनि हाम्रो नेपाल सुन्दर, शान्त, हराभरा छ । हाम्रा डाँडाँ, पाखा, पहरा र तराईका सुन्दर फाँटहरूले किसानलाई आफ्नो रगत र पसिना सिँचेर अन्न फलाउन हर्दम प्रेरित गरिरहेका छन् भन्दै कविले श्रमको संसारमा बाँचेर, निरन्तरको अभ्यासद्वारा हाम्रा प्रगतिका मुहानहरू फुटाउनुपर्छ । भन्दै सबैले सबैलाई, माया, ममता र सम्मान गर्दै राष्ट्रिय एकता, राष्ट्रप्रेम, स्वतन्त्रता, समानता र सुन्दर शान्त समृद्ध नेपाल निर्माणको यात्रामा लाग्न प्रेरित गरेका छन् ।

प्रगतिवादले श्रमको सम्मान गर्दछ । श्रमजीवी दलित वर्गमाथि सामन्त वर्गले शोषण गरिरहेको यथार्थलाई इभाने साहिँलाको जीवन चरित्रका तर्फबाट ‘एउटा दलित’ शीर्षकको कवितामा देखाइएको छ । साम्यवादी समाजको सट्टा कोही अथाह सम्पत्तिमा रमाउने कोही अध्याँरो छिँडीमा कहर काट्ने परिस्थितिलाई यस कवितामा यसरी प्रस्तुत गरिएको छ :-

मकै बनेर पिँधिदैछ, समयको घट्टमा

कोदो बनेर पिँसिदैछ, परम्पराको जाँतोमा

धान बनेर कुटिदैछ, उही ढुङ्गे ओखलमा

मुसलको चोट कुटिनेलाई मात्र थाहा हुन्छ

खुकुरीको चोट अचानोले भोगेको हुन्छ ।  (एउटा दलित, पृ. ८०)

उखान टुक्काको भरपुर प्रयोग गरिएको यस कवितामा समाजमा रहेका इभाने साहिँला जस्ता गरिब किसानहरूप्रति सहानुभूति प्रकट गर्दै, किसान, दलित एवं गरिखाने वर्ग प्रति सामन्ती शोषकहरूको दृष्टि सुधार गरी श्रमको यथोचित सम्मान गरिनुपर्छ । गुट उपगुट गरेर श्रमिकको रगत र पसिनासँग खेलवाड गरिनु हुँदैन । मजदुर विरोधीहरूलाई परास्त गरी दलित, किसान, श्रमिक र निम्नवर्गीय जनताहरूलाई जातीय उत्पीडनबाट माथि उठ्न आह्वान गरिएको छ ।

मानिसले जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ । भाग्यवादलाई चरम उचाइमा राख्नेहरूले भाग्य पर्खिन्छन्; तर कर्म गरेर आफ्नो जीवन सिँगार्नेहरूले कर्ममा विश्वास

गर्दछन् । प्रगतिवादले भाग्यवादलाई मान्दैन; भौतिकवादमा संरचित संसारमा रगत र पसिनाको मूल्यतय गर्दछ, श्रमको सम्मान गर्दछ । हरेक व्यक्तिका कामहरू फरक फरक हुन्छन् भन्दै यस सङ्ग्रह कै लघुआयाममा रचिएको 'एकटुक' कवितामा यसो भनिएको छ :-

अनौ समाउनेले अन्न फलाउँछ

कलम समाउनेले विचार फलाउँछ ॥ (एकटुक, पृ. ८३)

अन्त्यानुप्रास युक्त भाषामा यस कविताका सुन्दर पंक्तिहरूले कर्मले नै मानिसको जीवनलाई सार्थकता तर्फ डोऱ्याउने भएकाले हरेक व्यक्तिले कर्म गर्नुपर्ने भाग्यवादी भएर समय बर्बाद गर्न नहुने प्रगतिवादी सिद्धान्त अनुरूप सबै किसिमका काम गर्ने श्रमिकहरूको यथोचित सम्मान हुनुपर्नेमा जोड दिइएको छ ।

### ४.२.७ सामन्तवाद, पुँजीवाद विरोधी स्वर

प्रगतिवादको प्रमुख प्रवृत्तिका रूपमा सामन्तवाद पुँजीवाद विरोधी स्वरलाई लिइन्छ । प्रगतिवादको यही मान्यता अनुरूप कवि शर्माले 'विचरा' शीर्षकको कवितामा शोषक वर्गले आफ्नो धन सम्पत्ति र शक्तिका भरमा गरिब जनतालाई दमन र अत्याचार गरिरहेको विषयवस्तुलाई यसरी व्यक्त गर्दछन् :-

देश, परदेश सबैतिर

ऐस गर्ने त जर्साप र कर्सापले हो ।

सुरक्षित गर रगत र पसिनाको पोखरी

लालायित छन् सधै बिहानमा

पौडी खेल्न विचराहरू ।

(विचरा, पृ. ६२)

समयको तीव्र वेगले परिवर्तनका सीमानाहरू फत्काइ रहेको परिप्रेक्ष्य आफ्नै आँखा अगाडि देखिदा पनि शासक वर्ग अझै पनि गरिबको रगत र पसिनामा पौडिन चाहन्छन् भन्ने भाव व्यक्त गर्दै अब देशमा लोकतन्त्र स्थापना भईसक्यो, हामी नेपाली सधै साहू महाजनका अगाडि घुँडा बिसाएर उड्केली मार्नु हुँदैन । शोषक, दमन गर्ने सामन्ती

पुँजीपतिहरूका भोग विलासीपनहरूका विरुद्ध डटेर लड्नु पर्छ, भन्ने प्रगतिवादी विचार यस कवितामा प्रस्तुत गरिएको छ ।

आफ्नो सत्ता र शक्ति समाप्त भई सक्दा पनि नियास्रो रूप लिएर सामन्तीहरू अझै समाजमा अधिकार जमाउन खोज्दै छन् भन्ने भाव "प्रेतात्मा" शीर्षकको कवितामा यसरी बोलिएको छ :-

एउटा युग
नाँचिरहेछ अझै
मैमत्त साँढे सडकमा
रेखाचित्र मानिसको
प्रेतात्मा सिँह दरबारको ।

(प्रेतात्मा, पृ. १०९)

राजा, महाराजाका मतियार भएर सत्ता समेलिरहेका सामन्तहरूले सर्वहारा जनताहरूलाई हेप्ने, ठग्ने सत्ताको साहस देखाउने ती सामन्ती, शोषक, श्रमिकको रगत र पसिनासँग खेलवाड गर्ने प्रेतात्माहरूको सबै जनता मिलेर नाश गर्नुपर्ने भन्दै यस कवितामा सामन्तवाद विरोधी स्वर व्यक्त गरिएको छ । त्यस्तै 'उही हलो' शीर्षकको कवितामा :-

उही सान र सौकत, उही सोच र शैली
प्रतिगमनको लट्ठी टेकेर
जनता जोत्ने मृगमरिची
उही पुरानो सोच, उही पुरानो कोट
अतृप्त प्रेतात्मा, बाँचिरहेछ अझै ।

(उही हलो, पृ. १३६)

प्रतिगमनको लट्ठी टेकेर सोझा साझा जनताहरू तर्साउने सामन्ती जिम्मुवाल, मुखिया र शासकहरूका अतृप्त आत्माहरू उही पुरानो विर्तावाला सोच विचार लिएर अझै पनि समाजमा रहेका छन्, भने कविले शासन सत्ताका नाममा उही अनुहार र उही पुरानो प्रवृत्तिलाई सामाजिक न्याय दिनु हुँदैन भन्ने राय व्यक्त गर्दै प्रजातन्त्रको पिठ्युँमा टेक्नेहरूमाथि जाइ लाग्न जनतालाई आग्रह गर्दछ ।

आफ्नो स्वार्थपूर्तिका लागि पौराणिक रचनाका आडमा स्वर्ग र नर्कको पाठ पढाइ राजालाई ईश्वरको अवतार भन्दै सम्मान व्यक्त गर्ने काम सामन्तवादी युगमा भयो तर अब समाजमा धार्मिक आडम्बरले युक्त पाखण्डी स्वभाव भएका सामन्तवादी शोषक प्रवृत्तिको युग समाप्त भएको छ । तसर्थ विवेकशील नेपालीहरूले सामन्तवाद पुँजीवाद विरोधी स्वरलाई अझै बुलुन्द पारी आफ्नो अस्तित्वको खोजी गर्नु पर्ने, भन्दै कविले 'भग्नावशेष त्र' शीर्षकको कवितामा निभ्न लागेको बत्ती समान अस्तित्व हुदाँ पनि खिया लागेको दरबारको छतमा बसेर रमिते बन्ने सामन्तवादी प्रवृत्तिलाई यहाँ भग्नावशेषको नाम दिएका छन् :-

इतिहासको कठघरामा ठिङ्ग उभेको

भग्नावशेष अस्तित्व

चरमराइ रहेछ जगैदेखि

गर्ल्याम गुर्लुम्म ढल्न

बुर्जा दरबारको ।          (भग्नावशेष त्र, पृ. १२०)

शोषक सामन्तहरूले मुठी भरको पुँजीका आडमा जनता माथि अन्याय, अत्याचार र शोषण दमन गर्ने गरेका छन् । तिनै सामन्तीहरूले परिवर्तनकारीहरूको जनसागरलाई सम्बोधन गर्न नसक्दा आस्था र अस्तित्वका गजुरहरू ढल्न लागेका छन् । सामन्ती शोषकहरू त्यही घृणा र तिरस्कारको संसारमा आफ्नो अस्तित्वलाई शाश्वत् तुल्याउनका लागि भरपुर सङ्घर्षरत छन् । त्यहि निमेषभर श्वास फेरी रहेको निरङ्कुशतालाई कवितात्मक रूप दिँदै त्यही सामन्ती निरङ्कुश अस्तित्व समाप्तिका लागि हामी नेपाली निमुखा, पीडित, उपेक्षित र शोषित जनताहरू एकजुट भएर लाग्नु पर्ने बताइएको छ ।

मानिस प्रकृतिको उपज हो । प्रकृतिलाई बसमा राख्न खोज्ने स्वार्थी प्रवृत्ति आफूलाई मन नपर्ने र आफू प्रकृतिप्रेमी रहेको जनाउँदै कविले प्रकृतिको उद्धार गर्ने नाममा मानिसले विध्वंसकारी औजार लिएर र पर्यावरणलाई पनि खोक्रो बनाउँदै गएको छ । यसरी प्रकृति माथि अन्याय गरेको देख्दा ती शोषकहरूप्रति विद्रोही भाव ओकल्न मन लाग्ने कुरा कविले यसरी बताउँछन् :-

हामी सबैको उछितो काढ्ने कुटिलहरूका विरुद्ध

शोषणको मुक्तिको नाममा

शासकको सेवामा संलग्न व्यक्तिमा विरुद्ध

किन किन सधैं सधैं आगो ओकल्न मन लाग्छ

विद्रोहको ज्वाला बन्न मन लाग्छ । (प्रकृति, पृ. १२४)

प्रकृतिलाई सहोदर बन्धुत्वका रूपमा तुलना गरिएको यस कवितामा प्रकृतिमाथि खेलवाड गर्ने, सेवा र कल्याणको कुरा गरेर प्रकृतिमाथि जाइलाग्ने कुटिल शोषक, सामन्ती, पुँजीपती र शासकका विरुद्ध यहाँ खुलेर विरोध गरिएको पाइन्छ ।

प्रकृतिको सुन्दर उपहार एवं जल स्रोतले भरिपूर्ण देश नेपालका राजनितिक पार्टी नेता, कार्यकर्ताहरूलाई सत्तामा आसन जमाउन प्रतिस्पर्धा गर्ने मोबाइल बिगार्ने भाइरसँग तुलना गर्दै 'यस पटकको वैठकमा' शीर्षकको कवितामा राजनैतिक दलका नेताहरू विचार एवं सिद्धान्त र दर्शनका आडमा नभई दक्षिणी हावाका भरमा हानथाप गरेर जनतालाई दुख दिएको र प्राकृतिक सम्पदा र भूमिमाथि आक्रमण गरेको सन्दर्भलाई कवितामा यसरी औल्याइएको छ :-

विवेक विचार उडेछ हावामा

मोलतोल सन्धि सम्झौताको

अलिकति भागबन्डा नमिल्दा

चट्याङ नै परेछ बैठकमा

यस पटक दक्षिणी हावाले

आँधी तुफान ल्याउछ विचारमा । (यस पटकको वैठकमा, पृ १५०)

शक्तिको भरमा नेपाल र नेपाली जनतालाई दुःख दिने भारतीय प्रवृत्तिलाई दक्षिणी हावाको संज्ञा दिइएको यस कवितामा विभिन्न आन्दोलन र जनताको वलिदानीपूर्ण उपलब्धिलाई संस्थागत गर्न सक्ने, आफ्ना मूल्यमान्यता र सिद्धान्तहरू बिर्सेर देशलाई पुनः प्रसव पीडामा धकेल्न खोज्ने विदेशी दलालहरू माथि औंला ठड्याउँदै कविले पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका भ्रष्ट, घुसखोर, सामन्ती शासकहरू र भारतीय लालची आँखाहरूका विरुद्ध सम्पूर्ण देशभक्त नागरिकहरू एकजुट भएर लाग्नुपर्छ भन्दै सामन्तवादको विरोध गरेका छन् ।

### ४.२.८ परिवर्तनको चाहना

प्रतिवादमा द्वन्द्वात्मक भौतिकवादले द्वन्द्व र गतिशीलता कै कारण पदार्थमा परिवर्तन ल्याउँछ, भन्ने मान्यता अनुरूप देशप्रेम, राष्ट्रियता, स्वाभिमान र आत्म रक्षाका लागि भरपुर आफ्नो जीवन समर्पित गर्दै समाज परिवर्तन का लागि निरन्तर लागि रहनुपर्ने भाव 'जन्म दिनको स्मरण' कवितामा सम्प्रेषण गरिएको छ । मातृवात्सल्य पूर्ण भावलाई भावनात्मक रूपमा सजाइएको यस कवितामा मर्द भएर शत्रुका अगाडि आत्म समर्पण कहिल्यै नगर्नु, बरू देशभक्ति भावनाका लागि माटोको कसम खाएर मर्नु भनेर यसरी कवितात्मक रूप दिइएको छ :-

'बाबु मर्द भएर झुक्नुहुन्न बैरीका अगाडि
मर्नु बरू कायल नाम नगर्नु'
प्रेरणा जीवनको, दृढता लक्ष्यको
बिर्सन सक्दिन त्यो क्षण
उपदेश आमाको ।

(जन्म दिनको स्मरण, पृ. ३४)

प्रगतिवादी मान्यता अनुरूप यस कवितामा कविले आफ्नी ममतामयी माताको प्रेरणापूर्ण वाक्यांशलाई 'जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी' भन्ने उक्तिसम्मत् सम्मान गर्दै महान् विचार र राष्ट्रगौरवका निम्ति हामी नेपालीहरूले कहिल्यै पनि शत्रुका अगाडि झुक्नु हुदैँन चाहे प्राणै दिन किन नपरोस् । जन्म दिने आमा र जन्म भूमिको रक्षाका लागि जस्तो सुकै युद्ध लड्न परेता पनि पछि हट्नु हुदैँन । तसर्थ परिवर्तनका खातिर एकजुट भएर हामी नेपालीहरू सदासर्वदा लागिपर्नुपर्छ, भन्ने भाव व्यक्त गरिएको छ ।

प्रगतिवादीहरूले समयको पाबन्दीलाई ख्याल गर्नुपर्दछ । हरेक पल-पलमा मानिसले आफ्नो मृत्युलाई पछ्याइ रहेको छ, । मृत्युले पनि आफ्नो चिसो अँगालोभित्र मानिसलाई समाहित गर्न तत्पर रहेको छ । त्यसैले समयको चौकिल्ला भित्र मर्नुभन्दा अगाडि आफ्ना चाहनाहरू पूरा गर्नुपर्छ । केही समाजलाई त केही आफूलाई निहीत भएका परिवर्तनपूर्ण चाहनाहरू पूरा गर समय बलवान छ । यो कसैलाई पर्खिदैन भन्दै प्रतिकात्मक सन्देश 'भित्ते घडीको टिकटिक' शीर्षकको कवितामा प्रष्ट पारिएको छ :-

मेरो मर्ने इच्छा छ बाँच्नका लागि

मेरो बाँच्ने इच्छा छ केही गर्नका लागि । (भित्ते घडीको टिकटिक, पृ. ३२)

यो जीवनको यात्रालाई सार्थक तुल्याउन र आफ्नो इमान, इज्जत र प्रतिष्ठा समाजमा फुलाउँन अनि अविराम प्रकट हुने भावी पुस्तालाई मार्गदर्शन दिनका लागि वर्तमानमा केही गर्नुपर्छ । भन्दै कविले आफ्नो नाम इतिहासका पानामा कोर्नको लागि वर्तमानमा मर्न किन नपरोस् तर केही गर्न र उपलब्धि देखाउनको लागि सदासर्वदा समयको गतिलाई बुझेर समाज परिवर्तनको लागि जुटिरहनुपर्छ भनेका छन् ।

प्रतिकात्मक शीर्षक दिएर लेखिएको 'लेख्न सके' शीर्षकको कवितामा जसरी आमाको दुधको भारा तिर्नुपर्छ भनेर आफ्नो जीवनका सच्चा कर्महरूमा आमाको स्पर्श खोजिन्छ । त्यसरी नै यस जन्म भूमिका हरेक पीर व्यथाहरूलाई मेटाएर यिनै खेतबारी र नाङ्गा डाँडाँहरूमा कर्म गरेर परिवर्तन खोज्नुपर्छ । सच्चा सन्तान बनेर धर्तीमा क्रान्ति गर्नुपर्छ । भन्दै कवि भन्छन् :-

उर्वर छ बारी

भावनाको वाली लगाउन

मौसम सुरु भैसक्यो क्रान्तिको

कोर क्रान्तिको गीत

लेखनीले लेख्छ, लेख्न सके ।

(लेख्न सके, पृ.४६)

समाजलाई गति प्रदान गर्न द्वन्द्व र गतिशीलताले महत्त्वपूर्ण भूमिका खेल्दछन । परिवर्तनकारीहरू रगत र पसिनाको मूल्य खोज्दछन् र नयाँ नयाँ सपनाहरू साँचेर आफ्नो जन्म भूमिलाई स्वर्ग बनाउँछन् भन्दै यस कवितामा 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' मानिसले उद्देश्य लिन सकेमा हरेक उद्देश्यहरू पूराहुने विश्वास राख्दछन् । समाजको उन्नति र प्रगतिका लागि मौसम अनुकूल भएको जानकारी दिँदै कविले राष्ट्र सेवा, समाज सुधार र परिवर्तनका लागि सबैलाई एकजुट हुन आग्रह गरेका छन् ।

त्यस्तै परिवर्तनकारी चाहना पूरा गर्न 'माटो' शीर्षकको कवितामा कविले हामी नेपालीहरू जन्मेर पाइला टेकेको पवित्र भूमि माटोले आमाकै वात्सल्यता समान उर्जा खर्चिएको हुन्छ । हामीलाई परिवर्तनका पथहरू देखाउने हाम्रो जन्म भूमिको लागि प्राणै दिन पनि पछि हट्नु हुँदैन भनिएको छ :-

खाई कसम माटोको समाधी डस्नुपर्दछ

भत्काई वैरीका किल्ला प्रहार गर्नुपर्दछ

देश बेचेर बाँच्नेको उछितो काड्नुपर्दछ

मागे रगत माटोले हाँसेर दिनुपर्दछ, ।

(माटो, पृ. ३८)

यस कवितामा कविले सीमा विरोध, सङ्घर्ष र मानचित्र सम्बन्धी विषयलाई तदारुकताका साथ कविताको रूप दिएका छन् । विगतका समयमा हुने गरेका राजनैतिक चलखेल, राष्ट्रिय सहमति, एवं राष्ट्रघाती सन्धि सम्झौताको खुलेर विरोध गरिएको छ । कवितामा आमा समान मातृभूमिको परिवर्तन, संरक्षण र आत्म रक्षाका लागि हामी नेपाली दाजुभाई दिदीबहिनीहरूले एकजुट भएर लाग्नु पर्दछ । माटोको लडाइमा आफ्नो बलिदान समेत दिन सक्ने पुर्खाको इमानलाई थाती राख्नु पर्दछ । कोही कसैले आफ्नो मातृभूमिप्रति कुदृष्टि लगाउँछ भने बाँकी राख्नु हुँदैन भन्ने परिवर्तनकारी भाव उद्घोष गरिएको छ ।

देशभक्ति भावना बोकेर बन्दुकको युद्धलाई परास्त गरी कलमको युद्ध गर्ने साहित्यकार सिद्धिचरण श्रेष्ठलाई परिवर्तनको चाहना राखी जनतालाई एकजुट हुन आग्रह गर्ने कविका रूपमा चित्रण गर्दै विदेशी भूमिमा गएर स्वदेश फर्किएकाहरूले विभिन्न सिद्धान्तहरू खोक्दै बुट्बजार्छन्; तर सफल नेपालीहरूले नेपाल कै महिमागान, प्रकृति चित्रण गरी नयाँ नेपालको चित्र कोर्छन् भनेर यसरी कवितामा स्रष्टा सम्मानपूर्ण भाव व्यक्त गरिएको छ :-

आज भोलि कताकता

बन्दुक बोक्नेसित भन्दा,

कलम बोक्नेसित

झन ठुलो डर लाग्छ ।

त्यसैले के भनौँ, के नभनौँ

मेरो सम्मान स्रष्टालाई

मेरो श्रद्धासुमन सिद्धिचरणलाई ।

(युग कवि सिद्धिचरण, पृ. ४१)

परिवर्तका लागि युद्ध मात्रै होइन कलम, भावना र साधनाले फुलेका विचारहरू आवश्यक हुन्छन । विचारशील कलमको यात्राले सहजरूपमा युग परिवर्तन भएको भन्दै यस कवितामा देवकोटाले शिक्षा र साहित्यको फुलबारी सजाए झै कैयौँ साहित्यकारले राष्ट्र सजाउन योगदान दिएका छन् । त्यसैले परिवर्तनका लागि स्रष्टा सम्मान हुनुपर्ने भाव सहित क्रन्तिमा होमिएका योद्धाहरूको जीवन यात्रालाई यसरी हेरिएको छ :-

युग सापेक्षित हलो फेर्न

युद्धका सिपाहीहरू, नारिएका गोरूहरू

एकैछिन सिङ जुधाए पनि

फेरि पनि मिलेर जुवामा

लुरूलुरू हलो तान्नै पर्छ क्रान्तिको ।

(नारिएका गोरूहरू, पृ. ९०)

परम्परागत रूपमा नारिएका गोरूहरू भनेर नाम राखिएता पनि प्रतिकात्मक अर्थ बुझाउने यस कविताका पंक्तिहरूले क्रान्तिमा होमिएका तमाम नेपाली दाजुभाइ दिदी बहिनीहरूले परिवर्तनका खातिर भोकभोकै लड्नु परेको पीडालाई एकातर्फ सङ्केत गरिएको छ, भने अर्कोतर्फ क्रान्ति सफल पार्नको लागि राजनैतिक रूपमा परम्परादेखि देशको तालाचावी समाएका पुराना अनुहारहरूलाई अबको अत्याधुनिक युगले पछ्याउन सक्दैन । विज्ञानले आविष्कार गरेका ट्याक्टर र टिलरहरू ती पुराना विचार र सिद्धान्तले चल्दैनन् भन्दै राजनैतिक पृष्ठभूमि परिवर्तनकारी शक्तिका रूपमा बदलिनु पर्ने भनिएको छ :-

एक दिन

आउँदैछ दिन गोरूको उन्मुक्तिको

मुक्ति हुदैँछ सबै हलि र गोठालाहरूको

यो समयको माग हो

यो परिवर्तनको नियम हो ।

(नारिएका गोरूहरू, पृ. ९१)

परिवर्तनको चाहना अनुरूप क्रान्ति सफल पारेर समुन्नत नेपालको परिकल्पना गर्ने युवाहरूको कारुणिक अवस्थालाई कवितात्मक रूप दिइएको यस कवितामा विचार र सिद्धान्तलाई अनुशरण गरी राजनीतिमा होमिएका नेपालीहरूले राजनैतिक किचलो र सामन्तीहरूको छल, कपटपूर्ण नालायकीपनबाट उन्मुक्ति चाहेको भाव स्पष्ट देखाइएको छ । वस्तुतः क्रान्तिको सफलता र परिवर्तनको तीव्रतर आशाको कामना पूर्ण हुदैँछ ।

नेपालीहरूको सामु एकदिन अवश्य खुसीका दिनहरू आउनेछन् । आफ्नो ज्यानको बाजी थापेर गरिब निमुखा, उत्पीडित जनताको परिवर्तनका लागि लड्ने योद्धाहरूको क्रान्ति सफल हुनेछ । अनि हली र गोठालाहरूले परिवर्तनको श्वास फेर्नेछन्, भन्ने परिवर्तनको चाहना एवं क्रान्तिचेत यस कवितामा पाइन्छ ।

युगौं युगदेखि शोषण, दमन र अत्याचारबाट पीडित नेपालीहरूले नयाँ युगको सुरुवातसँगै आफ्नै स्वदेशी उन्पादनको उपयोग गर्ने चाहनालाई यसरी प्रस्ट्याइएको छ :-

नेपाली रगत र पसिनाले सजिएको

नेपाली मौलिकता र शैलीको

नयाँ कोट फेर्न युगको

नयाँ पुस्ता आतुर छ नेपालको ।

(पुरानो कोट, पृ. ९७)

रूढीवादी परम्परा र विसङ्गतिहरूले जकडिएको नेपाली समाज ध्वस्त बन्दै गइरहेको छ । यही नेपाली भूमि हाम्रो आश्रय स्थल हो । तसर्थ सम्पूर्ण नेपालीहरूले एकजुट भएर नेपाललाई सिंगार्नु पर्छ । आफ्नै मौलिकतालाई सजाउनु पर्छ, रमाउनुपर्छ, भन्दै अबको नयाँ

पुस्ताले सुन्दर एवं परिवर्तित नेपाल हेर्न आतुर छ भन्ने परिवर्तनपूर्ण भाव यस कवितामा पाइन्छ ।

### ४.२.९ भविष्यप्रति आशा

प्रगतिवादको मान्यता अनुरूप सामन्तवाद पुँजीवादको अन्त्य भएपछि अब एउटा सुन्दर भविष्य आउँदै छ, भन्ने भविष्यप्रतिको आशा जागृत भएको कविता हो 'नयाँ वर्ष' यस कवितामा शीर्षकका मुताबिक नेपालीहरूमा नयाँ वसन्त जस्तै अर्को नयाँ बहार आउँदैछ । जसले नेपालीहरूका भावनालाई समेट्ने छ । शोषक सामन्तीका जङ्गे पिल्लरहरू भत्कने छन् भनेर यसरी भनिएको छ :-

नयाँ इतिहास रचेर

आउँनेछ नयाँ वर्ष प्रकाश छर्दै

सगरमाथा र धवलागिरिको चुचुरोमा

सिङ्गो एसिया महाद्वीपमा

चेतनाको विगुल फुक्दै

परिवर्तनको बाहक बन्दै (नयाँ वर्ष, पृ. ५१)

सामन्ती शोषकहरूका अजङ्ग पहाडहरूलाई भत्काएर समथर भूमि प्राप्तिको परिकल्पना गर्ने हाम्रा कैयौं पुस्ता र पुर्खाहरूको बलिदानको सम्मान गर्नुपर्दछ । आजको समयमा सामन्तीका ती अजङ्ग पहाडका उचाइहरू घट्दै गइरहेका छन् । जुन बेला असमानताका पर्खालहरू भत्केर समानता छाउनेछ तब हाम्रो समथर भूभागमा एकछत्र नयाँ बहार आउनेछ । चेतनाका किरणहरू हिमाल, पहाड, तराईमा परिवर्तन बनेर छाउँनेछन् भन्दै कवितामा भविष्यप्रति तीब्रतर आशा व्यक्त गरिएको छ । एउटा उदीयमान युगलाई सम्मान र स्थायित्व प्रदान गर्नका लागि काल्पनिकतालाई त्यागेर यथार्थताका खातिर अबको युग बलवान् बनेर उदाएको छ भनेर यसरी समेटिएको छ भविष्यलाई :-

पहिरो चल्दै छ पुरानो संस्कारमा

नयाँ युगको उदयको लागि

नयाँ बस्ति बसाउन भविष्यको

नयाँ विचारको बाहक बनेर

तेस्रो पुस्ताको सन्तान उदाएको छ ।

एउटा नक्षत्र मेरो देशको आगँनमा । (एउटा नक्षत्र, पृ. ५३)

प्रगतिवादमा पुराना यथास्थितिवादी चिन्तन परम्परालाई त्यागेर नयाँ युगको सुरुवात गरी भविष्यप्रति आशावादी बन्नुपर्छ, भन्ने मान्यता अनुरूप पुराना संस्कारहरूलाई अविलम्ब निष्क्रिय पारेर युगको तेस्रो पुस्ता भविष्यको बाहक बनेर उदाएको छ । त्यही एउटा उदायमान नक्षत्रका रूपमा रहेको नेपाल आमाको असल सन्तानले नेपालीहरूलाई भविष्यप्रति उत्तरदायीपन र आशाहरू थप्दै गएको छ ।

## ४.२.१० सर्वहारा वर्गप्रति सहानुभूति

प्रगतिवादको मान्यता अनुरूप सर्वहारा वर्ग एवं जनताप्रति तीव्र सहानुभूतिका स्वरहरू व्यक्त गरिएको कविता हो 'के भोत' यस कवितामा लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि भएका क्रान्तिहरू र प्राप्त सफलताले जनताका इच्छा आकाङ्क्षालाई समेट्ने छन् । जब अन्याय र अत्याचार समाजबाट हट्ने छ तब मात्र नयाँ प्रभातको जन्म हुने छ भनिएको छ :-

चिर्दै अत्याचार निशाको

सपना साचेर इतिहासको

नयाँ बिहानी मुस्कुराउने छ

नरकङ्काल माथि उभेको

नरहे पनि राजतन्त्र, के भोत । (के भोत, पृ. १३०)

सर्वहारा वर्गप्रति सहानुभूति व्यक्त गर्दै सामन्तवाद विरोधी स्वर व्यक्त भएको यस कवितामा निरङ्कुश शासन व्यवस्था चलाएर जनतामाथि अन्याय, अत्याचार र दुराचारी प्रवृत्ति लागु गर्न खोज्ने राजतन्त्र नभएर के भोत भन्दै गरिब, दुखी र उत्पीडित जनताका विरोधी सामन्ती शोषकहरूको अन्त्यमा दुखी हुनु हुदैंन । युवाहरूले शासन सत्तालाई

परिचालन गर्नुपर्छ । सबै जनता एकिकृत भई नयाँ नयाँ सपना साचेर प्रगतिको पथमा हातेमालो गर्नुपर्छ भनिएको छ ।

### ४.२.११ इतिहासचेतना र भविष्यप्रतिको आशा

प्रगतिवादमा इतिहास चेतना र भविष्यप्रतिको आशा मान्यता अनुरूप भूतकालीन समयबाट पाठ सिकेर वर्तमानमा भविष्यको गोरेटो खन्ने काम 'कतै आकाशमा' शीर्षकको कवितामा पाइन्छ । प्रगतिवादले आकाशमा उडान भर्ने स्वैरकल्पनाको विरोध गर्छ, यसर्थ यस कविता पनि प्रगतिवादी चिन्तनका विरुद्ध देखिन्छ तर कवितामा भविष्यप्रति आशा व्यक्त गरिएको छ । संरचनात्मक रूपले स्वैरकल्पनात्मक देखाइए पनि कतिपय हरफहरूले संसारमा अन्याय, अत्याचार र शोषण व्याप्त छ । यी सबै सबैले दिक्क छु भन्दै कविले मानिस हुनुको नाताले सुन्दर, शान्त, हराभरा र पवित्र भूमिको आशा गरिएको भाव यसरी उल्लेख गरिएको छ :-

अब मंगलले पुगेन मलाई

मानिस हुनुको नाताले

स्वर्ग भन्दा पनि माथिको संसार

उतै हराइ दिन मन लाग्छ । (कतै आकाशमा, पृ. १३२)

मानवीय चेतनामा इतिहासप्रति सम्मान गर्दै नयाँ युगको थालनीका लागि पिता पुर्खाहरूले धुलौटो कोरेर गणितका सूत्रहरू पढ्थे, भन्ने विषयलाई प्रस्तुत गर्दै कविले तिनै चेतनालाई विस्तार गर्न वर्तमान समयमा पितापुर्खाका सङ्घर्षहरू स्मरण गर्न र भविष्यलाई मार्गदर्शन दिनका लागि कतै आकाशमा सयर गर्ने आशा कवितामा बताइएको छ ।

समयको वेगलाई कसैले रोक्न सक्दैन । पुराना प्रवृत्तिको बहिष्कार स्वयं युगले गर्दछ, र नयाँ मूल्य मान्यताको स्थापना गर्दछ, अनि समुन्नत नेपाल बन्छ । त्यतिबेला इतिहासका धर्म, संस्कृति, संस्कार र रूढीवादी परम्पराका ठाउँमा आदर्श विचार आउने छन्, छुट्टै संसार बन्नेछ । समाजका विकृति विसङ्गति, शोषण, दमन र वर्ग सङ्घर्षको अन्त्य हुनेछ । अनि मात्र आदर्श परिवार बन्ने छ भन्ने भविष्यप्रति आशा यहाँ उद्घोष भएको छ :-

मेरो देशको नियति, मेरो समाजको संस्कृति

सभ्यता बनेर बगेको छ रगतमा

फेर्न हाम्रो संस्कार र चिन्तन प्रवृत्ति

आखिर एउटा युगको अन्त

माग गर्छ समयले ।     (आदर्श परिवार, पृ. १३५)

भविष्यप्रति विश्वास गरि वर्तमानमा कर्म गर्नेहरूले संसार बदल्न सक्छन् । परिष्कृत मगजमा भविष्यको लक्ष्यमात्र भएमा मैले के गर्न सक्दिन भन्दै यहाँ सर्वहारा वर्गप्रति सहानुभूति र भविष्यप्रति आशा यसरी व्यक्त गरिन्छ :-

मैले धोखा दिन सक्दिन जनतालाई

दुश्मनका सामु झुक्न सक्दिन ।

के गर्न सक्दिन देशमा लागि

जीवनको आशा मरिसकेपछि

मृत्युलाई जितेपछि, म के गर्न सक्दिन साथी

म सित हिम्मत छ, संसार जित्नका लागि । (मैले के गर्न सक्दिन, पृ. १३९)

यस कवितामा प्रगतिवादीहरू मृत्युलाई जितेर, जीवन मरणको प्रवाह नगरी देश, जनता र स्वतन्त्रताका लागि सङ्घर्ष गरिरहन्छन । चाहे आफ्नो अस्तित्वलाई सहिद नामले चिनाउन किन नपरोस् तर दुश्मनका सामु झुक्न सक्दैनन् । आफ्नो भावि पुस्ता एवं देशको भविष्यका लागि शरीरमा एक थोपा रगत रहुञ्जेल लडिरहन्छन् भनिएको छ ।

प्रगतिवादमा श्रमिक, मजदुर, उपेक्षित, पीडित वर्गलाई चेतना प्रदान गर्दै वर्गीय प्रेमको बाटोमा अन्याय र अत्याचार विरुद्ध विद्रोह गरिन्छ । यिनै विद्रोह, क्रान्ति र सङ्घर्षबाट प्राप्त हुने विजयोत्सवलाई कविले 'रेखाचित्र' शीर्षकको कवितामा समाजमा समानता, स्थायित्व प्राप्त भए पश्चात् गरिब, जनताहरूका सामु कुनै पनि सीमानाहरू खडा हुने छैनन्, सबै जनता समान हुने छन् अनि भविष्यका पहरेदार बन्दै नयाँ सिपाहीहरू छातेटोपी ढल्काउँदै आउनेछन भन्छन् :-

आउँछ छातेटोपी ढल्काउँदै

खुकुरी भिरेर कम्मरमा

सिपाही भविष्यको

पहरेदार युगको ।        (रेखाचित्र, पृ. १६९)

क्रान्ति पछिको बिहानीलाई सम्बोधन र नयाँ नेपालको परिकल्पना गर्दै भविष्यप्रतिको सुन्दर आशा व्यक्त गरिएको यस कवितामा कविले युग सापेक्षित युवा वर्गले देशको वागडोर सम्हाल्ने छन् । हामी अस्तित्व गुमाउँदै उमेरले गुमनाम अतिक्रमण गर्न लागेका बुढापाकाहरू टाइटेनिक जहाजको नियति पर्खेर बस्नु उचित हुँदैन भन्दै आकाशमा सयर गर्ने कुरा जनाउँछन :-

माथि आकाश छुन मन छ

समयको पहाड चढ्दै गर्दा ।    (मन छ, पृ. १७५)

प्रगतिवादीहरूले भाग्यवाद र ईश्वरलाई साक्षी राखेर परम्परागत शोषणका बाटाहरू अवलम्बन गर्दैनन् । उनीहरू समयको गति अनुसार सिर्जनाका शिखरहरूलाई चुम्दै भविष्यका लागि सल्लाहाकार बन्न रुचाउँछन् । तसर्थ कविले नयाँ पुस्तालाई स्वागत सम्मान गर्दै शोषकका पुराना अनुहारहरू आकाशमा रमाउनु पर्ने बताएछन् ।

### ४.२.१२ शोषणको विरोध

प्रगतिवादमा गरिखाने सर्वहारा वर्गप्रति सहानुभूतिका भावहरू प्रकट गरी सामाजिक रूपमा रहेका शोषण दमन र अत्याचारको खुलेर विरोध गरिन्छ । यहाँ 'सभ्य समाजको मान्छे' शीर्षक दिइएको कवितामा सामन्ती शोषक एवं पुँजीपतिहरूले पार्टी सिद्धान्त र पहुँचका आडमा कानुनलाई हातमा लिएर शोषण गरिएको विषयलाई यसरी प्रस्तुत गरिएको छ :-

छाडा असनको साँढे गल्लीमा छिर्ने गर्दछ

दोकानीहरूको माल लुटेर हिड्ने गर्दछ

लफङ्गाहरू पालेर बाहुबल देखाउँछ ।

गुण्डाराज चलाएर सिधा साधा खेदाउँछ । (सभ्य समाजको मान्छे, पृ. १५१)

इतिहासलाई परास्त गरेर भविष्यप्रति उत्तरदायी बनेको नेपाली समाजमा सभ्यताका नाममा खोक्रो आडम्बर देखाएर सामाजिक विकृति, विसङ्गति र शोषण, दमनलाई प्रोत्साहन दिएको कुरालाई यहाँ इतिहासको कलङ्कका रूपमा व्याख्या गरिएको छ । कवितामा पार्टी सिद्धान्त र राजनैतिक विसङ्गति प्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ । सहर बजार र गाउँ घरमा आफ्ना गुण्डा कार्यकर्ताहरूलाई राजनीतिको बिल्ला भिराएर कानुनलाई अन्धो बनाई निरीह महिला र सोझासाझा जनताको रोजीरोटी खोस्ने शासन पद्धतिका विरुद्ध यहाँ आवाज उठाइएको छ ।

सामाजिक विषमतालाई स्पष्ट उतारिएको 'मूल्य चाहियो' शीर्षकको कवितामा परम्परादेखि थिचोमिचोमा पारिएका नेपालीहरूले देशको शासन व्यवस्था चलाउने सामन्ती, शोषक, फटाहा र राजनीति गर्ने नेताहरूलाई कटाक्ष गर्दै प्रजातन्त्र प्राप्तिदेखि वर्तमान समयसम्म आफ्नो जीवनको प्रवाह नगरी निरन्तर क्रान्तिमा होमिएका नेपालीहरूको अस्तित्व मागेको कुरालाई यसरी बताउँछन् :-

आजभोलि माटोले

माग्न थाल्यो सडकमा

इतिहासको समीक्षा चाहियो

योगदानको ब्याज चाहियो

जीवनको मोल चाहियो ।        (मूल्य चाहियो, पृ. १५७)

हामी नेपालीहरू सधै डर, धक्की र शोषण, दमनको जर्जर अवस्था खपेर बस्नु हुँदैन, भन्दै यस कवितामा कविले गाउँले जनताहरू एकजुट भई सामन्तवाद विरोधी अभियानमा लाग्नु पर्ने जनाउँछन् । आफ्नो स्वार्थ पूर्तिका लागि गरिब, बेसहारा जनतालाई युद्धको भुमरीमा होमेर आफूले मोजमस्ती गर्ने सामाजिक एवं राजनैतिक विषमताको विरोध गर्दै सचेत युवाहरूले इतिहासको समीक्षा, परिवर्तनको अनुभूति, स्वतन्त्रता र शान्ति चाहियो अनि रणभूमिको वेदना बिर्साउने श्वास चाहियो भन्दै प्रगतिशील आशा व्यक्त गरेका छन् ।

यसरी दीनानाथ शर्माको यस कविता सङ्ग्रहका कविताहरूलाई हेर्दा केही विविधता पाइन्छ । तत्कालीन समयका समसामयिक विषयवस्तुहरूका साथमा प्रगतिप्रेम र राजनैतिक एवं सामाजिक विषयवस्तुहरू उनका कवितामा स्पष्टरूपमा पाइन्छन् । सामाजिक रूपमा

उत्पन्न भएका केही विषयलाई पनि कवितामा स्थान दिइएको छ । जसलाई शर्माले देखे भोगेको परिवेश मान्न सकिन्छ । यसका अलावा शर्माले आफू जन्मे हुर्केको र खाइखेलेको समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन कुरीति, कुसंस्कार र विकृति विसङ्गतिलाई नजिकैबाट देखेका, भोगेका र जीवन सङ्घर्षका क्रममा अनुभव गरेका प्रवृत्तिहरूप्रति विरोध र विद्रोह गरेका छन । परिवर्तनको चाहना र मानवीय मूल्यको खोजीमा दत्तचित्त शर्माले सामन्तवादी, पुँजीवादी प्रवृत्तिप्रति तीव्र असन्तुष्टि प्रकट गरेका छन् । उनका रचना धार्मिक अन्धविश्वास, आडम्बर, शोषण, दमन र अत्याचार मान्दैनन् । देशमा व्याप्त भ्रष्टाचारको नामोनिशाना मेटाएर समतामूलक समाज निर्माण गर्न खोज्ने उनले गरिब एवं सर्वहारा वर्गप्रति हुने शोषण दमनलाई मन पराउँदैनन् र यस्ता प्रवृत्तिप्रति तीव्र आक्रोश व्यक्त गर्दछन् ।

यसरी उनका कविताहरूमा हाम्रै आँखा वरपरको यथार्थ चित्र भेटिन्छ । गरिब जनताको कित्तामा उभिन चाहने शर्मा सुन्दर र स्वतन्त्र समाज निर्माणको लागि आशातीत रहेका छन् । उनले त्यस प्रकारको समाज निर्माणका लागि सम्पूर्ण मानिसहरू एकजुट भएर वर्गसङ्घर्ष गर्नका लागि अगाडि बढ्न आह्वान गर्दछन् । श्रमजीवी, दलित, निमुखा, गरिब, उपेक्षित, उत्पीडित किसान, मजदुर, अपहेलित नारी र समाजमा पछि पारिएका सर्वहारा वर्गप्रति सहानुभूतिको भाव व्यक्त गर्ने र वर्गीय प्रेम दर्साउने शर्माका प्रशस्त कवितामा प्रगतिवादका मूलभूत मान्यताहरू पाइने भएकाले दीनानाथ शर्माका कविताहरू प्रगतिवादी सैद्धान्तिक अवधारणाका दृष्टिले अग्रस्थानका रचना मान्न सकिन्छ ।

# परिच्छेद-पाँच

## उपसंहार

## (सारांश र निष्कर्ष)

दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा प्रगतिवादी चेतना शीर्षकको प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा यस परिच्छेदमा सारांश र निष्कर्ष गरी दुई ओटा उपशीर्षक प्रस्तुत गरिएको छ । सारांशमा चार ओटा परिच्छेदमा विश्लेषण गरिएका विषयहरूको सार सङ्क्षेप प्रस्तुत गरिएको छ । शोधपत्रको निष्कर्षलाई यसै परिच्छेदको निष्कर्ष उपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ५.१ सारांश

प्रस्तुत शोधपत्रको परिच्छेद एकमा शोधपत्रको परिचय दिइएको छ । परिच्छेद दुईमा नेपाली कवितामा प्रगतिवादी चिन्तन परम्परा र विकासक्रम प्रस्तुत गरिएको छ, । परिच्छेद तीन र चारलाई यस शोधपत्रका मूल परिच्छेद वा मूल खण्डका रूपमा प्रस्तुत गरिएको छ । परिच्छेद पाँच सारांश र निष्कर्षका रूपमा रहेको छ ।

शोधपत्रको परिच्छेद एकमा शोध परिचय, शोधशीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोध उद्देश्य, पूर्वकार्यको विवरण, शोधको आवश्यकता र महत्त्व, शोधकार्यको सीमा र क्षेत्र, सामग्री सङ्कलन विधि र शोधपत्रको रूपरेखा मार्फत् शोधपत्रको परिचय दिइएको छ ।

प्रस्तुत शोधपत्रको परिच्छेद दुईमा मुख्य गरी सामग्री विश्लेषणका लागि आवश्यक सैद्धान्तिक अवधारणाहरू निर्माण गरिएको छ । यस अन्तर्गत प्रगतिवादको परिचय, यसका सैद्धान्तिक अवधारणाहरू, द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । प्रगतिवादका प्रमुख प्रवृत्तिहरूका रूपमा यथार्थवादी दृष्टिकोण, वैचारिक प्रतिबद्धता, मानवीय मूल्य र सौन्दर्यप्रति आस्था, इतिहास चेतना र भविष्यप्रति आशा, वर्गसङ्घर्ष र वर्गीय प्रेममा विश्वास, सामन्तवाद, पुँजीवाद विरोधी स्वर, धार्मिक

अन्धता र ईश्वरीय सत्ताप्रति अविश्वास गरी मुख्य सातओटा प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । यसपछि प्रगतिवादी साहित्य परम्परालाई प्रस्तुत गरिएको छ ।

परिच्छेद तीन यस शोधपत्रको प्रमुख अङ्ग मध्येको एक अङ्गका रूपमा रहेको छ । यस परिच्छेदमा दीनानाथ शर्माको जीवनी पक्ष अन्तर्गत जन्म र बाल्यकाल, शिक्षादीक्षा, विवाह तथा पारिवारिक जीवन, साहित्यिक प्रेरणा र पृष्ठभूमि, प्रकाशित कृति, पेसा, भ्रमण, सेवा पुरस्कार र व्यक्तित्व जस्ता पक्षको विश्लेषण एवं जानकारी दिइएको छ, भने काव्ययात्रामा उनको साहित्यिक पृष्ठभूमि, लगाव र साहित्य क्षेत्रमा गरेको सङ्घर्ष र उनका यस कविता सङ्ग्रहमा सङ्ग्रहीत कवितामा समेटिएका विषयवस्तुका आधारमा प्रगतिवादी चिन्तन र प्रवृत्तिहरूलाई छुट्याइएको छ र यिनै प्रवृत्तिका आधारमा कवि दीनानाथ शर्मालाई प्रगतिवादी साहित्य निकट रहेको पुष्टि गरिएको छ ।

परिच्छेद चार पनि यस शोधपत्रको प्रमुख अङ्ग मध्येकै एक अङ्गका रूपमा रहेको छ । यस परिच्छेदमा दीनानाथ शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूलाई प्रगतिवादी मान्यताका आधारमा सोदाहरण विश्लेषण गरिएको छ । शर्माको यस सङ्ग्रहमा गरिब, निमुखा, पीडित, उपेक्षित, शोषित, सर्वहारा, श्रमिक र मजदुर वर्गका बिचको द्वन्द्वलाई प्रस्तुत गर्दै निम्न एवं गरिखाने वर्गका पक्षमा आफ्ना विचार प्रकट गरिएको छ र वर्गप्रेमलाई देखाइएको छ । समाजमा रहेका यथार्थ घटना एवं दृष्टिकोणलाई प्रस्तुत गर्दै सामाजिक, आर्थिक, राजनैतिक विसङ्गति, अन्याय र अत्याचारको विरोध गरिएको छ । सामन्तवाद पुँजीवाद विरोधी स्वर स्पष्ट देखाइएको यस सङ्ग्रहका कविताहरूमा श्रमको सम्मान, परिवर्तनको चाहना, भविष्यप्रति आशा, सर्वहारा वर्गप्रति सहानुभूति, शोषणको विरोध जस्ता प्रवृत्तिलाई उद्घाटित गरी इतिहासको मूल्याङ्कन र समतामूलक समाज निर्माणका लागि महत्त्वपूर्ण विचारहरू प्रकट गरिएको छ । शर्माको यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रगतिवादी साहित्यका मूल प्रवृत्तिहरू देखिएका छन् । यस शोधपत्रको अन्तिम तथा परिच्छेद पाँच उपसंहारका रूपमा रहेको छ । यस परिच्छेदमा शोध सारांश तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

दीनानाथ शर्माका हालसम्म दर्जनौं कृतिहरू प्रकाशित भएका छन् । नेपालको कम्युनिस्ट आन्दोलन एवं वर्तमान नेपाली राजनीतिका सशक्त नेतासमेत रहेका शर्माको 'तरङ्ग' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रगतिवादका प्रमुख प्रवृत्तिहरू देखिएका छन् ।

सङ्ग्रहको पहिलो कविता 'भनिन्छ कवि' मा कवि व्यक्तित्व स्वतन्त्र निष्पक्ष हुन्छ । उसले आफ्नो कलम दौडाएर विचारको धरातल तयार गर्दै समाजमा रहेका कुरीति, अन्याय, अत्याचार र रूढीवादी परम्पराको विरुद्धमा प्रतिबद्ध भएर लाग्न सबै जनताहरूलाई अपिल गरिएको छ । त्यस्तै 'आगत भुलेको नेता' शीर्षक राखेर लेखिएको यस सङ्ग्रहको अन्तिम कवितामा जनताको राज जनताको अधिकार हाम्रो सरोकार भनी चुनावी मैदानमा गएका नेताहरूले आफ्नो स्वार्थकापछि लागेर जनतामाथि विद्वेषपूर्ण भावना राख्ने गरको र समाज घुसखोरी र तस्करीपूर्ण कार्यहरूले भयवित भएको विसङ्गतपूर्ण राजनैतिक विचलनको विरोध गरिएको छ । यसरी उनको कवितामा पञ्चायती शासन, शोषण, दमन र सामन्तवादी सोचदेखि लिएर वर्तमान समयसम्म हुने गरेका सामाजिक विकृति, विसङ्गति, अन्याय अत्याचारले सर्वहारा उत्पीडित गरिखाने, श्रमिक वर्गमा पर्न गएको असर स्पष्ट पाइन्छन् ।

शर्माका यस कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा तत्कालीन समयदेखि वर्तमान समय सम्मको सामाजिक यथार्थ प्रस्तुति तस्वीर जस्तै छर्लङ्ग देखाइएको छ । समाजमा रहेका शोषक, सामन्ती र पुँजीपतिहरूले श्रमिक, किसान, गरिब र मजदुरहरूलाई गर्ने गरेको शोषण, दमन, अन्याय र अत्याचार स्पष्ट उतारिएको छ र कवि श्रमिक, मजदुर, गरिब र सर्वहारा जनताको पक्षमा उभिएका छन । फटाहा, शोषक र सामन्तको खुलेर विरोध गरेका छन् र उनीहरूको विरुद्धमा एकजुट भएर लाग्न श्रमजीवी वर्गलाई आह्वान गरेका छन् । उनका कतिपय कवितामा परिवर्तनको चाहना र भविष्यप्रति आशा व्यक्त भएको छ । शर्मा आफ्ना कविताहरूमा सर्वहारा, उत्पीडित, दलित, मजदुर र किसानका कित्तामा उभिएका छन् तसर्थ उनले सामन्तवाद र पुँजीवादको अन्त्य भई समतामूलक समाज निर्माण भएको हेर्न चाहन्छन् ।

शर्मालेे गरिब र श्रमिक वर्गलाई हृदयतः माया गर्दछन् । त्यसैले उनले आफ्ना कवितामा मानवीय मूल्य प्रस्तुत गर्दछन् र सौन्दर्यप्रति आस्था राख्छन् । इतिहासको मूल्याङ्कन र भविष्यको दायित्त्वपूर्ण जिम्मेवारी आजका युवावर्गले लिनुपर्ने मत कविको रहेको छ । उनका कवितामा धार्मिक आडम्बर, भाग्यवाद, अन्धविश्वासको विरोध र प्रगतिशील मानवीय चेतनाको सम्मान पाइन्छ । मान्छेले मान्छेलाई मान्छेद्वारा गरिने थिचोमिचो शोषण, दमन र जातीय भेदभाव शर्मालाई मन पर्दैन तसर्थ उनका कविताहरूमा गरिबहरूमाथि गरिने शोषणको खुलेर विरोध गरिएको पाइन्छ । उनका कवितामा भएका यी सबै प्रवृत्तिहरूलाई विश्लेषण गर्दा दीनानाथ शर्मा प्रगतिवादी चिन्तन धारालाई आत्मसाथ गर्दै साहित्य रचना गर्ने एक सशक्त एवं प्रगतिवादी कवि हुन् । उनका कविताहरू प्रगतिवादी चिन्तन परम्परा र मान्यता अनुरूप भएकाले यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू प्रगतिवादी दृष्टिकोणबाट सशक्त देखिन्छन् ।

---

**अनुसन्धानका लागि सम्भावित अन्य शीर्षकहरू** :

क) साहित्यकार दीनानाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन ।

ख) तरङ्ग कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूको सामाजिक अध्ययन ।

ग) सामाजिक यथार्थवादी दृष्टिकोणबाट कुलुङ्गाकी आमा निबन्ध सङ्ग्रहको विश्लेषण ।

घ) बाह्रखरीको बोटमुनि निबन्ध सङ्ग्रहमा प्रगतिवादी चेतना ।

# परिशिष्ट

## शोधनायकसँग सोधिएका केही प्रश्नहरू :

"दीनानाथ शर्माको **'तरङ्ग'** कविता सङ्ग्रहमा प्रगतिवादी चेतना" शीर्षकको शोध लेखनलाई पूर्णता दिने क्रमाङ्क वि.सं. २०७६/०६/२४ गते शोधनायकलाई उनकै जन्मघर अमलाचौरमा भेटि सोधिएका केही प्रश्नहरू यहाँ प्रस्तुत गरिएको छ ?

१. तपाईंको जन्म कहिले भएको हो ?

२. तपाईंको बाल्यकाल कसरी वित्यो ?

३. तपाईंको पारिवारिक आर्थिक स्थिति कस्तो थियो ?

४. तपाईंको शिक्षादीक्षा के कस्तो रह्यो ?

५. तपाईंको वैवाहिक जीवनका बारेका प्रकाश पारिदिनुहोस् ।

६. तपाईंको लेखकीय जीवनको सुरुवात कसरी भयो ?

७. तपाईंलाई साहित्य सिर्जनामा लाग्ने प्रेरणा कसरी प्राप्त भयो ?

८. तपाईंको पहिलो रचना कुन हो ?

९. तपाईंको पहिलो प्रकाशित रचना कुन हो र कहाँबाट प्रकाशित भएको थियो ?

१०. तपाईं कुन कुन साहित्यकार र चिन्तकहरूबाट प्रभावित हुनुहुन्छ ?

११. तपाईंको राजनैतिक जीवन यात्रा के कस्तो रह्यो ?

१२. तपाईंको व्यक्तिगत र साहित्यिक जीवनमा घटेका केही तीता, मीठा अविस्मरणीय क्षणहरू छन् कि ?

१३. तपाईं प्रगतिवादी चिन्तनतर्फ कसरी आकर्षित हुनुभयो ?

१४. तपाईंले प्राप्त गरेका पुरस्कार र सम्मानहरू के के छन ?

१५. तपाईंले कुन कुन देश भ्रमण गर्नु भएको छ ?

१६. राजनीतिक कारणले साहित्य सिर्जनामा के कस्तो प्रभाव पाऱ्यो ?

१७. अन्त्यमा केही भन्नुपर्ने कुरा छुट्यो कि ?

# सन्दर्भसूची


१. अधिकारी, रविलाल (२०५४); "समकालीन प्रगतिशील नेपाली कविताका सन्दर्भमा पोखरा", **साहित्यप्रभा** ।

२. __________ (सम्पा.२०५५); **गोविन्द भट्टका समालोचना,** नेपाल बगर फाउन्डेसन ।

३. __________(२०५६); **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : लेकाली प्रकाशन ।

४. __________(२०५६); **'प्रगतिवादी नेपाली साहित्य'** माछापुच्छ्रे, पोखरा : स्व.वि.यु, पृ.ना.क्याम्पस ।

५. अर्याल, मुरारी (२०४७); **मार्क्सवाद,** काठमाडौँ : स्रष्टा प्रकाशन ।

६. आचार्य, भानुभक्त (२०५८); **भानुभक्तको रामायण,** काठमाण्डौं : साझा प्रकाशन ।

७. खनाल, हरिहर (२०७०); **'मधुपर्क मासिक पत्रिका'**, काठमाण्डौं : गोरखापत्र संस्थान प्रकाशन ।

८. गौतम, देवीप्रसाद (२०४९); **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौँ : श्रीमती मुना गौतम ।

९. जनमत, (२०७५); (**साहित्यिक मासिक पत्रिका**) दीनानाथ शर्मा साहित्यिक विशेषाङ्क-२५०, वर्ष-३५, साउन बनेपा ।

१०. जोशी, कुमारबहादुर, (२०६६); **पाश्चात्य साहित्यका प्रमुख वाद,** ललितपुर : साझा प्रकाशन ।

११. तिमल्सेना, पशुपतिनाथ (२०६४); **प्रगतिवादी कविता मान्यता र प्रवृत्ति,** पोखरा : ओजन बुक्स एण्ड स्टेसन ।

१२. त्रिपाठी, वासुदेव (२०५८); **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग-२), काठमाडौँ : साझा प्रकाशन ।

१३. नेपाल, प्रदिप (२०७०); चैत्र, **मन्तव्य तरङ्ग कविता सङ्ग्रह विमोचन कार्यक्रम** ( सिडी), काठमाण्डौं ।

१४. पराजुली, ठाकुर (२०५६); **नेपाली साहित्यको परिक्रमा,** काठमाडौँ : साझा प्रकाशन ।

१५. पोखेल, भानुभक्त (२०४०); **सिद्धान्त र साहित्य, विराटनगर** : श्याम पुस्तक भण्डार ।

१६. प्रधान, बाबुलाल (सम्पा.२०६२); **रत्न नेपाली शब्दकोश,** काठमाडौं: रत्न पुस्तक भण्डार ।

१७. प्रभात, विष्णु (२०६३); **प्रलेसको सङ्क्षिप्त इतिहास,** काठमाडौं : विवेक सृजनशील प्रकाशन ।

१८. प्रश्रित, मोदनाथ (२०६१); जनकवि केवलपुरे किसान, **नवयुग,** वर्ष १४ अङ्क ९ ।

१९. प्रसाई, गणेशबहादुर (२०४८); **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्य धारा,** काठमाण्डौं: ने.रा.प्र.प. ।

२०. बराल, ऋषिराज (२०४९); **प्रगतिवाद**, विराटनगर : हाम्रो साहित्य सदन ।

२१. भट्टराई, बाबुराम (२०७०); चैत्र **मन्तव्य तरङ्ग कविता सङ्ग्रह विमोचन कार्यक्रम** ( सिडी), काठमाण्डौं ।

२२. भण्डारी, जगदीशचन्द्र (२०५५); **'प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास'** विद्यावारिधि शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

२३. __________(२०५५); **'प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण'** काठमाण्डौं : मुन्नी भण्डार ।

२४. भण्डारी, जगदीश (२०७०); चैत्र, **मन्तव्य तरङ्ग कविता सङ्ग्रह विमोचन कार्यक्रम** ( सिडी), काठमाण्डौं ।

२५. शर्मा, डोलिन्द्रप्रसाद (२०७०); प्रकाशकीय खण्ड, **तरङ्ग** कविता सङ्ग्रह, काठमाण्डौं : समी सम प्रकाशन गृह ।

२६. शर्मा, मोहनराज र कृष्णहरि बराल (२०५९); **भाषा विज्ञान र नेपाली भाषा,** काठमाण्डौं : नवीन प्रकाशन ।

२७. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुँइटेल (२०६१); **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।